CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२५

मर्यादा

२०४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२५

मर्यादा

(पूर्णाङ्क १६, वि. सं. २०४७)

सम्पादक–मण्डल:–

डा. ऋषिराम पोखरेल

डा. दुर्गाप्रसाद दवाड़ी

डा. माधव भट्टराई

सहा.प्रा. भवानीप्रसाद खतिवडा

प्रकाशक:–

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ (क्याम्पस)

काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माच् शास्त्रं प्रमाणन्ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्म कर्तुमिहार्हसि ॥

—भगवद्गीता १६।२४

शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन ॥

-कोमलगीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्यादा र प्रजातन्त्र

'संसरतीति संसारः' अर्थात् सुन्दर, आकर्षक एवं व्यवस्थित रूपले गतिशील भै चलिरहने समयचक्रमा बाँधिएको विश्व ब्रह्माण्डरूपी खेल-मैदान र यस भित्रका चर अचर सबै पात्रको संक्षिप्त एवं साझा नाम संसार हो। यस संसारका चराचर सारा वस्तुले आ-आपना प्रकृति अनुसारका खेलका निम्ति आपनै पाराका मौलिक (अथवा विशेष प्रकारका, स्वाभाविक) नियम र सीमालाई स्वीकारेका हुन्छन्। प्रत्येक व्यक्ति वा वस्तुको आपनो छुट्टै व्यक्तित्व र दर्शन हुन्छ। यिनै आपना आपना नियम, चिन्तन, सीमा वा परिवेशको सामूहिक नाम मर्यादा हो। सनातनी (हिन्दु धर्म र यसका बुद्ध, जैन, सिख आदि सम्प्रदायवादी)-हरूले यो संसारलाई थाम्ने (धान्ने) तत्त्व (धर्म) को मूल नै मर्यादा हो भन्दछन्। प्राचीनता, विशालता र उदारता आदि दृष्टिले विश्वको जेठो धर्म मानिएको हिन्दु धर्मको गरिमालाई परिचित गराउने यस तथ्यलाई विश्वका प्रायः सबै धर्मले पनि प्रकारान्तरले स्वीकार गरेका छन् तर सनातन धर्मले चाँहि शास्त्र र समाज दुबैको मेरुदण्ड मर्यादालाई नै मानेको छ। संसारमा सबैभन्दा पहिले भाषाशास्त्रीय विज्ञानको थालनी गर्ने महर्षि यास्क भन्दछन् -"सीमा=मर्यादा←मर्य+आ+दीव्यन्ति-" अर्थात् जसद्वारा मानव (मर्यः) हरेक तरहले (आ→समन्तात्), गति मति शक्ति कीर्ति आदि सहित प्रकाशमा आउँछन्(दीव्यन्ति) त्यो मर्यादा हो।" यो सबै चर्चाको निष्कर्ष हो -"व्यक्ति व्यक्तिका काम कर्तव्य र अधिकारको लक्ष्मणरेखालाई संसारले 'मर्यादा' भन्ने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त सत्य तथ्यलाई वैदिक तथा यथा सम्भव अन्य धर्मका पनि शास्त्रीय विविधपक्ष र तिनका मर्यादालाई राष्ट्रभाषा नेपालीका माध्यमले पाठकहरू समक्ष करीब २ दशकदेखि पाठ्यसामग्रीका रूपमा प्रस्तुत गर्दै आएको यस 'मर्यादा' पत्रिकाले आफना १९ हिउँद सकेर वसन्तश्री बोकेको बीसौं वर्षमा प्रवेश गर्दछ ।

'मर्यादा' को यो यात्राकालमा विश्वमा कैयौं परिवर्तनका लहर आए । कतै विवादका पर्खालै भत्किए भने कतै सत्ता परिवर्तन भए, कतिपय शोषक र अधिनायकका जरा नै उखेलिए । यी सबै कुरा "मर्यादा" रक्षा कै परिप्रेक्ष्यमा भएका हुन् । किन भने मानिस र पशुमा अन्तर देखाउने तत्त्व धर्म बा मर्यादा नै हो । पूर्वीय विद्वानूहरूले मर्यादाको सामान्य अर्थ मानवीय सीमा हो भनेका छन् भने पश्चिमी विद्वानूहरूले त्यसको व्याख्या गरी मानवीय मर्यादालाई प्रजातन्त्रको नाम दिएका छन् । "जब जब मानवीय मूल्य र मर्यादाको सीमा उल्लङ्घन हुन्छ तब तब कुनै न कुनै मर्यादित व्यक्तित्व अर्थात् त्याग तपस्या एवं आवश्यक परेमा आत्म बलिदान समेत दिन तयारहुने महान् आत्मा किंवा ईश्वरीय बिभूतिले यस धराधाममा अवतार लिएर मानवोचित अधिकार र कर्तव्यको मर्यादा पुनः स्थापित गर्दछ" भन्ने वैदिक सनातन धारणा रहेको छ र विश्वको इतिहासले समेत यस तथ्यलाई प्रमाणित गर्दै आएको छ ।

यस क्रममा हाम्रो देशमा पनि विगत तीन दशकदेखि अपहरण गरिएको मानवीय मर्यादा कि वा प्रजातन्त्रको रक्षा गर्ने त्यागी योद्धाहरू र अन्य सहयोगीहरूको समेत सत्प्रयासले मानवाधिकार अर्थात् मानवीय मर्यादा र मान्यता पुनः प्रतिस्थापित भएको छ । यस शुभ अवसरमा उक्त प्रजातान्त्रिक मूल्य र मान्यता अर्थात् मानवीय मर्यादा पुनः प्राप्त गर्न भएका विगतका संघर्षको अनवरत नेतृत्व गर्ने संगठन एवं व्यक्तित्व र यसमा महत्वपूर्ण योगदान दिने सबै बन्धुहरू प्रति हार्दिक अभिवादन सहित त्यस स्वतन्त्रता संग्राममा वीरगति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदान गर्ने नेपाल आमाका सपूत शहीदहरूमा अगाध श्रद्धापूर्वक भावपूर्ण श्रद्धाञ्जलि प्रकट गर्दै यसरी तीसौं वर्षको तपस्यापछि प्राप्त मानवीय मर्यादा किंवा प्रजातान्त्रिक व्यवस्था हाम्रो देशमा मात्र हैन विश्वभर नै फैलिएर अमर रहोस् भन्ने कामना गर्नु मर्यादा परिवारको आफ्नो मर्यादाको अनुकूल नै हुन आउँदछ ।

जय प्रजातन्त्र !

जय मर्यादा !!

सुभाषित:-

यस्मै देवा: प्रयच्छन्ति पुरुषाय पराभवम् ।
बुद्धि तस्यापकर्षन्ति सोऽवाचीनानि पश्यति ॥१॥
न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं तु रक्षितुमिच्छन्ति सद्बुद्ध्या योजयन्ति तम् ॥२॥

–महाभारत

अर्थ:–

"देवताहरूले गोठालाले झैं लठ्ठी लिएर पहरा दिंदैनन् । किन्तु जसको रक्षा गर्नुछ उसलाई सद्बुद्धि प्रदान गर्दछन् र जसको हार गराउनु छ त्यसको बुद्धि नाश गरिदिन्छन् अनि पतन हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

क्र. सं.	विषय	लेखक	पृष्ठ
१.	नेपालमा वेदको परम्परा	–प्रा. वाल्मीकि शर्मा पौडेल	१–९
२.	चितिरूपा त्रिपुरा	–प्रा. विद्यानाथ उपाध्याय	१०–१४
३.	दीक्षा र पूजाधिकार...	–डा. दुर्गाप्रसाद दवाडी	१५–२८
४.	धर्मको रूपान्तर	–डा. भोजराज पन्त	२९–३२
५.	भुवनकोश-विनोद(क्रमागत)	–सह–प्रा. शम्भुप्रसाद ढकाल	३३–४३
६.	गुरुवरविद्वद्वरश्रीदधिराम	–प्रा. लोकनाथ ढकाल	४४–४७
७.	धर्म–चर्चा	–उप प्रा. श्रीधर पन्त	४८–५२
८.	सत्य र ब्रह्म	–डा. ऋषिराम पोखरेल	५४–६३
९.	वैदिक धर्म चिन्तन...	–डा. माधव भट्टराई	६४–६७
१०.	ईश्वर–चर्चा	–सहा.प्रा. भवानीप्रसाद खतिवडा	६८–७३
११.	श्राद्ध के हो र किन?...	–डा. रामचन्द्र गौतम	७४–८०
१२.	पुस्तक–पुस्तकालय...	–श्री खेमराज ज्ञवाली	८१–८८
१३.	अधिकार–विवेक ..	–प्रा. बुद्धिसागर पराजुली	८९–९१
१४.	सर्वोत्तम रसायन ...	–अग्निहोत्री तीर्थराज आचार्य	९२–९७
१५.	महेन्द्र सं. वि. वि. र वाल्मीकि विद्यापिठ–गतिविधि		९८–१०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा वेदको परम्परा

—वाल्मीकि शर्मा पौडेल

अनादि कालदेखि ईश्वरको श्वास प्रश्वासबाट निःसृत वेदराशिलाई संसारको जेठो धर्म र संस्कृतिको पहिलो ग्रन्थ भनिन्छ । यसलाई निगम, आम्नाय, ब्रह्मवाणी, वा श्रुति पनि भनिन्छ । वेद संस्कृत भाषामा आबद्ध छ । सृष्टिको आदिकालमा यही भाषा प्रचलित थियो । यसैको माध्यमले यौटाको मनको कुरा अर्काले बुझ्दथ्यो । देवता र मानवका अन्तः सम्बन्धको बाहक संस्कृत देवभाषा हो । वेदमन्त्रको प्रादुर्भाव यही माध्यमको द्योतक छ । यही वेदका ऋचा वा मन्त्रले देवता पूजा, स्तुति, उपासना र श्रौतादि यज्ञहरू गरिन्थे । अद्यावधि गरिन्छन् पनि । यसैको अध्ययनले धर्म, अर्थ, काम, मोक्ष यी ४ पुरुषार्थ सिद्ध हुन्छन् भन्ने शास्त्र प्रसिद्धि छ । त्रैवर्णिकले वेदलाई निष्कारण अध्ययन गर्नु भन्ने शास्त्र वचन छ । "त्रैवर्णिकेन निष्कारणः षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च ।" यसरी वेदलाई विनाकारण नित्य अध्ययन गर्ने अनिवार्यता छ । यसैगरी वेदको व्याख्या र सारसर्वस्व महाभारत चाहिं पाँचौं वेद भनिन्छ र यो विशेषतः स्त्रीवर्ग र शूद्रका निम्ति विशेष पठनीय मानिन्छ । वेद अध्ययन गर्दा उदात्त अनुदात्त र स्वरित छुट्याउन हस्तादि चालन गरी शुद्ध अक्षरोच्चारण गर्नुको साथै कण्ठ नै गर्नु पर्छ । मन्त्र कण्ठ भएपछि अर्थ जान्ने इच्छा (जिज्ञासा) हुँदै जान्छ । वेदका मन्त्र र कण्डिका अन्तर्गत घट– पटादि पदहरूको अर्थ जानेको छ तर मन्त्र कण्ठ हुनुको साथसाथै कुन मन्त्रको प्रयोग कहाँ गर्ने भन्ने ज्ञान नभएको खण्डमा त्यस विद्वान्लाई कर्म काण्ड गरिने मण्डपमा पुगेपछि निष्क्रिय भइरहनु पर्ने स्थिति उपस्थित हुन्छ । उदाहरणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति यो प्रसङ्ग लिऊँ । हामी नेपालीको प्रचलनमा आएको अग्नि स्थापना पुस्तक (पद्धति) को शुरूमा कर्मपात्र निर्माण गर्नु भन्ने उल्लेख छ ।

त्यो पात्र निर्माण गर्दा मन्त्र पढेर नै भाँडो बनाउने, अनि भाँडोमा मन्त्रैले पवित्र, कुश, जौ, तिल, अक्षता, चन्दनादि स्थापना गर्नु भन्ने छ, मन्त्रका पदको अर्थ गरेर निर्माण गर्नु भन्ने छैन । मन्त्रको अर्थ ज्ञान गर्न आवश्यक छ, तर अर्थ गरेर कर्म गरिन्न, कर्म गर्न मन्त्र पढनै पर्छ । हुनत यहाँ "कर्मपात्र भनिने पात्र (भाँडा) त टुमौटे आदि शिल्पीद्वारा निर्माणभई सिद्ध भै सकेको छ. त्यहाँ मन्त्र पढेर नयाँ वस्तु के थपियो ?" भन्ने यो शङ्का उत्पन्न हुन्छ, तर उक्त प्रश्नको उत्तर यो छ कि 'सिद्धे मन्त्राः प्रयोक्तव्याः," अर्थात् लौकिक क्रियाबाट सिद्धभई कर्मभूमिमा ल्याइएका वस्तुहरूलाई छोई मन्त्र पढनु, त्यो छोएर मन्त्र पढनाले मन्त्रद्वारा पात्रमा निर्माण र त्यसको अन्तः सम्बन्धगत शुद्धता (संस्कार) बनेको भन्ने विश्वास राखिएको हुन्छ, अर्थात् मन्त्रद्वारा नै त्यसको संस्कार गरी परिष्कार भएको भन्ने पवित्र भावना उत्पन्न हुन्छ । यसै गरी अरू यज्ञपात्रहरू पनि बाह्य लौकिक क्रियाबाट सिद्ध भई ल्याइएका हुन्छन् । तिनीहरूलाई यज्ञ मण्डपमा ल्याई पुनः मन्त्रद्वारा संस्कार गरिन्छन् । यो त मन्त्र कण्ठ गरी प्रयोगकालमा पाठ गर्नु पर्छ भन्ने वारे लघु चर्चा भयो ।

अब वेद कसरी पढ्ने भन्ने बारेमा विचार र चर्चा गरिन्छ । ज्यादै पुरानो समयमा ऋषिमुनिहरू वनमा बस्तथे, तपस्या गर्दथे, अर्थात् उनीहरूको धन नै तपस्या थियो । त्यसैले उनीहरूलाई 'तपोधन" भनिन्थ्यो । उनीहरू विना पुस्तक पढाउँथे, पढ्दथे, अर्थात् शिष्यलाई वेद सुनाउने गर्दथे, शिष्यहरू सुन्दथे । त्यसैले वेदलाई श्रुति भनिएको हो । अनादिकाल वा सृष्टिको सुरूमा यो श्रुति (वेद) को राशि ठूलो थियो । तै पनि त्यो ठूलो (विशाल) वेदराशिलाई एकै व्यक्तिले अध्ययन गरिसक्दद थियो । त्यस्तो साधन र ग्रहणसामर्थ्य थियो । कालान्तरमा समय परिवर्तन हुँदैगयो । वेदको ठूलो राशि यौटै व्यक्तिले पढ्न सक्ने सामर्थ्य कम हुन थाल्यो । त्यही अवसरमा व्यासजी महाराजको प्रादुर्भाव भयो । व्यासजीले विशालकार्य वेदलाई चार भागमा विभाजन गर्नु भयो । ती चारै भागको नाम क्रमैले ऋक १ यजुः २ साम ३ र अथर्व ४ वेद हो । यिनै चार वेदको एकत्रित राशिलाई पहिले यौटैले पढ्दथ्यो । अब यौटा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले मात्र पढी सक्नु पर्ने भार हटेर गयो । चार जनाले एक एक भाग पढे पनि हुने भयो । अब उप्रान्त ऋग् वेद मात्र पढनेले आपनो शिष्य प्रशिष्यलाई ऋग् वेद मात्र पढ्ने पढाउने परम्परा बसेर गयो । तिनी-हरूका शाखा सन्तान ऋग् वेदी अर्थात् ऋग् वेदाध्यायी भनिन थाले । एवम् प्रकारले यजुर्वेदको भागलिनेले आपना चेला प्रचेलालाई यजुर्वेद पढाउँदै गएकोले उनीहरू पनि यजुर्वेदाध्यायी भनिन थाले । यसैगरी सामवेदीका सन्तान सामवेदी र अथर्वका सन्तान अथर्ववेदी बने ।

अब उनै चार वेदका चार प्रकारका वैदिकका सन्तान दर सन्तान-हरू आर्यावर्त खण्डका यत्रतत्र स्थलमा छरिएर बसे । "आर्यावर्तः पुण्य-भूमि मंध्ये विन्ध्यहिमालयोः" अर्थात् विन्ध्याचल पर्वत र हिमालय पर्वतको बीचको भाग पुण्य भूमि भनिन्छ । हाम्रा पुर्खाहरू यसै पावन भूमिमा रहेर वेदाध्ययन, अध्यापन र यज्ञादि कर्मको साथै कृषि पशुपालन आदि गरेर बस्न थाले । आज पनि हामीहरू हिमाल र विन्ध्य-को नाम लिएर त्यसको बीचमा आपनो देश रहेको कुरा धर्म कर्मका संकल्प वाक्यमा पढ्दैछौं ।

त्यो वैदिक समय यस्तो थियो कि सबै जाति आपनो आपनो जाति-धर्ममा रहेर यज्ञादि कर्ममा सबैको सहयोग दिन्थे, वेद, ब्राह्मण, गाई आदिमा श्रद्धा राख्दथे । सर्वत्र वेदध्वनि सुनिने यज्ञको धूवाँको मनोहर सुगन्ध फैलिन्थ्यो । माथिल्लो जातिले तल्लो जातिलाई प्रेम भावले हेर्दथे । तल्लो जातिले माथिल्लो जातिलाई श्रद्धाको दृष्टि राखेर सहयोग दिन्थे । आपसमा झै झगडा भएको थिएन । वर्णाश्रम धर्म राम्रोसंग चल्दथ्यो । सबैले शास्त्र पठेर त्यसको मर्म बुझेका थिए । द्विजन्माहरू वेद पढ्थे । वेदको पढाई गर्दा छात्रहरू १२–१५ जना एक तर्फ र अर्को तर्फ उतिनै (१२–१५ जना) बसी कंठ गरेका वेदका मन्त्र अध्यायको चर्चा गर्दथे । चर्चा भनेको एक मन्त्र यौटा पंक्तिमा बसेकाले भन्ने र अर्को मन्त्र अर्को पंक्तिमा बसेका छात्रले पालै पालो गरी भन्ने परम्परा पनि हो । यसरी पढिने प्रक्रियालाई चर्चा भनिने चलन छ । यो चर्चा सुन्दा शुद्ध उच्चारण मधुर ध्वनि एक हुन्थ्यो । यसरी चर्चा रूपमा समेत वेद ध्वनि हुँदा वन जंगल लहरा पहरा गुञ्जायमान हुन्थे । वेद ध्वनि सुनेर चराचुरुंगी मृग हरू र वनैया हिंसक जन्तुहरू समेत मुग्ध हुन्थे । वसिष्ठ, पराशर र व्यास-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहाँ शुगा पनि वेद पढ्थे । आफ्ना आफ्ना चुच्चा र मुखमा खान चपाउन राखेको दाना घाँस पात पनि चपाउन स्थगित गरी त्यही वेद ध्वनि-श्रवणमा निश्चलभई उन्मुख हुन्थे। यही प्रक्रियाले आर्यावर्त देश पवित्र हुँदै आएको हो ।

कालक्रमले भारतवर्षमा बाहिरबाट वेदविरोधी तत्त्वहरूको प्रवेश हुन थाल्यो । वैदिक पठन पाठन यज्ञयागादि क्रियामा नराम्रो आक्र-मण हुन थाल्यो । तैपनि वैदिकहरूले कुना काप्चा, पहरा, कन्दरा आदिमा यत्रतत्र लुकिछिपि आफ्नो यज्ञयागादि कर्म र वेदाध्ययन जोगाई राखेकै थिए। कालान्तरमा पुनः अहिन्दु तत्व अंग्रेजको प्रवेश भयो। उसैको शासन चल्यो । संस्कृत, विशेषतः वेद पढ्न पढाउन नियन्त्रण भयो । हिन्दुहरूले बाध्य भएर भौतिक चमकदारी अंग्रेजी शासनलाई न्यानो मान्नै पऱ्यो । स्कूल, कलेज, यूनिर्भासिटि खुले । वेद संस्कृत पढाई तर्फ मौखिक परीक्षा हुनुको सट्टा लिखित परीक्षा लिने प्रथा चल्यो । आधुनिक स्कूल खुले खुलाएर प्राचीन गुरुकुल परम्परालाई धराशायी पारियो । लिखित परीक्षाको पद्धतिलाई राजकीय आड दिलाइयो । त्यो लिखित परीक्षा प्रणा-लीले जानेरै पनि वेद कण्ठ गर्नुपर्ने परम्परामा आघात पुऱ्याइयो । यही कुरालाई विवेचना गरी काशीका पण्डितराज राजेश्वर द्राविड आदि जस्ता विद्वान्हरूको सभा र काशी नरेशले दिएको सहयोगबाट १९७७ वैक्रमाब्द-मा काशी रामघाट भन्ने ठाउँमा, सांग वेद विद्यालयको स्थापना भयो । त्यो विद्यालयमा पुरानो परम्पराबाट वेद वेदांग पढाइने उही पुरानो ढाचाले मौखिक परीक्षा लिने प्रथा चल्यो । गणेश दीक्षित भट्ट शु. य. वेदका प्रसिद्ध वैदिक शु. य. वेदका अध्यापक नियुक्त भए । एवं रीत्या ऋक् साम अथर्वका पनि प्रखर विद्वान् वैदिकहरू वेदाध्यापकमा नियुक्त भए । अरू वेदको भन्दा शु. य. वेद कक्षा तर्फ पढाईमा छात्रहरू विशेष अधिक संख्यामा थिए। त्यो विद्यालय स्थापित भएको शुरूआतमा शु. य. वेद सर्वप्रथम धनान्त सम्म पढी स्नातक बन्ने वैदिक छात्रहरू मध्ये हाम्रा देश नेपालका रमाकान्त, गंगादत्त, हीरालाल आदि व्यक्तिहरूको नाम उल्लेख-नीय थियो। उक्त छात्रहरूले संहिता, पद, क्रम, जटा र घन सामूहिक स्वरमा उच्चारण गरेको सुन्दा श्रोताहरू चकित र तल्लीन (अनन्यमनस्क) भएका देखिन्थे । एवं रीतले त्यो विद्यालयमा अरू ऋक् साम अथर्वको पढाइ पनि सुचारू रूपले चलेको थियो । अझै पनि चलेकै देखिन्छ । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुरूको जस्तो आजभोलि छात्राभावले पढाइ चमकेको देखिन्न। जुन समयमा त्यो सांग वेद विद्यालयको स्थापना भएको हो, त्यसताका काशीमा सो विद्यालय बाहेक अरू अरू टोल महल्लामा स्वतन्त्र (प्राइभेट) रूपमा आ-आपना घरमा र मठमन्दिरमा पनि वेद ध्वनि सुनिन्थ्यो। वेद पढेको पढाएको देखिन्थ्यो सुनिन्थ्यो।

प्रस्तुत पंक्तिका लेखकले पनि १९९० वैक्रमाब्द देखि १९९४ तक त्यही साङ्ग वेद विद्यालयमा शु. य. वेदको संहिता कंठ गरी पद, क्रमको गुरुमुखबाट श्रवण गरी जटा घनको पनि केही ज्ञान हासिल गरेको हो। तर अरू ऋक्, अथर्वहरूको अध्ययन गर्न अनुकूल नपरेकोले १९९४ वैक्रमाब्दको अन्त्यतिर काशीबाट नेपालमा आई राजकीय संस्कृत प्रधानपाठशाला रानीपोखरीका प्रधानाध्यापक हेड पं. सोमनाथ गुरुका सन्निधिमा आइपुगेको हो। उक्त आदरणीय सिग्द्याल गुरुमा आपनो नाम र पढाईको परिचय बिन्ति चढाइयो। गुरुबाट लेखकको कुरा सुनाइ भएपछि प्रसन्नमुद्रामा लेखकबाट वेद सुन्ने इच्छागर्न् भो। सो इच्छा अनुसार दाक्षिणात्य शैलीमा वेद सुनाई सकेपछि गुरु ज्यादै साश्चर्य एवं प्रसन्न र आनन्दित बन्नु भयो। त्यसरी वेदभक्त गुरुलाई वेदध्वनि सुनाई प्रसन्नपार्न सकेकोमा आफूलाई अहोभाग्य संझने अवसर प्राप्त भयो। अनि गुरुले अरू गुरुवर्ग र छात्रहरूलाई एकत्रित गराई वेद ध्वनिको प्रशंसा गरिदिनु भयो। पुनरपि एकपटक अरू गुरु र छात्रवर्गको बीच वेद ध्वनि सुनाउन आग्रह भएकोले लेखकबाट सुनाइयो। सबै जना हर्षित र प्रफुल्लित भए। त्यसै बीचमा सिग्द्याल गुरु भन्नु हुन्थ्यो रे – "मलाई दाक्षिणात्य शैलीमा वेद ध्वनि मन पर्छ।" त्यस शैलीमा शु. य. वेद कण्ठ गरेको छात्र काशीबाट आएको छ। त्यसलाई उमकाउन भएन। व्याकरण, काव्य, कोश पढ्न ३ धारा छात्रवासमा भर्ना गरिदिनु परेकोछ, अनि वेदैमा आचार्य दिलाउनु पर्‍यो। शु. य वेदमा दाक्षिणात्य शैली भएका छात्र यहाँ त्यसबेला सम्म हामीकहाँ कोही पनि रहेनछन्। यहाँका प्रसिद्ध गंगानाथ वैदिक थिए। उनको पनि स्वर अर्कै ढंगको लेग्रो तानेर पढ्ने पढाउने थियो। उनका चेलाको वेदको शैली पनि त्यस्तै छ। निज गंगानाथलाई वेद त कण्ठ छ तर के गर्नु शैली राम्रो छैन। अर्का श्रीरङ्ग पण्डिसको पनि गौड सम्प्रदाको छ। त्यस्तै आदित्यनाथ वैदिकको वेद ध्वनि कुन सम्प्रदायको हो उनै जानुन्। वहाँ गुरु आज्ञा हुन्थ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रे · यहाँ नेपाली वैदिक जे जति छन् तिनीहरूको वेद ध्वनि दरबारिया राणाका कुनै कुनै परिवारहरूलाई मन पर्छ । वाहाँ भन्नु हुन्थ्यो रे शु. य. वेदको यो हालत छ भने अरू ऋक् साम अथर्वको पढाइ देखिएको छैन, सो पढाउने प्रबन्ध हुनु पर्ने थियो, तर कसरि गराउने ? उक्त ऋक्, साम, अथर्वका सूत्र मात्र पढेका कुनै कुनै वैदिक छन्, तिनैद्वारा लक्ष-होम कोटि होम आदि मण्डपमा काम चलिरहेको छ ।" भन्नु हुन्थ्यो रे ।

निज सिग्द्याल गुरुले नेपालमा स्वतन्त्र वेद मात्र अध्यापनको लागि २०१६ साल वैक्रमाब्दमा श्री ५ महेन्द्र वीर विक्रम शाहबाट लगाइ-बक्सेको कोटि होममा (आफू आचार्य हुनुहुन्थ्यो) बिन्ती चढाउनु भयो । तदनुसार सरकारबाट त्यसको लागि स्वीकृति बक्स्यो । तदनुसार नै पशु-पति वनकालीमा "वेद विद्याश्रम" हाल स्थापित भई पढाइ चलेको छ । वहाँ निज गुरु स्वयं वैदिक नभए तापनि वेदप्रति वाहाँको भक्ति श्रद्धा विश्वास कति थियो भन्ने बारेमा "पण्डितराज सोमको जीवनी" भन्ने लेख (१) लेखी दिइएको छ, छापिएको छैन होला ।

अब यो कुरा स्पष्ट पार्नु मुनासीब होला कि हाम्रो नेपालमा अरू वेदको संहिता समग्र पढाइ नभएता पनि शु. य. वेदको पढाइ छुटेको छैन, त्यो कारण यो छ कि उत्तर भारत र नेपालमा सोम यागको प्रच-लन पुरानो समयमा ज्यादै थियो रे । सोम यागमा मुख्य काम अध्वर्युको-हो, सो आध्वर्यवक्रिया शु. य. वेदीले गर्नुपर्छ अर्थात् प्रधान कर्म अध्व-र्युले गर्नुपर्छ । त्यसमा अरू वेदको गौणरूपले सहयोग हुन्छ । त्यस-कारण शु. य. वेदलाई आध्वर्यव वेद पनि भनिन्छ । त्यहि सोमयागमा प्रधान कर्म गर्न गराउन शु. य. वेद धेरैजसोले पढ्न थालेका हुन् रे । त्य-सैले होला नेपालीमा कर्मकाण्ड गराउँदा संकल्पमा प्रायः 'शुक्ल यजुर्वेदाध्यायी' भन्ने चलन छ । ऋग्वेदाध्यायी सामवेदाध्यायी वा अथर्ववेदाध्यायी भनि-एको प्रायः सुनिन्न तापनि केही कुमाईहरू सामवेदाध्यायी बाहेक अरू देखिन्नन् पनि । केवल दक्षिण भारततिरका कर्मकाण्डको सङ्कल्पमा अहं साम वेदाध्यायी, अहं अथर्व वेदाध्यायी अहं ऋग्वेदाध्यायी भन्ने कर्ता पाइन्छन् । यस कारण अरू वेदको अध्ययन अध्यापन दक्षिण भारत तिर नै प्रायः देखिन्छ । पण्डितराज सिग्द्याल गुरुले मनपराइने दाक्षिणात्य

---

(१) यही होममा गुरुलाई पण्डितराज पदवी प्राप्त भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शैलीको वेदध्वनिको नेपालमा प्रचलन नभए पनि यहाँ अघिदेखि प्रचलनमा आएको वेदध्वनि त छँदै थियो, अद्यावधि छ पनि। त्यसकारण नेपालमा वैदिक थिएनन् छैनन् भन्न मिल्दैन। वर्तमान समयभन्दा अघि पहाड पर्वततिर जो जानेको आफ्नो शैलीमा ब्राह्मणहरू प्रातः नित्य पाठ गर्दथे। एक अध्याय वा दुई अध्याय वेद पाठ नगरिकन भोजन नै नगर्ने ब्राह्मणहरू देखिन्थे अनि सुनिन्थे पनि। तर के भने कुनै ठाउँमा हस्तस्वर गरी पाठ गर्थे भने कुनै ठाउँमा हस्तस्वर नगरी पाठ गर्थे। एवं रीतले कहिं शुद्धपाठ गर्थे कहिं अशुद्ध पाठ पनि कसैले गर्दथे, गर्दै पनि होलान्। त्यसकारण नेपालमा वैदिक थिएनन् वा छैनन् भन्न मिल्दैन।

यसरी नै पूर्वाञ्चल दिङलामा षडानन्द ब्रह्मचारीले उहिल्यै वेदैका लागि जीवन समर्पित गरे। वेदपाठशाला रखाए। वेदका लागि हजारौं विघा जमीन चन्दागर्ट जोडे। वेदको लागि गुठी राखे भन्ने आदि समेत सुनिएको छ। अब कुनै विद्वान्ले त्यहांको वेदाध्यायन परम्परावारे पनि लेखिनु पर्ने भएको छ। एवं रीतले मध्यपश्चिमाञ्चल स्वर्गद्वारीको लेकमा पनि महाप्रभुका प्रभावले अखण्ड वेदपाठ र यज्ञहरू गरिन्छन्। देवघाट (देवघट्ट) मा पनि गलेश्वर बाबाले चलाएको पाठशाला थियो। हालसम्म पनि छँदैछ। त्यस पवित्रतीर्थ देवघाटमा उक्त बाबाका सन्निधिमा वेद पढाउन कुनै दिन यो लेखकलाई पनि मौका मिलेकोले एक महिना सम्म लेखकले पढाएको हो, वस्तुतः यही देशको दमौलीमा जन्मेर व्यासले वेदको भाग छुट्याइ ४ थरी शिष्यलाई वेद पढाएको तथ्य यहाँ ताजै छ।

यसरी जुन रूपमा होस्, जसरी होस् हाम्रो नेपाल देश वेदले भिजेको छ। ओतप्रोत छ। नेपाल आमाका छोरा वेद व्यासको आशिर्वाद प्राप्त हुँदै आएको छ। व्यासका तपस्याको प्रभाव र परम्परा चल्दै रहेको छ। त्यति मात्र होइन, यहाँ नेपालमा लौकिक व्यवहार र कर्मकाण्डका व्यवहारमा पनि वेद र यज्ञको सङ्गति मिलेको देखिन्छ। उदाहरणको निम्ति केही कुराको चर्चा गरौं।

---

(१) सो लेख यसै विद्यापीठका भू० पू० प्राचार्य शिवहरि भरहट्टाजोसँग छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी नेपालीका प्रचलनमा आएका विवाह, व्रतबन्ध रुद्री कोटि-होम, लक्षहोम र श्राद्धादि पैतृक कर्मका लागि साललप्क्षको पात गाँसिने चलन छ। त्यो पात गाँसदा युवती वृद्धा जो सुकैले पनि चार कुने 'टपरी' नामक पात्र र बाटुलो बोहोता नामक पात्रहरू बनाउँछन्। ती पात्र पुरानै जमाना देखि चली आएका छन्। आधुनिक कल्पना होइन। पुराना पुराना ऋषिकल्प तपोनिष्ठ ब्राह्मण बाजेहरूले आफ्नी सहगामिनी-हरूलाई जे आदेश र संकेत गरेका थिए त्यही परम्परा नयाँ नयाँ पीँढिका युवती नानीमा पनि सर्दै आयो। आधुनिक मानिसहरू पनि त्यसै रीतले गाँस्तछन्। तर ती नयाँ नानीहरूलाई थाहा छैन कि – किन यसरि गाँसियो पात ? र किन कसरी के प्रयोजनको लागि गासियो भन्ने पत्तो होश्रोइन। यसमा यो प्रयोजन छ कि जो द्विगुणित (दुहुनो) याने चार कुने आकृति बाला जो पात्र हो त्यो यज्ञको प्रणीतापात्र हो। त्यसले के जनाउँछ भने हरेक कर्महरूमा यज्ञकै संज्ञना होस् यज्ञपात्रहरू घुसेर पैतृक कर्म भएपनि यज्ञको सज्ञना गराओस्। ब्राह्मण भोजनमा पनि त्यही (दुहुनोमा) खाद्य पेय आदि पदार्थ स्थापित गरिदिन्छन्। किन भने ब्राह्मणभोजन पनि यज्ञ हो। ब्रह्मुखबाट उत्पन्न ब्राह्मणको मुखमा अग्नि हुन्छ, पायसादि खाद्य पदार्थले त्यो अग्निलाई तृप्ति गराइन्छ। त्यसहेतु त्यो प्रणीतापात्रको प्रतिनिधि रूप, दुनो नामका, पात्रले ब्राह्मणको मुखमा रहेको अग्निमा संस्काररूप सहयोग गरोस्। यो भयो प्रणीतापात्र सहित चारकुने पात्रको आशय। अर्को वृत्ताकार (बाटुलो) बोहोतो जो पात्र गासिन्छ त्यो हो प्रोक्षणीपात्र। त्यसले पनि जुनसुकै कर्म गरे तापनि यज्ञकै संज्ञना गराउँछ। अर्को पात्र "टपरी" भनिन्छ। जसलाई चमसपात्र बनाइन्छ, त्यो टपरीमा पायस, ओदन आदि राखेर दिइन्छ: ती ओद-नादि खाद्य वस्तुले ब्राह्मणको मुखमा रहेको अग्नि देवतालाई तृप्त पार्ने पात्र हो भन्ने संज्ञाउँछ।

यसरी नेपाली स्त्री जातिले यज्ञको स्मरण गराउदै पातका पात्र-हरू तयार पार्दछन्। यसरी अल्पज्ञ युवती नारीहरूबाट पात्र तयार गरिन्छ भने सोम यज्ञ र वेदको सज्ञना स्त्रीजातिबाट किन भएन त ? हाम्रो नेपाल बाहिरका नेपाली स्त्री बाहेक अरू भारतीय स्त्रीजातिले त्यो कला जानेको देखिन्न। तर हाम्रो नेपालमा त पात गाँस्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्पराजाई बडो गौरवमय परम्परा हो भनी किन नभन्नु ।

अर्को कुरा नेपालीले वैदिक परम्परालाई तोड्न सक्दैन त्यसकारण नेपाली जनता वैदिक परम्परामा मुछिएको छ । वैदिक परम्परामा मुछिने जनताले राजामा श्रद्धा राख्दछ । यसै गरी हाम्रो देशमा प्रजातान्त्रिक जनरूचि अनुसार चलेको अनगिन्ति मठ मन्दिर छन्, अनगिन्ति तीर्थहरू छन् । ती सबै वेद संगत छन् ।

जति सुकै नास्तिक मानिस कुनै नेपाली पनि अन्त्य कालमा मर्ने बेलामा कष्ट हुन थाले पछि, हे ईश्वर ? हे नारायण ? हे राम ? आदिशब्द मुखबाट झुक्एिर भए पनि निकालीहाल्छ । यी देवताका नाम झुक्किएर भए पनि लिनुले नै नेपालीको वेदसित ज्यादै सम्बन्ध छ भन्ने बुझिन्छ । अरू सेना पल्टन तर्फ हेरौं, त्यहाँ पनि दुर्गा देवीको मन्दिर बनाई मूर्ति स्थापना गरी दुर्गा भवानीको पूजा उपासना गर्दछन् । जुन उपासनाले भगवती प्रसन्न भै पल्टन्को, देशको, नरेशको र जनताको हित होस् भन्ने आशा राखिएको हुन्छ । यो पनि वेदसित सम्बन्धित कुरा हो । एवं रीत्या यज्ञहोमका लागि ठाउँ ठाउँमा, महात्मा बाबाहरू पनि यज्ञ कुण्ड बनाई होम चलाउछन्, यो पनि वैदिक व्यवहार हो, अर्को कुरा काठमाडौं, ठमेल टोलमा तीर्थराज आचार्य ज्यूकहाँ हाल श्रौत यज्ञशाला नै छ । वहाँ यजमान बनी अग्निहोम र दर्शपूर्णमास इष्टि चलाइरहनु भएकै छ । एवं पशुपति क्षेत्रमा पनि पं० नारायणजी को र अर्का गणेश अहिले निजकै भाई (रामप्रसाद) गौतमजीको घरमा समेत दर्शपूर्णमास यागहुन्छ र यी यागहरू त वेदसित साक्षात् सम्बन्धित हुन् । एवं पशुपति नाथमा पनि वैदिक विधि मन्त्र र तान्त्रिक विधिमन्त्रले पूजा हुन्छ । यसै गरी देवीहरूका पीठमा पनि जो पूजापाठ हुन्छन् ती पनि वेद बाह्य छैनन् । कुनै मान्त्रिक र कतै तान्त्रिक पूजा पद्धति हुँदैछन् । यसरी नेपालमा वैदिक परम्पराको थालनी अगाडि देखिनै चलेको हो र यहाँका कण कणलाई वैदिक संस्कार र मान्यता मर्यादाले ओत प्रोत गरेको देखिन्छ ।

भद्रमस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चितिरूपा–त्रिपुरा–

–प्रा० विद्यानाथ उपाध्याय

ॐ नमः कारणानन्दरूपिणी परचिन्मयी ।
विराजते जगच्चित्रचित्रदर्पणरूपिणी ।।
जयत्येषा परा श्रीमत्त्रिपुरा सर्वसाक्षिणी ।
या सेवकानुध्दरति संसृतेर्गुरुरूपिणी ।।

तेश्रो महाविद्या षोडशी, जसको वास्तवमा नाम पनि छैन रूप पनि छैन, तैपनि साधकहरू जसलाई त्रिपुरा, त्रिकूटा, राजराजेश्वरी र त्रिपुरमहासुन्दरीका नामले सगुण रूपमा उपासना गर्दछन्, वस्तुतः यिनी संपूर्ण जगतमा चैतन्य रूपले विराजमान छिन् । यिनै संपूर्ण जगतको अविशेष कारण परमानन्द हुन् । स्वच्छ ऐनामा कुनै वस्तुको प्रतिबिम्ब झल्के जस्तै यिनैमा यो चराचर विश्व प्रतिविम्बित छ । यिनै संपूर्ण कर्मका साक्षी हुन् । यिनै स्वयं परम गुरु बनेर आत्मज्ञानका माध्यमबाट प्राणीहरूलाई संसारको भुमरीबाट उध्दार गर्दछिन् ।)

यसैले मार्कण्डेय पुराण अन्तर्गको सप्तशती भन्दछ—

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।
चितिरूपेण या कृत्स्नमेतद्व्याप्य स्थिता जगत् ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।

स्वयं ज्ञान पनि यिनै र ज्ञानवान् आत्मा पनि यिनै । यसैले तात्त्विक दृष्टिले हेर्दा ज्ञान र ज्ञानवान्मा कत्ति फरक छैन । अज्ञ भनौं ज्ञान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानवान् जस्तै ज्ञेय पनि तिनीहरूभन्दा अलग्ग छैन। अर्थात् त्रिपुरा भगवती स्वयं ज्ञानस्वरूपा हुन्, ज्ञानवान् पनि हुन् र ज्ञेय पनि हुन्। यिनैमा पुगेपछि मात्र ज्ञान, ज्ञाता र ज्ञेयको त्रिपुटी बिलाएर जान्छ। यसैले यिनै स्वयं त्रिपुरा भनिन्छिन्।

हामी यो संसार हेर्छौं र भन्छौं अहा! कति सुन्दर!! शक्ति, धन परिवार जोडेर तिनीहरूको भोगमा चुर्लुम्म डुबेर ठान्छौं, अहा! कति आनन्द!! के यो वस्तुतः सौन्दर्य हो? आनन्द हो? हो भने के यो शाश्वत् छ? सनातन छ? प्रश्न सरल छ, तर उत्तर अत्यन्त कठीन।

एउटा राजा थिए मुक्ताचूड। उनका दुइ छोरा थिए। हेमचूड र मणिचूड। एक दिन शिकार खेल्न जाँदा जङ्गलमा हेमचूड यौटी अत्यन्त सुन्दरी युवतिलाई देख्तछन्। ती थिइन् हेमलेखा। राजा सुषेण र विद्युत्प्रभा विद्याधरीका एकान्त प्रेमको प्रतिफल। उनको पालन पोषण भएको थियो महर्षि व्याघ्रपादबाट। हेमचूड र हेमलेखा परस्परमा आसक्त हुन्छन्। उनीहरूको विवाह हुन्छ। हेमचूड राजाका छोरा – भोगै भोगमा डुब्न चाहन्छन्। हेमलेखा एउटा तपस्वीका आश्रमा सात्विक वातावरणमा हुर्केकी कन्या भोगबाट हट्न चाहन्छिन्। लोग्नेलाई हेमलेखा सम्झाउँछिन् भोग सुख होइन, आनन्द होइन, यो शाश्वत् छैन। अर्थात् भ्रम मात्र हो। सुख र आनन्दको मृगमरीचिका हो।

यहीं निरै अर्को आख्यानले जन्म लिन्छ। एउटा सेठको छोरो– अत्यन्त सुन्दर। उसको विवाह हुन्छ अत्यन्त सुन्दरी कन्यासंग। तर बिडम्बना ती सेठकी पत्नी आफ्ना पतिसंग संतुष्ट नभएर आफ्ना नोकरसंग आसक्त हुन्छिन्। सेठको छोरोले केही दिन त थाहा पाउँदैन। आफ्नी पत्नीसंग अत्यन्त स्नेह गर्दछ। उसको शारीरिक सौन्दर्य देखेर मुग्ध हुन्छ। आफूलाई भाग्यमानी संझिन्छ। पछि रहस्य खुल्छ। आफ्नी अत्यन्त सुन्दर पत्नी अत्यन्त कुरूप नोकर प्रति आसक्त भएको देखेर उसमा वैराग्यको उदय हुन्छ। उ सोच्दछ–

के हो सौन्दर्य? के हो आनन्द? के हुन् सुख र दुःख? यस प्रश्नको उत्तर आफ्नै जीवनका घटनाहरू आफ्नै अनुभवहरूबाट खोज्न चाहन्छ। यहीं फेरि पूर्व प्रसङ्ग जोडिन्छ – हेमचूड र हेमलेखाको। हेमलेखा आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिसग तिनी प्रश्न सोध्दछिन् । कहाँ छ सौन्दर्य ? यदि रूपमा छ भने किन सेठको छोरो अज्ञानवश ३ कुरूप सेविकाको प्रेममा विह्वल भएको ? किन उसकी सुन्दरी पत्नी आफ्नो सुन्दर पतिलाई छोडेर कुरूप सेवकप्रति आसक्त र उसबाट सन्तुष्ट भएको ?

कहाँ छ आनन्द ? के भोगमा छ ? यही हो भने सेठको छोरोका निमित्त उसकी आफ्नी पत्नी र सेविकासंगको प्रेम भोगमा के को फरक ? फेरी सेवकप्रति आफ्नी पत्नी आसक्त भएको देखेर उसमा वैराग्यको उदय किन भयो त ? के तपाइ (हेमचूड म, हेमलेखाको यसै सौन्दर्यबाट त्यही आनन्द पाउन खोज्नु हुन्छ ? हेमलेखा आफैं प्रश्न उठाएर आफैं समाधान पनि गर्छिन्–

तात्विक दृष्टिले हेर्दा सौन्दर्य र आनन्द वस्तुत: एउटै वस्तुमा छ, अनेकमा होइन । वस्तुत: जहाँ सुन्दरता छ त्यहीं आनन्द पनि छ । सौन्दर्य शरीरमा छैन, बाहिर देखिने यस विश्वमा पनि छैन । सौन्दर्य छ केवल चैतन्यतत्त्वमा । जो स्वयं चेतन छैन, जड छ त्यो त मुर्दा, हो त्यसमा कहाँ सौन्दर्य हुनु ! जहाँ चैतन्य छैन त्यसको संसर्गले आनन्द पनि कसरी पाउनु ! यस संसारमा कहीं यदि हामी सौन्दर्य पाउँछौं भने, कहीं आनन्द पाउँछौं भने, नियालेर हेरौं । कीचन्तन गरौं त्यसको अन्तरतम तहमा चैतन्यतत्त्व विराजमान भएको हामी पाउँदछौं । यसकारण चैतन्यतत्त्व नै सत्य हो, शिव हो, सुन्दर हो, परमानन्द हो–

यही तत्त्व त्रिपुरातत्त्व हो, यिनै परमेश्वरी त्रिपुरमहासुन्दरी हुन् ।

चितिरूपा महासत्त्वा साम्राज्ञी परमेश्वरी ।
त्रिपुरा भासते यस्यामविचित्रं विचित्रवत् ।।

त्रिपुरा नै चित्शक्ति हुन् । जब यिनी आफ्नै स्वतन्त्रताले, आफ्नै इच्छाले विश्वमा चैतन्यको प्रसार गर्न उन्मुख हुन्छिन् । त्यसबेला यिनलाई ईश्वरका नामले दार्शनिकहरू चिन्तन गर्दछन् । यिनै त्रिपुरा भूत, वर्तमान र भविष्यत्‌मा एवं जाग्रत स्वप्न र सुषुप्तिमा असीमित रूपले निरन्तर रूपमा रहिरहन्छिन् । यसैले यिनी महासत्ता पनि हुन् । यिनी परम स्वतन्त्र छिन्। कसैको अधीनमा यिनी कहिल्यै पनि रहेकी छैनन्, यसैले यिनलाई साम्राज्ञी भन्दछन् । अनुत्तर ऐश्वर्य जसदेखि पर कुनै ऐश्वर्य छैन त्यस्ती यिनी छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा यिनै त्रिपुरा परमेश्वरी हुन्। यिनै सामान्य रूपले सर्वत्र, सर्वदा भासित हुन्छिन्। यहाँ कुनै वास्तविक भिन्नता छैन, एकरूपता छ, एक रस छ। तैपनि संसारको प्रत्येक वस्तु मोहले गर्दा, अज्ञानताले गर्दा भिन्न भिन्न रूपमा देखिन्छ, व्यवहारमा आउँछ। अज्ञानीले भिन्नता देख्दछ, ज्ञानीले अभेद। अज्ञानीले विश्व प्रपञ्च देख्दछ, ज्ञानीले एउटै चैतन्य शक्ति।

एउटा वस्तुलाई अर्को वस्तुबाट छुट्याउने र एउटालाई अर्कोबाट सीमित गर्ने तत्त्व दुइवटा मात्र छन् – ती हुन् देश र काल। जुन वस्तु यहाँ छ, त्यो अर्को ठाउँमा हुँदैन, त्यसै गरी अन्यत्र भएको वस्तु यहाँ हुँदैन। यसरी एउटा वस्तुलाई अर्को वस्तुलाई सीमित गराउँदछ, छुट्याउँदछ देशले अर्थात् स्थान विशेषले। यस्तै गरी हिजो जुन वस्तु हामी संग थियो, त्यो आज छैन, आज भएको वस्तु फेरी भोली हुँदैन, (अझ दार्शनिकहरू त हाम्रो शरीरलाई छिन् छिन्मा परिवर्तित भइ रहेको छ भन्दछन्। यसरी देशले वस्तुहरूलाई सीमित गरे जस्तै कालले अर्थात् समयले पनि वस्तुहरूलाई एक अर्काबाट सीमित र पृथक् गर्दछ।).

तर यहाँ चैतन्य एउटै तत्त्व हो – शाश्वत् र सनातन तत्त्व। त्यो यहाँ पनि छ अन्यत्र पनि। हिजो पनि थियो, आज पनि छ, भोली पनि अवश्य रहन्छ। यसमा कुनै परिच्छेद छैन, सीमा छैन, पार्थक्य छैन। यसैले त यो 'सत्' पनि हो सदा सर्वदा अपरिच्छिन्न असीमित र एकरस भावमा रहने तत्त्व। यही त्रिपुरा तत्त्व हो। यिनै त्रिपुर महासुन्दरी भगवती हुन्।

अँध्यारो कोठामा कुनै सामान खोज्न जानु पर्‍यो भने हामी बत्ती बाल्दछौं। यसैले सबै कुरा देखिन्छ। तर बत्ती खोज्न अर्को बत्तीको आवश्यकता पर्छ र? चैतन्य भए जड पदार्थ पनि प्रकाशित हुन्छन्, चैतन्य नभए कुनै पनि वस्तु प्रकाशित हुँदैन। अंधकारमा रहेका वस्तुहरू जति सुन्दर र अमूल्य हुन् तिनको मूल्यांकन त्यसबेला मात्र गर्न सकिन्छ जब हामी संग 'प्रकाश' हुन्छ। यही चैतन्य हो, चिति हो, त्रिपुरा तत्त्व हो।

सृष्टि हुनु भन्दा अगि यही तत्त्व थियो–चिति तत्त्व। यो स्वयंमा पूर्ण स्वतन्त्र थियो। यही उसको स्वतन्त्रतालाई संकल्प अझ बृहत संकल्प भन्नु पर्दछ। यसैबाट ऐनामा यो समस्त चराचर जगत् पूर्ण ब्रह्मणमा अखण्डरूपमा प्रतिविम्वित र भासमान हुन्छ। हामी आफ्नै अन्तर्गत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै चितिमा आफैमा प्रतिबिम्वित भएको आफैले देखेर आफै मुग्ध र आनन्दित हुन्छौं । यो बुझ्ने प्रत्येक प्राणीलाई कहिल्यै नष्ट नहुने आनन्दको अनुभूति हुन्छ ।)

देवतामा पनि हेरौं – ब्रह्मा चारमुख भएका, विष्णुका पेटबाट निस्केको कमलमा विराजमान, सृष्टिकर्ता, बिष्णु – शेषशायी, शंख चक्र गदा पद्म लिएका चतुर्बाहु – पालन कर्ता । शिव जटाजूटधारी, त्रिशूल र डमरू लिएका, सर्पका गहना लगाएका – संहारकारी । तीनै जना स्वरूपले कर्मले र स्वभावले वेग्ला बेग्लै । तर के यो वास्तविक दृष्टि हो त ? होइन, यो त वाहिरी स्थूल दृष्टि सम्म हो। स्थूल देह, स्थूल प्रपञ्च, सगुण विग्रहलाई हेर्दा यो सत्य देखिन्छ तापनि यसभित्र तीनैवटा समान रूपले विराजमान एउटै तत्त्व छ – चिति तत्त्व । यदी निष्फल र निर्गुण रूप हो । यसैको उपासना योगीहरू पनि नित्य गर्ने गर्दछन् । यसै उपासना बाट परम श्रेय प्राप्त हुन्छ । दुःख नष्ट हुन्छ । संसारको बन्धन काटिन्छ । परम आनन्द पाइन्छ । दुःख दुइ प्रकारका छन्–बाहिरी र भित्री । बाहिरी दुःख शारीरिक र भित्री मानसिक । यिनीहरूको निवृत्ति नै सुख हो। यहीं आनन्द छ । आनन्द नै सौन्दर्य हो । – तर दुःखको निवृत्ति वास्तविक हुनुपर्दछ, भोगबाट भएको सुखले र मनको क्षुद्र इच्छापूर्ण हुंदाको सुखले दुःखको वास्तविक निवृत्ति हुंदैन यो त सुखको भ्रम मात्र हो । यस भ्रमको निराकरण फेरी दुःख बढेर आएपछि मात्र हुन्छ । वास्तविक दुःख निवृत्त त त्रिपुटीको निवृत्ति बाट हुन्छ – ज्ञान, ज्ञेय र ज्ञाताको भाव हराए पछि, यो त्रिपुरा तत्त्वको ज्ञान भएपछि, चिति तत्त्वको बोध भए-पछि मात्र संभव छ । त्यहीं सौन्दर्य छ । त्यहीं आनन्द छ । अखण्ड आनन्द नित्य र शाश्वता ब्रह्मानन्द यति भनेर हेमलेखा फेरि पति हेमचूडसँग सोध्दछिन् – प्रिय अब के मेरो यो शरीर, यो रूप, वस्तुतः सुन्दर छ त ? के यसैको भोगमा वास्तविक आनन्द छ त ? कहां छ सौन्दर्य ? कहाँ छ आनन्द ?

हेमचूड समाधिस्थ हुन्छन् । उनको अन्तश्चक्षु खुल्दछ । अत्यन्त सुन्दर, परम आनन्दमय चिन्मय प्रकाशको उनलाई दर्शन हुन्छ ।

ॐ तत्सत्

अतिमधुर चापहस्ता मपरिमितमोदवाणसौभाग्याम् ।
अरुणामतिशयक रुणामभिनवकुलसुन्दरीं वन्दे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीहरिः

दीक्षा र पूजाधिकार विचार

– सह प्रा. डा. दुर्गाप्रसाद दवाडी

मुख्यतः दीक्षा दुई प्रकारको मान्न सकिन्छ – वैदिक र तान्त्रिक। वैदिक दीक्षा सोमयागादि वैदिक यज्ञहरूमा मात्रै हुन्छ। त्यस्ता वैदिक यागमा केही अपवादलाई छोडेर शूद्रतकको अधिकारको उल्लेखै न भएको र त्यसमा प्रतिलोमजहरूको तथा सङ्कर जात्युत्पन्नको सर्वथा अधिकार नै प्राप्त नभएकोले म्लेच्छादि पतितजातिभन्दा पनि निकृष्ट तहको जातिमा उत्पन्न भएकाको वैदिक दीक्षा हुन सक्छ भन्ने कुरा आउँदै आउँदैन।

तान्त्रिकी दीक्षा त तत्तत्तन्त्रशास्त्रका अधिकारी विद्वान्हरूले स्व स्व सम्प्रदायानुसार स्वस्व शिष्यहरूलाई प्रदान गरिन्छ र त्यस गृहीत दीक्षाले शिष्यजन आफूलाई संस्कृत मान्छ। त्यो तान्त्रिक दीक्षा ककसले ककसलाई कुनकुन रीतिले दिइन्छ यो नै यहाँ प्रधान विचारणीय विषय हुन आएको छ। यद्यपि हामी पञ्चदेवोपासकहरूको निमित्त पाँचै देवताको तान्त्रिक विधिले पूजा चलेको हुनाले तान्त्रिक दीक्षा पाँच प्रकारको छ भने पनि हुने हो तर मुख्यत जुनभावमा हिजो आज "तन्त्र" शब्दको प्रयोग गरिन्छ त्यस अनुसार मुख्यतः तान्त्रिक दीक्षा तीन प्रकारको छ भने हुन्छ। त्यो हो शैवी, वैष्णवी, शाक्ती। त्यसमा शैवतन्त्रहरूमा प्रायः शैवी दीक्षा द्विजातिले नै लिन हुन्छ भनेको हुनाले शैवीदीक्षामा अन्यको अधिकारको विषयमा प्रश्न नै नउठ्ने जस्तो स्थिति देखिन्छ[1]। यद्यपि सच्छूद्रको दीक्षा

१. दीक्षा कार्या हि सर्वेषां तच्छक्तिविधि योगिनाम्।
त्रयाणामपि वर्णानां न तु शूद्रान्त्यजातिषु ॥ शैवपरिभाषायाम् १३२ पृष्ठे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न हुन्छ भनेको[२] छ तर त्यो दीक्षा सदृशदीक्षा अर्थमा मान्नु पर्छ ।

प्रणव रहित वेद हुदैन । मन्त्र वेदबाट उत्पन्न भएको हो । त्यसो हुनाले मन्त्र वेदस्वरूप नै हो । आगम वेदाङ्ग नै हो । वश्य र आकर्षण आदि दृष्ट र अदृष्ट फलदायक सम्पूर्ण कर्म वेदद्वारा नै साध्य छन् । ग्रहयज्ञादि पनि वेदसाध्य नै हुन् । वेद नभै यज्ञ हुदैनन् । वेदमा यज्ञको नै प्रतिपादन छ यज्ञ वर्जित वेद छैनन्, त्यसो हुँदा वेदमन्त्रस्वरूप नै हो वेद रहित मन्त्र हुंदैन । मन्त्रमा अरू प्रतिलोम र अवर्णहरूको अधिकारको त प्रश्नै पर रहोस् शूद्रको पनि अधिकार छैन । मन्त्रका जति अक्षर शूद्रलाई दिइयो त्यति नै ब्रह्महत्याको दोष लाग्छ[३] । अतः शूद्रादिमा मन्त्रदानको दीक्षाको सर्वथा निषेध नै गरिएको पाइन्छ । शूद्रलाई दीक्षा सदृश दीक्षा दिन चाहेको खण्डमा स्वाहा र ओङ्कारले रहित भएको केवल "हरयेनम "इत्यादि सदृश नमोऽन्तका हरिमन्त्रको उपदेश गर्नु । नारद पाञ्च-

---

२. शूद्रस्य यद्यप्यनेन दीक्षायामधिकारो निषिद्धस्तथाऽपि
अमद्यपास्तु ये शूद्रा शौचाचार- क्रियादराः ।
शिवभक्ताश्च ये तेषां दीक्षाकार्याऽन्यथा न हि ।।
(तत्रैव १३४ पृष्ठे)

इति निषेधोऽसच्छूद्रविषयतया व्यवस्थापित इति सच्छूद्रस्यैवाधिकारः प्रतिभाति परं सच्छूद्रेऽपि दीक्षा न द्विजातिसदृशी परं दीक्षा सदृशी वेदानधिकारात् ।

३. न वेदः प्रणवं त्यक्त्वा मन्त्रो वेदसमुत्थितः ।
तस्माद् वेदपरो मन्त्रो वेदाङ्गञ्चागमः स्मृतः ।।
वश्याकर्षादिकं कर्म दृष्टादृष्टफलप्रदम् ।
वेदेन साध्यते सर्वं ग्रहयज्ञादिकं किल ।।
न वेदेन विना यज्ञा न वेदा यज्ञवर्जिताः ।
तस्माद् वेदपरो मन्त्रो नावेदो मन्त्र ईरितः ।।
न मन्त्रे चाधिकारोऽस्ति शूद्राणां नियमात्परः ।
याव न्त्यर्णानि मन्त्राणां शूद्राय प्रतिपादयेत्
तावन्त्यो ब्रह्महत्याः स्यु स्तस्मात् संस्कारयेच्चतम् ।
स्वाहोंकारेण रहितं दद्यात्पश्चाच्च तान्त्रिकम् । (मेरुतन्त्रे १/८६-९०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रात्रमा ब्राह्मण क्षत्रिय र वैश्यको पाञ्चरात्रको विधान छ। शूद्र इत्यादिको त त्यो कानमा पनि पर्न हुन्न भनेको छ ।[४]

वैष्ण दीक्षाको विषय पनि विचारणीय छ, यद्यपि "नमो गोपीजन-वल्लभाभ्याम्" यो मन्त्र सबैले लिन हुन्छ । यो दशाक्षरी मन्त्र हो यसलाई श्रद्धा वा अश्रद्धाले जपेको खण्डमा कृष्ण प्रियहरूको सान्निध्य प्राप्त गर्न सकिन्छ । यसमा पुरश्चरणको अपेक्षा पनि छैन न्यासविधिको पनि क्रम छैन । देशकालको नियम पनि छैन । अरिमित्रादिशोधनको आवश्यकता पनि छैन । यसमा चाण्डालान्त सबै अधिकारी छन् । स्त्री, शूद्र, जड, मूक पङ्गुहरू र हूण, किरात, पुलिन्द, पुष्कस, आभीर, यवन, कङ्क, खस आदि योनिहरू दम्भ र अहङ्कारमा रत भएका पैशून्यमा तत्पर भएका गोहत्या ब्रह्महत्यादिमा रत भएका महापातक र उपपातकले युक्त भएका, ज्ञान वैराग्यले रहित भएका शास्त्र श्रवणादिले पनि रहित भएका यी र यस्ता अन्य सबै यस मन्त्रका अधिकारी हुन् यदि सर्वेश्वरेश्वर कृष्णमा भक्ति छ भने सबै अधिकारी हुन्छन् अन्यथा हुँदैनन्[५] भनेको छ र भागवतमा पनि किरात

४. नारदपाञ्चरात्रे नारायणाष्टाक्षरमधिकृत्योक्तम्-

ब्राह्मणक्षत्रियविशां पाञ्चरात्रं विधीयते ।
शूद्रादीनां न तच्छ्रेय: पदवीमपिगच्छति ।।

(शारदातिलके टीकायाम् ७० पृष्ठे)

५. नमो गोपीजनेत्युक्त्वा वल्लभाभ्यान्ततो वदेत् ।
पदद्वयात्मको मन्त्रो दशार्णः खलु कथ्यते ।।
एकां पञ्चपदीं जप्त्वा श्रद्धयाश्रद्धया सकृत् ।
कृष्णप्रियाणां सान्निध्यं गच्छत्येव न संशयः ।।
न पुरश्चरण प्रेक्षा नास्य न्यासविधिक्रमः ।।
न देशकालनियमो नारिमित्रादिशोधनम् ।।
सर्वेधिकारिणश्चात्र चाण्डालान्ता मुनीश्वर ।
स्त्रियः शूद्रादयश्चाऽपि जडमूकादिपङ्गवः ।।
अन्ये हूणाः किराताश्च पुलिन्दा पुष्कसास्तथा ।
आभीरा यवनाः कङ्काः खसाद्याः पापयोनयः ।
दम्भाहङ्कारपरमा पापा पैशून्यतत्परा: ।।
गोब्राह्मणादिहन्तारो महोपपातकान्विता: ।। क्रमशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन खसादि र अरू दुःखीहरू पनि जसको आश्रयाश्रयले शुद्ध हुन्छन् ती प्रभविष्णु परमेश्वर विष्णुमा नमस्कार छ भनेकोछ[६] र यसले विष्णुको आश्रयले सबैको शुद्धि हुन्छ र सबैको विष्णुमन्त्रमा अधिकार छ भन्ने प्रतीत हुन्छ तर यसले वर्ण जाति व्यवस्थालाई अमान्य सिद्ध गर्दैन, किन्तु त्यसमा झन् दृढता नै ल्याइदिन्छ । वर्णाश्रम व्यवस्था अव्यवस्थित भएको खण्डमा यिनि हरू दुःखी भनाइने थिएनन् । भगवान्का नाम अनन्त छन् ती जस्मै नमः अन्त्यमा भएमा मन्त्र सदृश (मन्त्र) हुन सक्छन् । तिनीहरूको ग्रहणार्थ वैदिक र तान्त्रिक मन्त्रको जस्तो अधिकारीको अपेक्षा हुँदैन । भगवन्नाम ग्रहणमा सबैको अधिकार छ तर दीक्षा ग्रहण गरेर "म शैव हुँ" यस्तो मानेर ब्राह्मणादिवत् आचरण (यज्ञोपवीत धारण, गुरुकुलवास वेदाध्ययनादि) गर्छ भने त्यसमा शास्त्रको कुनै रीतिले सम्मति देखिदैन किनकि शास्त्रमा त्यसो गर्नु भनेर उल्लेख छैन र त्यसो गर्न सर्वथा निषेध पनि छ[७] । अन्यथा वर्णाश्रमादि धर्मप्रतिपादक शास्त्रको व्यर्थ-

---

ज्ञान-वैराग्य-रहिताः श्रवणादिविवर्जिताः ।
एते चान्ये च सर्वे स्यु र्मनोरस्याधिकारिणः ।।
यदि भक्ति र्भवेदेषां कृष्णे सर्वेश्वरेश्वरे ।
तदाधिकारिणः सर्वे नान्यस्य मुनिसत्तम ।।
(पद्मपुराणे पातालखण्डे ८१।१६-२१)

६. किरात हूणान्ध्रपुलिन्दपुल्कसा आभीर कङ्का यवना खसादयः ।
येऽन्येच पापा यदुपाश्रयाश्रया शुध्यन्ति तस्मै प्रभविष्णवेनमः ।
(भागवते २/४/१८)

७. सर्वस्यास्यतु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः ।
मुखबाहूरुपज्जानां पृथक्कर्माण्यकल्पयत् ।।
एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत् ।
एतेषांमेव वर्णानां शुश्रूषामनसूयया ।। (मनुस्मृतौ १/८७,९१)
निषेकादि श्मशानान्तो मन्त्रैर्यस्योदितोविधिः
तस्य शास्त्रेऽधिकारोऽस्मिञ्ज्ञेयो नान्यस्य कस्यचित्
(तत्रैव २/१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापत्ति हुन्छ । यदि आचारले नै पूज्यता अथवा अपूज्यता हुने हो भने, आचारानुसार नै जाति निर्णय हुने हो भने, ब्राह्मणको यो कर्म हो, क्षत्रियको यो कर्म हो भन्ने निर्णय न हुन पर्ने किन्तु जसले यस्तो आचार गर्छ त्यसलाई ब्राह्मण भन्नु भन्ने नियम हुन पर्ने । यदि आचरणनै पूज्यताको कारण मान्ने हो भने "खस आदि पापयोनि" भन्नुमा व्याघातदोष लाग्छ उत्पन्न हुने वित्तिकै कुनैले सत् अथवा असत् आचरण गर्दैन कसरी त्यो पापयोनि भयो । अतः पूज्यतामा योनिको साथनै आचरणलाई कारण मान्न पर्छ । अतः ती खसादिको शुद्धि तिनीहरूको मध्यमानै मान्नु पर्छ । जसरी शुद्ध फलाम (स्टील धातु) फलाम नै हुन्छ सुन हुँदैन त्यस्तै यी म्लेछादिहरू (भगवान कीर्तनले) शुद्ध भएर शुद्धम्लेच्छ भन्न सकिन्छन् तर त्यसले वर्णता (ब्राह्मण-क्षत्रियवैश्यशूद्रता) प्राप्त गर्न सक्दैनन् । त्यसै हुनाले मनुले ब्राह्मणादि चारै वर्णमा समानजातिमा र शास्त्रानुसार विवाह गरिएका अक्षतयोनि दारा-हरूमा ब्राह्मणले ब्राह्मणीमा क्षत्रियले क्षत्रियामा वैश्यले वैश्यामा शूद्रले शूद्रा-मा जो उत्पन्न भएका छन् तिनीहरू प्राय बाबुको जातिले युक्त भए तत्तत् जान्नु भनेका छन्[८] । यो मनुवचनसंग विरोध हुन्छ यदि आचारले वर्णता प्राप्ति र आफ्नो जाति भन्दा उच्च जाति प्राप्ति मान्ने हो भने किञ्च कार्याकार्य व्यवस्थितिमा शास्त्र नै प्रमाण हुन्छ, कर्तव्याकर्तव्य निर्णय शास्त्रले नै गर्छ । यदि कुनैले आफूलाई सनातनी भन्छ र मान्छ भने वेद र तदनुसारी शास्त्रहरूको प्रामाण्य स्वीकार गर्न पर्छ[९] । बाइबि-लमा श्रद्धा राख्ने त्यस ग्रन्थलाई प्रमाण मान्ने क्रिश्चियन भनिन्छन्, कुरा-नलाई प्रमाणमान्ने त्यसमा श्रद्धा राख्ने मुसलमान भनिन्छन् । यसै गरी वेद र वेदानुसारी शास्त्रलाई प्रमाण मान्ने र त्यसमा श्रद्धाराख्नेलाई नै सना-

---

८. सर्ववर्णेषु तुल्यासु पत्नीष्वक्षतयोनिषु
आनुलोम्येन संभूता जात्याज्ञेयास्त एवते । (मनुस्मृतौ १०।५)

९. तस्माच्छास्त्रं प्रमाणन्ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ (गीतायाम् १६।२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तनी हिन्दु भन्न सकिन्छ । जसले वेदलाई र तदनुसारी स्मृतिशास्त्र धर्मशास्त्र र पुराणहरूलाई प्रमाण मान्छ र त्यसमा श्रद्धा राख्छ, त्यो नै सच्चा हिन्दु हो सनातनी हो । भगवान् श्री कृष्णले गीतामा यी अनेक ठाउँमा "सर्वाङ्गपूर्ण गरेर राम्रै सित पालन गरेर राम्रै सित अनुष्ठान गरिएको पर धर्म भन्दा केही अङ्गहीन भएको भए पनि आफ्नो धर्म प्रशस्यतर हो (श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् गीता ३।३५। र १८।४७ मा)" भन्नु भएको छ । यसरी हाम्रो धर्म हामीलाई प्यारो छ, अर्काको धर्म भन्दा हाम्रो धर्म नै प्रशस्यतर छ यसमा सन्देहको लेश पनि छैन। जस्तै सन्यासीको निमित्त स्नान जप स्तोत्र पाठ यज्ञदानादि गृहस्थको निमित्त बताइएको कर्म (धर्म) को अपेक्षा सन्यासीको निमित्त भनेको सर्वकर्म सन्यास नै श्रेष्ठ धर्म हो, अथवा यसो पनि भनौं जसरी कर्म संन्यास परधर्म हुनाले गृहस्थको निमित्त सर्वकर्म सन्यासको अपेक्षा ज्ञानको साधन भएको सत्त्वशुद्धि प्रयोजन भएको कर्मयोग नै श्रेष्ठ हो । यसै गरी वर्णाश्रम धर्म अवर्ण म्लेच्छादि र प्रतिलोमजहरूको निमित्त अधर्म हो । धर्म वेदातिरिक्त अन्य कुनै प्रमाणले सिद्ध हुन सक्दैन र पर धर्म अनुष्ठेय हो "धर्म हुनाले स्वधर्मवत्, यस्तो अनुमान पनि गर्न सकिदैन, पर धर्म अनुष्ठेय हुन सक्दैन, पर धर्म हुनाले, त्यतिखेरमा स्वधर्मवत्" यो सत्प्रतिपक्ष हुनाले । धर्ममा केवल वेद मात्रै प्रमाण हुनाले पनि । यदि धर्म गर्न चाहिएको छ भने वेद प्रतिपादित धर्मको नै आश्रय लिन पर्छ । वेद र वेदानुकूल वेदव्याख्या गर्ने (ग्रन्थहरू) मा श्रद्धा रहितले गरेको कर्म न त यस लोकको निमित्त हुन्छ न वा परलोकको निमित्त नै हितकर हुन्छ । परधर्मको पालन गरेर जीवनको अपेक्षा आफ्नो धर्ममा मर्नु प्रशस्यतर हो । अतः प्रत्येक मानवले स्वधर्म स्वकर्तव्यको नै पालन गर्नु पर्छ । त्यसो हुँदा सनातनी हुँ भन्नेले वेदानुसारी धर्मलाई मान्नै पर्छ, तदनुसार धर्म गर्दा अवश्य पनि वर्णाश्रम धर्म अवर्णले पालन गरेर मैले धर्म पालन गरेको छु भन्न मिल्दैन, यतः त्यो त्यसको धर्म नै हैन । त्यसो हुँदा दीक्षा ग्रहण यी अवर्ण र म्लेच्छादिको निमित्त परधर्म हुनाले स्वधर्म हैन र तिनीहरू म्लेच्छादिहरूको निमित त्यस्तो ब्राह्मणादिको धर्म गुरुकुलवास उपवीत धारण वेदाध्ययनादि परधर्म र अधर्म हो, त्यो गर्न हुन्न भन्ने कुरा स्वतः टडकारो छ । साथै मनुले "यस देशमा उत्पन्न ब्राह्मणसंग नै पृथिवीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण मानवले आफ्नो आफ्नो चरित्र सिखुन् ।''[१०] भनेको हुनाले आफ्नो चरित्र र कर्तव्यको शिक्षा ब्राह्मणबाट ग्रहण गर्न पर्छ र म्लेच्छ वा तत्सदृश अन्य उपदेशमा अधिकारी हुँदैनन् भन्ने पनि प्रतीत हुन्छ ।

साथै कलिसन्तरणोपनिषद्मा पनि ''नारायणको नामोच्चारण मात्रले कलिको नाश हुन्छ'' यस्तो कुरा भनेर हरे राम इत्यादि गरिएको सोह्र नाम भएको मन्त्रलाई बनाएर र त्यो मन्त्रले कलि युगको पापलाई नाश गर्छ भन्ने कुरा प्रतिपादन गरेर त्यसको विधि के हो भन्ने प्रश्न गरिएको छ । उत्तरमा ''यसको केही विधि छैन'' यस्तो उत्तर दिएर सर्वदा पवित्र होस् अथवा अपवित्र होस् यस मन्त्रको जप गर्नाले ब्राह्मणले सालोक्य सामीप्य सादृप्य सायुज्य (चारै प्रकारको मुक्ति) प्राप्त गर्न सक्छ'' भन्ने कुरा बताइएको छ ।[११] यसले पनि त्यो मन्त्रमा ब्राह्मणोपलक्षित द्विजको नै अधिकार छ भन्ने कुरा बुझिन्छ ।

किञ्च दीक्षा गर्दा दीक्षाधिकार प्राप्त्यर्थ याग गर्नपर्छ । यज्ञ वैदिक मन्त्रहरूद्वारा सम्पन्न गरिन्छ । वैदिक मन्त्रमा वेदना प्रतिलोमजसङ्कर-जात्युत्पन्न अवर्णम्लेच्छादिहरूको सर्वथा अधिकार नभएको हुँदा कसरी तिनीहरू दीक्षणीय हुन सक्छन् किनभने वास्तुयागादि दीक्षाङ्गत्वेन वर्णित भएका छन् ।[१२]

---

१०. एतद्देश प्रसूतस्य सकाशादग्रजन्मनः ।
स्व स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।(मनुस्मृतौ २।२०)

११. भगवत आदिपुरुषस्य नारायणस्य नामोच्चारणमात्रेण निर्धूत कलिर्भवति । नारदः पुनः पप्रच्छ तन्नाम किमिति । सहोवाच हिरण्यगर्भः – हरे राम हरे राम राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।। इति षोडशकं नाम्नां कलिकल्मषनाशनम् । नातः परतरोपायः सर्ववेदेषु दृश्यते । इतिषोडशकलस्य जीवस्यावरण - विनाशनम् । ततः प्रकाशते परंब्रह्म मेघापाये रविरश्मिमण्डलीवेति । पुनर्नारदः पप्रच्छ–भगवन् कोऽस्य विधिरिति । तं होवाच – नास्यविधिरिति सर्वदा शुचिरशुचिर्वा पठन् ब्रह्मणः सलोकतां सरूपतां सायुज्यतामेति । (कालिसन्तरणोपनिषदि समाप्तौ)

१२. ततो वक्ष्यामि दीक्षाङ्गं वास्तुयागपुरः सरम् ।
कृतेन येन मन्त्रज्ञो दीक्षायाः फलमश्नुते ।। (शारदातिलके २/१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस रीतिले विचार गर्दा दीक्षा त्यो वैष्णवी होस् वा शैवी सर्वथा शूद्रान्त्यजातिम्लेच्छादिलाई निषिद्ध छ भने "यस मन्त्रको अधिकारी सबै छन्" यस कथनको के गति हो ? भनेर शोधने हो भने यसमा उत्तर हुन्छ– त्यस्ता मन्त्र (भगवन्नामरूप मन्त्रसदृश पवित्र पदहरू) वेदतुल्य हुँनन् किन्तु मन्त्रसदृशमन्त्र हुन् । मन्त्रतुल्य हुनाले तिनीलाई मन्त्र मानिएको हो भगवान् रामको सदृश प्रतिकृति (मूर्ति)लाई राम नै भनिन्छ । मन्त्रपदमा सदृशलक्षणा गरेर मन्त्रपदको त्यहाँ प्रयोग गरिएको हो । वेदमन्त्र सदृश नै ती पवित्रनामपदहरू शूद्राद्यन्त्यजातिहरूका कल्याणकारी हुन् । ती नाम–पदको उच्चारण र कीर्तनले शूद्रादिले मन्त्रद्वारा लभ्य फल प्राप्त गर्न सक्छन् भन्ने आशय बुझिन्छ । त्यस्तो भगवन्नाम ग्रहणमा सबैको अधिकार छ ।

साथै वैष्णवदीक्षामा त्यसको (वैष्णवदीक्षाको विधान वर्णनमा विष्णुदेवता भएका पावमान सूक्तहरूद्वारा शिष्यको सम्मार्जन गर्नु भनेको लेखेको हुनाले पनि वैष्णवदीक्षा प्रदान गर्ने गुरु द्विजाति नै हुनु पर्छ भन्ने कुरा सिद्ध हुन आउँछ । किनभने वैदिक सूक्तद्वारा अभिषेक गर्ने र अभिषिक्त हुने द्विजाति नै हुन सक्छ । यो पनि स्मृतिद्वारा नै सिद्ध छ ।[13] त्यसपछि पुरुषसूक्तले र श्रीसूक्तले मह घीउ मिश्रित पायसद्वारा हवन गर्नु भनेको हुनाले पनि वैष्णवतामा द्विजात्यधिकार बुझिन्छ ।[14] किञ्च अवैष्णव गुरुबाट वैष्णव द्विजले पढ्यो भने हजार करोड कल्प (दश अरब कल्प) सम्म नरकमा बस्न पर्छ भनेको[15] हुनाले पनि पढ्ने द्विजाति नै हुन पर्छ वैष्णव द्विजसितनै वैष्णवदीक्षा लिन पर्छ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

अब यो कुरो विचारणीय छ — सनातन धर्म (हिन्दू धर्म) के यस्तो अनुदार छ जसमा अन्यहरूको प्रवेशनै छैन ? के हिन्दुका देवता

---

१३. संमार्जयेत् ततः शिष्यं तज्जलेन कुशैः शुभैः ।
सूक्तैश्च विष्णुदैवत्यैः पावमानै स्तथैव च ॥ (वृद्धहारीतस्मृतौ २/११०)

१४. पौरुषेण तु सूक्तेन श्रीसूक्तेन तथैवच
मध्वाज्यमिश्रितं रम्यं पायसं जुहुयाद् गुरुः । (तत्रैव २/११४)

१५. अवैष्णवाद गुरोर्मन्त्रं यःपठेद् वैष्णवोद्विजः ।
कल्पकोटिसहस्त्राणि पच्यते नरकात्मना ॥ (तथैव २/१३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई अन्यले पूजा गर्न सक्दैनन् । के आर्काले पूजा गर्‍यो भने ती सनातनीहरूका देवता रूष्ट हुन्छन्? अन्य (क्रिश्चियन, मुसलमान आदि) पन्थहरूले जब अन्य पन्थमा लागेकाहरूलाई बलपूर्वक भए पनि आफ्नो मार्गमा ल्याउन चाहन्छन् भने हिन्दु धर्म यस्तो छ जुन श्रद्धाले यहाँ आएकालाई पनि प्रवेक रोक छ, बाटो छेक छ । के हिन्दु धर्ममा आजसम्म जति पनि महर्षि मुनि सज्जनहरू भए ती जम्मै त्यस्तै अनुदार सदृश भए के ।

यस विषयमा भन्न सकिन्छ । कर्म र अकर्मको निर्णय गर्नु सजिलो हुँन [१६] । कहिले कर्म नै अकर्म भैदिन्छ, विकर्म भै दिन्छ; कहिले अकर्म विकर्म नै कर्मको छद्मसा देखिन्छ । त्यसमा सावधान नरहने हो भने बुद्धि भ्रान्त हुन सक्छ । केही दुष्ट कामान्धहरूले पीछा गरिएकी एक सती पतिव्रता नारीले भागेर आफूलाई जोगाउन लुकेकीलाई कुनै धार्मिक व्यक्तिले देखेको रहेछ पछि आएका शोधने भएका ती कामान्धहरूसित "सत्यान्नास्ति परोधर्मः (सत्य भन्दा ठूलो धर्म केही छैन) भन्ने सम्झेर साँचै नै भन्दियो भने महापातक नै हुन्छ । यहाँ अकर्म नै कर्मको रूपमा देखा पर्छ । उदारता सहृदयता आदि गुण अवश्य ग्रहणीय छन् तर अनुचित स्थानमा तिनीहरूको प्रयोग हानिकर पनि हुन सक्छ यो बिर्सन हुन्न ।

महाभारत युद्धमा अर्जुन युद्ध गर्न सज्ज भएर परपक्षको सेना हेर्न चाहन्छन्[१७] । दुवै सेनाको मध्यमा रथ स्थापित गरिन्छ[१८] । शत्रुपक्षको

---

१६. किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्सेऽशुभात् ।। (गीतातम् ४/१६)

१७. अथ व्यवस्थितान् दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ।
प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ।।
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।
सेनयोरुभयो र्मध्ये रथं स्थापय मेऽच्युत ।। (गीतायाम् १/२०/२१)

१८. एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयो र्मध्ये स्थापयित्वा रथोत्तमम् ।। (तथैव १/२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेना देखेर अर्जुनका अङ्ग काम्न थाले मुख सुक्न थाल्यो[१९], भयले हैन, उदारता सहृदयता र कृपाको भावले। पितृ पितामह आचार्य मामा दाजु भाई छोरा नाती मित्र श्वशुर सहृदय सुहृदहरूलाई उनले मार्न चाहेनन्। केवल पृथ्वीको निमित्त ता परै कुरा रहोस्, त्रैलोक्यको राज्य पाउने भए पनि मार्न चाहेनन्। उनीले दृढता पूर्वक भने - "कृष्ण ! म विजय चाहन्न, राज्य चाहन्न सुख पनि चाहन्न[२०]। दुर्योधनादि आततायी भए पनि मेरा दाजु भाई नै हुन्[२१] म उनीहरूको रगतले मुछिएको अर्थ र कामको भोग गर्न चाहन्न।" यसरी स्पष्ट भने र "म युद्ध गर्दिन" भन्ने पनि ढिपी गरे[२२]। किन्तु भगवान् कृष्णले अर्जुनका यी कोरा मानवतावादी कुराहरूको अनुमोदन गर्नु भएन। वहाँले अर्जुनको त्यस ज्ञानलाई अज्ञान बताउनु भयो, र उनको आचरणलाई पनि श्रेष्ठजनको आचरणको विपरीत, अकीर्तिकर र परलोक विरुद्ध बताउनु भयो[२३]। अर्जुनको उदारतालाई क्लीबता, सहृदयतालाई क्षुद्रहृदयको दुर्ब-

---

१९. कृपया परयाविष्टो विषीदन्निदमब्रवीत्।
दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम्॥
सीदन्ति मम गात्राणि मुखञ्च परिशुष्यति।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते॥ (तत्रैव १/२८-९)

२०. न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च।
किं नो राज्येन गोविन्द किं भोगै र्जीवितेन वा॥ (तत्रैव १/३२)

२१. निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन।
पापमेवाश्रयेदस्मान् हत्वैतानाततायिनः॥
तस्मान्नार्हावयं हन्तुं धार्तराष्ट्रान् स्वबान्धवान्।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव॥ (तत्रैव १/३६,३७)

२२. एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव॥ (तत्रैव २/२९)

२३. कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन॥
क्लैब्यं मास्म गमः पार्थ नैतत्त्वय्युपपद्यते /
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप // (गीतायामेव २/२,३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लता र उनको मान्यतालाई पाण्डित्याभास सिद्ध गर्नु भयो[२४]। स्वधर्म विगुण भए पनि श्रेयस्कर हो यो गीताकारको मान्यता छ[२५]। अर्जुन क्षत्रिय थिये, उनी आपनो कर्तव्य धर्मयुद्धलाई त्याग गरेर भिक्षाटनरूप परधर्म ग्रहण गर्न आंटेका थिए। क्षत्रियको निमित्त ता धर्म्य युद्धदेखि ठूलो अन्य श्रेयस्कर धर्म छँदै छैन[२६]। "सहजकर्म सदोष भए पनि नत्याग्नू" कृष्णको अर्जुनलाई यो उपदेश छ। वास्तवमा कर्मवादको उपेक्षा गर्न सकिदैंन। जस्तो गरिएको छ त्यस्तो भोग्नै पर्छ जौ रोपेर धान पाइदैंन।

किञ्च अधिकार भेदले गर्दा पूजामा पनि भेद मान्न पर्छ। मनुको भनाई छ — "जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवता रमाउँछन्, जहाँ उनी-(नारी) हरू पूजिदैंनन् त्यहाँ सम्पूर्ण क्रिया निष्फल हुन्छन्[२७]। तर ती नारीको पूजामा सबैको समान अधिकार छैन। एक युवती नारीको पूजा पिता, दाजु, भाई, पति, देवर, पुत्र, पुत्रबधू, शिष्य सबैले गर्छन् र गर्न पनि पर्छ, किन्तु प्रत्येकको पूजापद्धति भिन्न भिन्न हुन्छ। पुत्र र पुत्रबधूले चरण छोएर पूजा गर्छन्, पुत्रवधूले तेलघसेर शरीर मर्द्दन गरेर पूजा गर्छिन् तर युवक शिष्य र देवरले त्यसरी पूजा गर्दैनन्। ती दुवैले टाढैबाट प्रणाम गरेर पूजा गर्छन्। हाम्रा यहाँ कन्यापूजनमा पिता माताले पनि छोरीको गोडामा ढोगेर पूजा गर्ने चलन छ। युवती नारी अङ्गमर्दन तैलाभ्यङ्गरूप पूजा उसकी बुहारीको निमित्त पुण्य प्रद छ भने युवक शिष्य र देवरको निमित्त त्यस्तो पूजा पापजनक छ। तिनिले ता चरण स्पर्श पनि निषिद्ध छ-

---

२४. अशोच्यानन्वशोचँस्त्वं प्रज्ञावादांश्च भाषसे।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः।। (तथैव २/११)

२५. श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः।। (तथैव ३/३५)

२६. स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते।। (तथैव २/३१)

२७. यत्र नार्यस्तु पूज्यते रमन्ते तत्र देवताः।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः।। (मनुस्मृतौ ३/५६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुपत्नी तु युवति र्नाभिवाद्येहपादयोः
पूर्णविंशतिवर्षेण गुणदोषौ विजानता ।। (मनुस्मृतौ २/२१२)

यसै गरी युवती नारी ऋतुकालाभिगमनरूपले पतिले गरिने पूजा दाजु भाई पिताले पनि गर्छु भन्नु हुन्छ र ? त्यसो हुँदा पूजा अधिकारानुसार नै सबैले गर्न पर्छ, अधिकारोल्लङ्घन गर्न हुदैन । देवताको पूजा सबैले गर्न सक्छन् देवपूजामा निषेध छैन तर पशुपतिका पूजक भट्टज्यूहरूले जसरी पूजा गर्नु हुन्छ त्यसरी सामान्यजन पशुपतिको पूजा गर्न सक्दैनौं । साथै जसरी हामीले पूजा गर्छौं, त्यसै गरी म्लेच्छ श्वपच आदिले पूजा गर्न सक्दैनन् । देवमन्दिरमा देवपूजनको प्रतिपादन गर्ने शास्त्रले नै सबैको मन्दिर प्रवेश र साक्षात्पूजन निषिद्ध गरेको छ । चाण्डाल र रज-स्वलादिले अथवा पुल्कस म्लेच्छ आदिले तथा चाण्डाल श्वपचादिले देव मूर्ति स्पर्श गरेमा त्यस मूर्तिको सम्प्रोक्षण गर्नु र शान्ति गर्नु । यदि दूषित प्रतिमादिको पुनः संस्कार न गरीकन पूजन गरियो भने राजालाई राष्ट्रलाई देवमन्दिरलाई र ग्रामलाई नाश पार्छ ।[२८]

चण्डाल श्वपच आदि प्रमादले विष्णुमन्दिरमा प्रवेश गरे भने त्यस मन्दिरमा सर्वप्रथम गाईलाई पठाएर (गोठ जस्तो बनाएर पवित्र पारेर गोमूत्रले त्यो मन्दिरलाई लिप्नु (पखाल्नु) पुण्याहवाचन गराएर कुशको जलले सर्वत्र प्रोक्षण गर्नु । त्यस पछि त्यस मूर्तिको अभिषेक गर्नु । पञ्चगव्य र पञ्चामृतले स्नान गराउनु र पावमान सूक्तले र वैष्णवसूक्तद्वारा अभिषेक गर्नु । एक हजार आठ अथवा एक शय आठ वैष्णवहरूद्वारा हरिको अभिषेक गराउनु । चार वैष्णव मन्त्रहरूले स्नान गराएर पुष्पाञ्जलि गर्नु । श्री सूक्तादिले पूजन गरेर नीराजन गर्नु । यसरीतिले म्लेच्छादिको मन्दिर प्रवेश र

---

२८. चाण्डालैः सूतिकोदक्या म्लेच्छैर्वा पुल्कसादिभिः ।
संस्पृष्टे भगवद्बिम्बे गोघृतेनाभिषिच्यताम् ।।
संप्रोक्षणञ्च विधिवत् कृत्वा शान्ति समाचरेत् ।
गोदानादि तथा कुर्याद् ब्राह्मणांश्चापि भोजयेत् // (ईश्वरसंहितायाम्
१९/१५७/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षाद् देवपूजन निषिद्ध छ।[२९] त्यसो हुँदा मन्दिरको र शिखरको दर्शन द्वारा नै पूजा सम्पन्न भएको मानिन्छ।[३०] चाण्डाल, रजस्वला म्लेच्छ पुल्कसादिले देव मूर्ति स्पर्श गरेमा र चाण्डाल श्वपचादिले छोएमा त्यस दोषको शान्त्यर्थ मूर्तिको र देवालयको सम्प्रोक्षण (प्रक्षालन, मार्जन) गर्नु। त्यसो नगरेमा राजालाई र राष्ट्रलाई देव मन्दिर र गाउँलाई नाश गर्छ भनिएको छ।[३१]

वास्तवमा हिन्दु हुनलाई कुनैलाई निषेध छैन। आफ्नो कर्म छोड्नाले नै यी खसादि क्षत्रियजातिहरूले वृषलत्व र म्लेच्छत्व प्राप्त गरेका हुन्। मनुले स्वयं भन्नु भएको छ–

---

२९. प्रासाद देवहर्म्याणां चाण्डालपतितादिषु // क्रमशः

अन्तः प्रविष्टेषु तदाः शुद्धिः स्यात्केन धर्मणा।
गोभिः संक्रमणं कृत्वा गोमुत्रेणैव लेपमेत् ॥३९४
पुण्याहं वाचयित्वाऽथ तत्तोयैं र्दर्भसंयुतैः।
सम्प्रोक्ष सर्वतः पश्चाद्देवं समभिषेचयेत् ॥ ३९५
पञ्चामृतैः पञ्चगव्यैः स्नापयित्वाऽथ वैष्णवः।
प्रत्यृचं पावमान्यैश्च वैष्णवैश्चाभिषेचयेत् ॥ ३९६
अष्टोत्तरसहस्रं वा शतमष्टोत्तरं तु वा।
चतुर्भि–र्वैष्णवैः र्मन्त्रैः स्नाप्य पुष्पाञ्जलिन्तथा ॥ ३९७
श्री सूक्तन तथा दिव्यै र्दद्याराजनं ततः।
(वृद्धहारीतस्मृतौ ६।३९३–३९८)

३०) अन्येषामपि सर्वेषां नराणां मुनिपुङ्गवाः।
पूजा देवालयं दृष्ट्वा प्रणामस्तस्य कीर्तिता ॥ (सूतसहितायाम् ४।१६)

३१) चाण्डालोदक्यादिभिश्च म्लेच्छैर्वा पुल्कसादिभिः।
देवबिम्बे तु संस्पृष्टे चाण्डालश्वपचादिभिः ॥
सम्प्रोक्षणं प्रकुर्वीत तत्तद्दोषप्रशान्तये।
दोषैरुपहतं ज्ञात्वा प्रासादप्रतिमादिनाम् ॥
असम्प्रोक्ष्यार्चनं कुर्वन् राजानं राष्ट्रमञ्जसा।
देवतायतनं ग्रामं नाशयेन्नात्र संशयः ॥ (ईश्वर संहितायाम १९।७४६, ७५६,७५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ।।
पौण्डकाश्चौडद्रविडाः काम्बोजा यवनाः शकाः
पारदाः पह्लवाश्चीनाः किराता दरदाः खसाः ।
मुखबाहूरूपज्जानां या लोके जातयो बहिः ।
म्लेच्छवाचश्चार्यवाचः सर्वे ते दस्यवः स्मृताः ।

(मनुस्मृतौ १०।४३, ४४,४५)

त्यसो हुँदा हिन्दुत्व प्राप्त गर्न केही बाधा नभए पनि वर्णधर्म प्राप्तगर्न सकिदैन । वर्णत्व ता जन्मना पाइने कुरो हो कर्मले हैन । अवश्य नै देवताहरूको अवैधरीतिले पूजा गरियो भने रूष्ट हुन्छन्–जस्तै युवती सती नारी परपुरुषद्वारा अङ्गमर्दनादिले पूजा गर्न खोजेमा अवश्य नै रूष्टा नै हुन्छिन् तुष्टा हुन्नन् । हामी सबैलाई हरये नमः आदि भगवन्नाम ग्रहण-गर्न र राधेश्याम सीताराम आदि नामको कीर्तन गर्न अनुरोध गर्छौं तर कुनैबाट हाम्रो सर्वस्वनाश नहोस् यसको चिन्ता ता गर्नै पर्छ । कोई आउन त चाहन्छन् तर हाम्रो शास्त्रीय मर्यादानुसार हैन आफ्नै मन पर्ने विधानानुसार । उनीहरूले हाम्रो मर्यादालाई स्वीकार गर्दैनन्, वर्णाश्रम व्यवस्थालाई मान्दैनन् केवल वर्णाश्रम व्यवस्थालाई तोडन मात्रै चाहन्छन्। संख्यासुरको बलमा जुन कुनै ठाउँमा यस्ताको प्रवेश भयो त्यहाँको मूल-जाति र मूल धर्मको लोप भएर सबै केवल आफै मात्रै शेष रहेको हामीले देखेका छौं बुझेका छौं । अमेरिका, अफ्रिका, अष्ट्रेलिया आदिमा अब मूल जाति, मूल धर्म, मूल भाषा समाप्त प्रायः छन् । उनीहरू नवीनमानै मिसिए । एक बिन्दु समुद्रमा मिस्सियो त मिस्सियोस् समुद्रको केही लाभ हानी छैन तर बिन्दु समुद्रमा बिलीन भए पछि बिन्दुत्वता हरायो नै । विश्वमा हिन्दुत्व केवल हाम्रो देशमा मात्रै शेष छ भने हुन्छ, त्यसलाई पनि कुनैले संख्यासुरको बलमा निमिट्यान्न पार्न चाहन्छ, आफैमा विलीन पार्न चाहन्छ भने, हिन्दुहरू पनि आत्मरक्षणको प्रयत्न गर्दैछन् त्यसमा दोष के ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

"धर्मको रूपान्तर मर्यादा"

—डा० भोजराज पन्त
उपप्राध्यापक
वाल्मीकि विद्यापीठ

सामान्यतया, आस्था भन्नु धारणा भन्नु व्यवस्थिति भन्नु र मर्यादा भन्नु एउटै कुरो हो। मर्यादा धर्मकै रूपान्तर हो। जसलाई आचार संहिता भने पनि हुन्छ। प्रसङ्गानुसार यहाँ मर्यादा भन्नाले हिन्दू (सनातन) धर्म र संस्कृतिको ग्रहण हुन्छ। आचारकै आधारमा धर्म जीवित अथवा मृत कहलाइन्छ। आचार नै धर्मको प्राण– भूषण हो, त्यही आचारको भूषणले विभूषित भएको धर्मकै प्रतिरूप मर्यादा हो। हाम्रा पूर्वजहरूले धर्मका अनेक लक्षणहरू विविध शास्त्र अनुसारले गरेका छन् – जस्तैः—

(१) आचारः परमो धर्मः। – मनु,
(२) चोदना लक्षणोऽर्थो धर्मः। जैमिनि,
(३) यतोऽभ्युदयनिः श्रेयसःसिद्धिः स धर्मः। कणाद,
(४) महाजनो येन गतः स पन्था। विष्णु शर्मा
(५) श्रुतिप्रमाणको धर्मः। आपदेव,
(६) वेदविहितकर्मजन्यो धर्मः। सामान्यशास्त्र,
(७) वेदविहितप्रयोजन–पदार्थो धर्मः। मीमांसासार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मका उपर्युक्त सबै लक्षणहरू वैदिक धर्मको मर्यादा भित्रै अनुस्यूत भएर रहेका छन् । वैदिक धर्म (मर्यादा) धेरै वैज्ञानिक र लाभदायक पनि भएकोले नै यसो भनिएको हो ।

प्राचीन ऋषिहरूले आफ्नो तपोबल र स्वाध्यायसाधनाद्वारा प्रणयन गरेका शास्त्रहरूमा मर्यादाको उच्च स्थान मात्रै नभई परलोक समेत मर्यादामा आधारित भएको कुरा स्पष्ट गरेको पाइन्छ ।

आफूलाई भौतिक नास्तिक न भने पनि स्वयं एक समाजसुधारक मान्ने केही नव चिन्तकहरूले धर्मलाई 'अफीमको गोलो' को संज्ञा दिएर एउटा वादको शुरुवात गरेर गए तापनि त्यो वाद आज स्वयंमा निष्फल सिद्ध हुन आएको छ । ईश्वर नमान्नेहरूको स्वयंमा पनि यहाँ विवादास्पद स्थिति छ, जो देवाधिदेव शंकर, जगन्नाथ विष्णु र सृष्टिकर्ता ब्रह्माजीलाई सामन्तीको संज्ञा दिन्छन् । आफ्नै माता पिताको अस्तित्वमा आप्त प्रमाण मानेर पनि तिनीहरूप्रति अनाप्त व्यवहार गरी वदतो व्याघात दोषका भागी बनेका तिनीहरूको यहाँ नामोल्लेख गर्नु मर्यादाका दृष्टिले आवश्यक देखिदैन । यसरी नै वेदको अनर्थ गर्ने वालाहरूको पनि यहाँ दुराग्रह छ । वेदका मन्त्रहरूमा वर्णित कुराहरू सामान्य चर्म चक्षुले हेर्ने हो भने अर्थको अनर्थ हुन आउँछ । अतः वेदमन्त्रको अर्थ गर्न पनि मर्यादानुसारको शास्त्र – चक्षु चाहिन्छ । त्यही वैदिक – मर्यादानुसार नै मन्त्रको पनि अर्थ गर्नुपर्छ । हाम्रो हिन्दुधर्म वैदिकधर्म हो । वैदिक धर्म बुझ्न अथवा वेद मन्त्रहरूको ज्ञान गर्न वैदिक मर्यादा नै अंगीकार गर्नुपर्दछ । जुनसुकै धर्म–दर्शनको पनि आफ्नै धरातल, आफ्नै मर्यादा हुन्छ। वैदिक दर्शन (वैदिक मर्यादा)को पनि यस्तै नै शास्त्रपद्धति छ । जो निम्नानुसार छ ।

१. सबैभन्दा पहिले संहिता पाठ आउँछ । यसमा चार भाग छन्—

१. ऋग्वेद संहिता २. यजुर्वेद संहिता ३. सामवेद संहिता ४. अथर्ववेद संहिता । यी नै चारवेद हुन् । चार वेदका प्रमुख चार ब्राह्मण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार उपवेद ग्रन्थहरू पनि छन् । ती क्रमश: निम्न बमोजिम छन् —

१. ऐतरेय ब्राह्मण २. शतपथ ब्राह्मण ३. ताण्डय ब्राह्मण ४. गोपथ ब्राह्मण र

१. अर्थवेद (अर्थशास्त्र) २. धनुर्वेद ३. गान्धर्ववेद ४. आयुर्वेद

यस्तै वेदका छ अङ्गहरू र छ उपाङ्गहरू पनि छन् । ती हुन् – १. शिक्षा २. कल्प ३. व्याकरण ४. निरूक्त ५. छन्द ६. जोतिष र १. मीमांसा २. वेदान्त ३. न्याय ४. वैशेषि ५. सांख्य र ६. योग ।

उपर्युक्त सम्पूर्ण शास्त्रहरूको गहन अध्ययन गरेर मात्र वेदमन्त्रको अर्थगर्नु पर्दछ यही नै वैदिक शास्त्र मर्यादा हो। अन्यथा कसैले वेद मन्त्रहरूको अशास्त्रीय अर्थ गर्छ भने त्यो अनर्थ हो । यस्तो अनर्थ गर्ने विद्वान् व्यक्ति पनि ठीक त्यस्तै हो जस्तै एउटी सदाचार शील विहीना सुन्दरी । किन कि सुन्दरीको शील र सदाचार विहीन सौन्दर्यले घृणित विचारहरूलाई मात्र उत्तेजित गर्दछ र परिणाम पनि नराम्रै मात्र हुन्छ

उपर्युक्त लैकिक मानवीय मर्यादाका अतिरिक्त वैदिक धर्म (मर्यादा) वैज्ञानिक, तर्कसंगत हुनुका साथै इहलोक र परलोकको पनि साधक छ । इहलोक र परलोकको मार्ग पनि मर्यादानुरूप नै विकसित हुन्छ । यसको वैज्ञानिक पक्ष कत्तिको तर्क संगत र न्यायोचित छ भन्ने कुरा यसको वर्णाश्रम व्यवस्थाबाट पनि ज्ञात हुन्छ । जस्तै – वैदिक धर्मानुसार चार वर्णहरूको र चार आश्रमहरूको पनि व्यवस्था छ । ती हुन् – १. ब्राह्मण २. क्षत्रिय ३. वैश्य ४. शूद्र एवं १. ब्रह्मचर्य २. गृहस्थ ३. वानप्रस्थ ४. संन्यास । यी वर्णाश्रम व्यवस्थाहरूले –धर्म-अर्थ-काम र मोक्षका मार्ग प्रशस्त गरेका छन् र धार्मिक – सांस्कृतिक–सामाजिक–आर्थिक आदि अनेक पक्षका वैदिक मान्यता आदर्श धारणा र व्यवहारका स्थितिहरू आज सम्म पनि अक्षुण्ण राखेका छन् भने यिनीहरूले समाजलाई अमर्यादित हुनबाट पनि बचाएका छन् । आज आफूलाई जति आधुनिक र प्रगतिशील भन्ने वालाले पनि वैदिक सामाजिक मर्यादा विरूद्ध अकरणीय-कार्य गर्न सक्तैन यो पनि पूर्वीय (वैदिक) धर्म व्यवस्थाकै प्रभाव हो भन्नु पर्दछ ।

वस्तुतः मर्यादाको संरक्षण, संवर्द्धन र प्रचारका लागि नै समय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयमा यो धरामा महापुरुषहरूको आविर्भाव भई नै रहन्छ। मर्यादा-पुरुषोत्तम राम, धर्म (मर्यादा) संस्थापक कृष्ण आदि २४ अवतार र तिनका आचार – विचार र कार्यगत मर्यादामय जीवनलीला यसका उदाहरण हुन्। अत एवं निष्कर्षमा यो भन्न सकिन्छ कि मर्यादा नै धर्म हो र धर्म भनेको मर्यादाको मर्यादित रूपान्तर नै हो। भनिएको पनि छ।

"येनास्य पितरो याता येन याता पितामहः।
तेन यायात् सतां मार्गं तेन गच्छन्न दुष्यति ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुवनकोशविनोद (क्रमागत)

मह.प्रा.शम्भुप्रसाद ढकाल

त्यस्त गरी मेरूको मान यस प्रकार ल्याउन सकिन्छ—

मेरू—सल=मेस+रूस=२ मेस
वा २ मेस=३२०००–१००००=२२०००
वा मेस=२२००० ÷ २=११०००

यहाँ यसरी आएको मेसको मान ब्रह्मपुरीको वरिपरि बाहिर पट्टि रहेको ठाउँको अधिकतम विस्तार हो। ....(२)

यस्ता किसिमले प्राप्त भएका न्यूनतम र अधिकतम विस्तारको योग गरेर आधा गर्दा सालाखाला विस्तार आउँछ। यस किसिमबाट प्राप्त भएको विस्तार ६६६४.४६६०६५ योजन हुन्छ। यसलाई पनि अष्ट दिक्पालहरूका आठ शहर मध्ये कुनै पनि एउटा शहरको मोटामोटी विस्तार हो भन्न सकिन्छ। ......ख यसरी दुई तरीकाले साधन गरिएको दुई किसिमको विस्तारमा केवल ५८२ योजन जतिको मात्र अन्तर पर्न आएको छ। यहाँ जतिको अन्तर परेता पनि माथि प्रस्तुत गणितद्वारा के कुरा सिद्ध हुन्छ भने ब्रह्मपुरिको वरिपरि ९३८२ योजन विस्तार भएका ८ ओटा क्षेत्रहरू मजासंग अटाउन सक्तछन्। त्यस्तो ठाउँमा २५०० योजन विस्तार भएका अष्ट दिक्पालहरूका ८ वटा शहरहरू न अटाउने भन्ने त कुरै उठ्दैन। त्यस कारण पुराणहरूले अष्टदिक्पालहरूको शहरहरूलाई मेरूको शिरमा नै परिकल्पना गरेको हुनु पर्छ जस्तो लाग्छ।

"एवं नवकोटय एकपञ्चाशल्लक्षाणि ....
तस्मिन्नैन्द्री पुरी पूर्वस्मान्मेरो र्देवधानीं नाम दक्षिणतो याम्यां संयमनीं नाम, पश्चाद्वारूणीं निम्लोचनीं नाम उत्तरत सौम्यां विभावरीं नाम..........॥७॥

यसरी मेरूको केन्द्र बिन्दुबाट १५७५०००० योजन टाढा रहेको मानसोत्तर पर्वत माथि घुम्ने सूर्यको बाटो ९ करोड ५१ लाख योजन छ। त्यस मानसोत्तर पर्वतमा मेरूको पूर्वदिशामा इन्द्रको देवधानी, दक्षिण दिशामा यमराजको संयमनी, पश्चिम दिशामा वरुणको निम्लोचनी र उत्तर दिशामा चन्द्रमाको विभावरी नाम गरेका शहरहरू छन्।"

—श्रीमद्भागवत ५।१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी वेद व्यासजी श्रीमद्भागवतको पञ्चम स्कन्धको १६ अध्यायमा अष्टदिक्पालहरूको शहरहरूको परिकल्पना गर्ने सिलसिलामा "तामनु परितो लोकपालानामष्टानां .... त्यसपछि ब्रह्मपुरीको वरिपरि आठ लोकपालहरूका शहरहरू छन्" भनी मान्दछन् भने १९ औं अध्यायमा गएर इन्द्रादि दिक्पालहरूको शहरहरूलाई मानसोत्तर पर्वतमा परिकल्पना गर्दछन् ।

तर यहाँ अलिकति भनाइमा फरक देखिन आएको छ । त्यो के हो भने मेरुको वर्णन गर्ने सिलसिलामा परिकल्पना गरिएको इन्द्रको शहरको नाम अमरावती, वरुणको शहरको नाम श्रद्धावती कुबेरको शहरको नाम महोदया र यमको शहरको नाम संयमनी भनिएको छ भने १९ औं अध्यायको सूर्य भ्रमण मार्गको वर्णन गर्ने सिलसिलामा इन्द्रको शहरको नाम देवधानी वरुणको निम्लोचनी, उत्तर दिशामा चन्द्रमाको विभावरी र दक्षिणमा यमको संयमनी भनिएको छ । यहाँ केवल यमपुरीको नाम मात्र मिलन आएको छ । अरू सबैको नाम फरक फरक छ ।

यस अनुसार इन्द्रादि दिक्पालहरूको शहरहरूलाई मानसोत्तर पर्वत माथि परिकल्पना गर्ने हो भने "तामनु परितो लोकपालानां" को अर्थ मेरुबाट बा वरिपरि भन्ने अर्थ गर्नुपर्ने हुन्छ । यो कुरा झन् पटक्कै मिल्दैन । यस्तो अर्थ गर्ने हो भने दिव्य दिनको परिभाषा अनुसार मानिसहरूको एक वर्षको देवताहरूको एक अहोरात्र हुन्छ भन्न मिल्दैन । किन भने दिव्यदिनको परिभाषामा सबै पुराणहरू सहमत छन् । यस कारण मानसोत्तर पर्वत माथि परिकल्पना गरिएका इन्द्रादि देवताहरूका शहरहरू बेग्लै हुन् । देवताहरूका शहरहरू देवभूमि इलावृत वर्षमा नै छन् । मेरुको शिरमा केवल ब्रह्मा मात्र वस्तछन् । अरू दिक्पालहरू (देवताहरू) मेरुको वरिपरि वस्तछन् ।

मेरुको वरिपरि १०–१० हज्जार योजन अग्ला मेरुका खम्बा (थाम) जस्ता चारवटा अवष्टम्भक पर्वतहरू छन् । ती चारवटा पर्वतहरूमा पूर्व दिशामा मन्दराचल नाम गरेको पर्वत छ । यस पर्वतको शिरमा ११०० योजन अग्लो र १००० योजन फैलिएको एउटा आँपको रूख छ । त्यहाँ एउटा दूधको तलाउ र एउटा नन्दन नाम गरेको वगैंचा पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पर्वत माथि इन्द्रको शहर छ । त्यस पर्वतको शिरबाट खसेकी अरुणोदा नाम गरेकी नदीले इलावृत वर्षको पूर्वी भागलाई सिञ्चित गरेकी छन् । दक्षिण दिशामा मेरुमन्दर नाम गरेको मन्दराचल जस्तै पर्वत छ । त्यस पर्वतको शिरमा एउटा जामुनाको रूख छ । एउटा महको तलाउ र एउटा चैत्ररथ नाम गरेको वगैंचा पनि छ । त्यस मेरुमन्दराचल पर्वतको शिरबाट झरेकी जम्बू नाम गरेकी नदीले इलावृत वर्षको दक्षिण भागलाई



प्लावित बनाएकी छन् । यसै पर्वतमा यम को संयमनि नगरी छ । पश्चिम-दिशामा सुपार्श्व नाम गरेको पर्वत छ । त्यसको शिरमा एउटा कदम्बको रूख, एउटा उखुको रसको तलाउ र एउटा वैभ्राजक नाम गरेको बगैंचा छ । त्यस पर्वतको शिरबाट बहेकी मधुधारा नाम गरेकी नदीले इलावृत वर्षको पश्चिमी भूभागलाई उदाप्लुत बनाएकी छन् । यसै पर्वतमा वरुणको श्रद्धावती नगरी छ । मेरु पर्वतको उत्तर दिशामा कुमुद नाम गरेको पर्वत छ । यस पर्वतको शिरमा वरको रूख, सङ्लो पानीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलाउ र सर्वतोभद्र नाम गरेको वगैंचा छ । त्यस पर्वतको शिरबाट उत्तर-तिर झरेको कामदूघ नामक नदले इलावृतको उत्तर भागलाई रसीलो बनाएको छ । यसै पर्वतमा कुबेरको महोदया नाम गरेको नगरी छ ।

पुराणहरूको आशय अनुसार चारै ओटा अवष्टम्भक पर्वतहरू, ती पर्वतहरूको शिरमा रहेका वृक्षहरू, तलाउहरू र वगैंचाहरू स्वजातिमा परस्परमा बराबर छन् । "मन्दरो मेरुमन्दरः सुपार्श्वः कुमुद इत्ययुत योजनविस्तारोन्नाहा मेरोश्चतुर्दिशमवष्टम्भगिरय उपक्लृप्ताः ॥११॥ चतुर्ष्वेतेषु चूतजम्बू कदम्बन्यग्रोधाश्चत्वारः पादपप्रवराः पर्वतकेतव इवाधिसहस्र – योजनोन्नाहास्तावद्विटपविततयः शतयोजन – परिणाहाः ॥१२॥ ह्लदाश्चत्वारः पयोमध्विक्षुरसमृष्टजला यदुपस्पर्शिन उपदेवगणाः ॥१३॥"

—श्रीमद्भागवतम् ५।१६

इलावृत वर्षको सर्वाङ्गपूर्ण चित्र —



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इलावृतवर्षभित्र अरू पनि धेरै पर्वतहरू छन् । ती पर्वतहरूमा मन्दरादि पर्वतहरूको बाहिर २० ओटा केशराचल पर्वतहरू छन् । ती पर्वतहरू यस प्रकार छन् – कुरङ्ग, कुरर, कुसुम्भ, वैकङ्क. त्रिकूट, शिशिर, पतङ्ग, रुचक, निषध शिनीवास, कपिल, शंख, वैदुर्य, चारुधि, हंस ऋषभ, नाग, कालञ्जर, नारद र आदि ।

केशराचल पर्वतहरू

पूर्व	दक्षिण	पश्चिम	उत्तर
१. कुरङ्ग ।	६. शिशिर ।	११. कपिल ।	१६. ऋषभ ।
२. कुरर ।	७. पतङ्ग ।	१२. शङ्ख ।	१७. नाग ।
३. कुसुम्भ ।	८. रूचक ।	१३. वैदूर्य ।	१८. कालञ्जर।
४. वैकङ्क ।	९. निषध ।	१४. जारुधि ।	१९. नारद ।
५. त्रिकूट ।	१०. शिनी वास ।	१५. हंस ।	२०. आदि ।

त्यस्तै केशराचल पर्वतहरूको बाहिर पट्टि १८–१८ हज्जार योजन लामा २–२ हज्जार योजन मोटा र अग्ला पूर्वबाट क्रमशः जठर र देवकूट, कैलाश करवीर, पवन र पारियात्र, त्रिश्रृङ्ग र मकर नाम गरेका २–२ ओटा मर्यादा पर्वतहरू छन् । यस्ता किसिमका मेरू आदि ३३ ओटा पर्वतहरू इलावृत वर्ष भित्र अवस्थित भएका देखिन्छन् । यही इलावृत वर्षभित्र, शिव र पार्वती विराजमान गर्नुहुन्छ । पुराणहरूको भनाई अनुसार यस इलावृत वर्षभित्र कुनै पुरुष पुगेछ भने पार्वतीको श्रापको प्रभावले उसलाई स्त्रीत्व प्राप्त हुन्छ । “इलावृते तु भगवान् भव एक एव पुमान्न त्वन्यस्तत्रापरो निर्विशति भवान्याः शापनिमित्तज्ञो यत्प्रवेक्ष्यतः स्त्रीभावस्तत्पश्चाद् वक्ष्यामि ।।१५।।

श्रीमद्भागवत ५।१७

यस्ता प्रकारले जम्बूद्वीप भित्रका ९ वर्षहरू मध्ये इलावृत वर्षको बारेमा संक्षेपमा वर्णन गरियो । अब क्रमशः भद्राश्व आदि ८ वर्षहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथक् पृथक् वयान गरिन्छ इलावृत वर्ष भित्र जति वर्णनीय वस्तुहरू छन् त्यति वस्तुहरू भारत वर्ष बाहेकका अरू वर्षहरूमा छैनन् । तथापि यहाँ सबै वर्षहरूको आकार प्रकार आदिको बारेमा केही उल्लेख गर्नु राम्रो हुने हुनाले श्रीमद्भागवत पञ्चमस्कन्धको १७–१८ औं अध्यायमा उल्लेख भएको क्रममा ती वर्षहरूको वयान गरिन्छ ।

२) भद्राश्व वर्ष—

इलावृत वर्षको पूर्व दिशामा भद्राश्व वर्ष छ । इलावृत वर्ष र भद्राश्व वर्षलाई गन्धमादन पर्वतले छुट्याएको छ । गन्धमादन पर्वतको लम्बाई ३४ हज्जार योजन छ र चौडाइ २ हज्जार योजन छ । भद्राश्व वर्षको पूर्वमा क्षार समुद्र छ । यसको दक्षिणमा निषध पर्वत, पश्चिममा गन्धमादन पर्वत र उत्तरमा नील पर्वतहरू छन् । गन्धमादन पर्वतदेखि क्षार समुद्र सम्मको यसको माझको पूर्व पश्चिम अन्तर ३१००० योजन छ भने दुइ छेउको पूर्व पश्चिम २८०२१ योजन छ । यसै भद्राश्व वर्षमा भद्रश्रवा नाम गरेका धर्मका छोराहरूले हयग्रीवावतार भगवान्को स्तुति गर्नु हुन्छ । "तथा च भद्रश्रवा नाम .... उपधावन्ति ।।१।।

—श्रीमद्भागवत ५।१८

३) हरि वर्ष—

इलावृत वर्षको दक्षिण दिशामा हरि वर्ष छ । पूर्व पश्चिम क्षार समुद्र सम्म फैलिएको यस हरि वर्षको र देवभूमि मानिएको इलावृत वर्षको सीमाको काम निषध नामक पर्वतले गरेको छ । त्यस्तै हरिवर्ष र भद्राश्व वर्ष अनि हरि वर्ष र केतुमाल वर्षलाई त्यही निषध पर्वतले छुट्याएको छ । हरि वर्षको चौडाई ९००० योजन छ भने लम्बाई ८२८४९ योजन देखि ९२४९९ योजन सम्म छ । यसै हरि बर्षमा नृसिंहावतार भगवान् विराजमान गर्नु हुन्छ । "हरि वर्षे चापि भगवान्नर हरिरूपेणास्ते । तद्रूप .... ।।७।।

—श्रीमद्भागवत ५।१८

४) केतुमाल वर्ष—

इलावृत वर्षको पश्चिम दिशामा भद्राश्व वर्ष जत्तै आकार प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिममा क्षार समुद्रसंम फैलिएको केतुमाल वर्ष छ। इलावृत वर्ष र केतुमाल वर्षको सीमाको रूपमा माल्यवान नामक पर्वत छ। यस वर्षको उत्तर र दक्षिण दिशामा नील र निषध पर्वतहरू छन्। यसै केतुमाल वर्षमा कामदेव स्वरूप भगवान् विराजमान गर्नु हुन्छ। "केतुमालेऽपि भगवान् कामदेव स्वरूपेणा .... ॥१५॥

—श्रीमद्भागवत ५।१८

५) रम्यक वर्ष—

इलावृत वर्षको उत्तर दिशामा रम्यक वर्ष छ। यी दुई वर्षहरूको सीमाको काम नील पर्वतले गरेको छ। यो वर्ष हरि वर्ष जस्तै पूर्व पश्चिम क्षार समुद्र सम्म फैलिएको छ र यस वर्षको आकार प्रकार र नाप हरि वर्षको जति नै छ। यसै रम्यक वर्षमा भगवान्ले मत्स्यावतार स्वरूपको दर्शन दिनु भएको थियो। "रम्यकेच भगवतः प्रियतमं मात्स्यमवतार रूपं .... ॥२५॥

—श्रीमद्भागवत ५।१८

६) हिरण्मय वर्ष—

पूर्वमा र पश्चिममा क्षार समुद्र सम्म फैलिएको यस हिरण्मय वर्षको दक्षिण दिशामा श्वेत पर्वत र उत्तरमा शृङ्गवान् नामक पर्वतहरू छन्। यसको चौडाई ९००० योजन छ र लम्बाइ ६२५७८ योजन देखि ८०००० योजन सम्म फैलिएको छ। यसै वर्षमा भगवान्ले कछुवाको अवतार लिनु भएको थियो। "हिरण्मयेऽपि भगवान् निवसति कूर्मतनुं .... ॥२९॥

—श्रीमद्भागवत ५।१८

७) कुरु वर्ष —

जम्बूद्वीपको उत्तरी छेउमा अवस्थित धनुषाकारको कुरु वर्ष पूर्व उत्तर र पश्चिममा क्षार समुद्र सम्म फैलिएको छ। यसको अधिकतम लम्बाई ५७२३६ योजन छ भने अधिकतम चौडाइ ९००० योजन छ। यस कुरु वर्षको दक्षिण दिशामा शृङ्गवान् नामक पर्वत छ। यसै कुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षमा भगवान्ले वराहको अवतार लिनु भएको थियो । "उत्तरेषु च कुरुषु भगवान् यज्ञपुरुषः कृतवराह रूपः .... ॥३४॥

–श्रीमद्भागवत ५।१८

८) किंपुरुष वर्ष—

हरि वर्षको दक्षिण दिशामा किंपुरुष वर्ष छ । यो किंपुरुष वर्ष पनि पूर्व र पश्चिममा क्षार समुद्र सम्म फैलिएको छ । यसको उत्तरमा हेमकूट पर्वत छ भने दक्षिणमा हिमालय पर्वत छ । यसको चौडाइ ९००० योजन छ र लम्बाई ६२५७८ योजन देखि ८०००० योजन सम्म छ । यसै किंपुरुष वर्षमा हनुमानजी भगवान् रामको अविचल भक्ति भावले उपासना गर्दछन् । "किंपुरुषे वर्षे भगवन्तमादिपुरुषं लक्ष्मणाग्रजं सीताभिरामं रामं .... ॥१॥

–श्रीमद्भागवत ५।१९

भारत वर्ष—

जम्बूद्वीपको दक्षिणी छेउमा रहेको भारत वर्ष कुरुवर्ष जस्तै धनुषाकारको छ र आकार प्रकार नापमा पनि कुरु वर्ष जस्तै छ । यस वर्षको उत्तरमा हिमालय पर्वत छ भने अरू तीन तिर क्षार समुद्र छ । कुरु वर्ष र भारत वर्षको आकार प्रकारको बारेमा देवी भागवतमा यस्तो कुरा लेखिएको छ–धनुर्वत्संस्थिते ज्ञेये द्वे वर्षे दक्षिणोत्तरे । ... ॥५॥

– देवी भागवत ८।५

यसै भारत वर्षमा भगवान्ले नरनारायणावतार लिनु भएको थियो ।

यस भारत वर्षमा धेरै नद नदीहरू र पर्वतहरू छन् । चन्द्रवसा ताम्रपर्णी अवरोदा कृतमाला वैहायसी कावेरी आदि नदीहरू अन्ध र शोण नाम गरेका दुइ नदहरू र मलय मङ्गलप्रस्थ मैनाक आदि नाम गरेका पर्वतहरू छन् । "भारतेऽस्मिन् वर्षे ... ॥१६–१८)

श्रीमद्भागवतम् ५।१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता प्रकारले मैले जम्बू द्वीप भित्र रहेका ९ वर्षहरूको र ३३ पर्वतहरूको यथामति वयान गरें। त्यस्तै इलावृत वर्ष भित्रका ३३ ओटा पर्वतहरूको पनि माथि केही विस्तृत रूपमा चर्चा भइसकेको छ। जम्बू द्वीपको माझमा रहेको इलावृत वर्षलाई मात्र फेरी एक पटक नियालेर हेर्दा सो इलावृत वर्ष कस्तो आकार को देखिन्छ भने–

यस इलावृत वर्षको माझबाट चारै दिशा तिर ८–८ हज्जार योजन भूभाग मेरू पर्वतले ढाकेको छ। मेरूका फेदबाट चारैतिर ८–८ हज्जार योजन भूभाग मेरूको छहारीमा पर्दछ। यसको वरिपरि पूर्वादि चार दिशामा ८-८ ओटा पर्वतमालाहरू छन्। दिशाका ८ पर्वतहरू मध्ये ५ ओटा केशराचल पर्वतहरू एउटै लहरमा छन्। यस कारण मेरूको पूर्व दिशामा रहेका मन्दरादि पर्वत हरूको जम्मा मोटाइ ८ हज्जार योजन हुन्छ। त्यस्तै अरू तीन दिशामा रहेका त्यस्तै किसिमका पर्वतहरूको जम्मा मोटाई पनि ८–८ हज्जार योजन नै हुने भएकोले मन्दरादि ३२ ओटा पर्वतहरू मेरू पर्वतको वरिपरि छहारी भित्रै अवस्थित छन् भन्ने कुरा स्पष्ट हुन्छ।

जम्बू द्वीपमा विभिन्न किसिमका नदीहरू र गङ्गाहरू छन्। तिनीहरूमा विष्णुपदी प्रसिद्ध छ। विष्णुपदी नदीको वारेमा श्रीमद्भागवत पञ्चमस्कन्धको १७ औं अध्यायमा यस्तो कुरा लेखिएको छ–"तत्र भगवतः साक्षाद्यज्ञलिङ्गस्य विष्णोर्विक्रमतो वामपादाङ्गुष्ठनखनिर्भिन्नो... ... वामनावतार श्री भगवान् विष्णुको वाया पाउको बुढी औंलाको नङले प्वाल परेको आकाशको बाहिरबाट भित्र पसेको पानीको धारा ध्रुवलोक हुंदै सप्तर्षिहरूको मण्डललाई पार गरेर मेरूको शिरको माझमा अवस्थित ब्रह्मपुरी मनोवतीको माझमा खसेको छ। विष्णुको पाउद्वारा परेको प्वालबाट आएको हुनाले यस नदीलाई पुराणहरूमा विष्णुपदी को संज्ञा दिएको छ। परम पावनी विष्णुपदी मेरूको शिरबाट चारभागमा विभाजित भएर चार दिशा तिर गएकी छन्। पूर्व दिशा तिर गएकी सीता नदी मन्दराचल आदि पर्वतहरूको बाटो गरी गन्धमादन पर्वत हुंदै भद्राश्व वर्षलाई पवित्र र प्लावित बनउँदै क्षार समुद्रमा गएर मिलेकी छन्।

दक्षिण दिशा तर्फ बहेकी अलकनन्दा मेरूमन्दरादि पर्वतहरूको बाटो गरी निषध हेमकूट हिमालय आदि पर्वतहरू लाई पार गर्दै हरिवर्ष किंपुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष र भारत वर्षहरूलाई पवित्र वनाउँदै दक्षिण क्षार समुद्रमा गएर मिलेकी छन् । "यस्या स्नानार्थञ्चागच्छतः पुंसः पदे पदेऽश्वमेध राजसूयादीनां फलं न दुर्लभमिति ।।१०।।

—श्रीमद्भागवत ५।१७

परम पावनी अलक नन्दा स्वर्णदी अहिले पनि हिमालय पर्वतको बदरी क्षेत्र-बाट अविरल गतिले वहिरहेकी छन् ।

पश्चिम तिर गएकी चक्षु स्वर्णदी माल्यवान् पर्वतलाई नाघेर केतुमाल वर्षको बाटो गरी पश्चिम क्षार समुद्रमा गएर मिलेकी छन् । त्यस्तै उत्तर तर्फ गएकी भद्रा नदी नील श्वेत र शृङ्गवान् पर्वतहरूलाई पार गर्दै रम्यक हिरण्मय र कुरुवर्षहरूलाई पवित्र वनाउँदै उत्तरी क्षार समुद्रमा गएर मिलेकी छन् ।

यहा सम्म जम्बू द्वीपको वारेमा जति चर्चा परि चर्चा भयो त्यो सबै पुराणहरूको आधारमा नै भएको छ । पुराणहरूको अभिप्राय बुझेर ती पुराणहरूमा उल्लेख भएका विषयहरूको ज्ञान गर्न धेरै नै विचार गर्नु पर्ने हुन्छ । मूल वाक्यांशहरूको सोझो अर्थको आधारमा सम्बन्धित विषयको राम्रो ज्ञान गर्न सकिदैन । यो कुरा जम्बू द्वीपको वयानवाट नै स्पष्ट हुन्छ । यस सम्बन्धमा स्वतन्त्र रूपमा विचार गर्ने हो भने जम्बूद्वीपका सबै कुराहरू कपोल कल्पित हुन् कि जस्तो भान हुनु स्वाभाविक छ । जस्तो कि ८४ हज्जार योजन अग्लो सुमेरू पर्वत, त्यसमाथि रहेको ब्रह्माको सहर मनोवती, इलावृत वर्ष, त्यस वर्ष भित्रका मन्दरादि ३२ ओटा पर्वतहरू, जम्बू द्वीपका सबै वर्ष पर्वत र नदी हरू, अनि सिङ्गै जम्बू द्वीप पनि सबै आश्चर्यप्रद छन् । ८४ हज्जार योजन अग्लो सुमेरू पर्वतलाई देख्ने मानिस अहिले यस पृथ्वीमा कोही पनि छैन । अनि त्यो इलावृत वर्ष, जस भित्र रहेका मन्दरादि पर्वतहरू, ती पर्वतहरू माथि रहेका आँप जामुन आदि फलका रूखहरू, तलाउहरू र ती रमणीय नन्दनादि वगैंचाहरू यी वस्तुहरूलाई आज सम्म कसैले पनि देख्न सकेको छैन । यो कुरा पक्का हो । तर यी सबै कुराहरू आँखाले हेरेर मात्र देख्न सकिने कुराहरू होइनन् । यी वस्तुहरू मध्ये धेरैजसो विचारगम्य छन् । यी कुराहरूको वारेमा ज्ञान गर्नको लागि धेरै नै अध्ययन मनन र चिन्तन गर्नु पर्दछ । यी कुराहरूको वारेमा धेरै नै विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर मैले जाने वुझे सम्म प्रकाश पार्ने जमर्को गरेको छु। किन भने मैले पौराणिक भूगोलको वारेमा धेरै कुराहरु लेखेको छु। हाम्रा पूर्वज ऋषि महर्षिहरूले सुमेरु पर्वतलाई ८४ हज्जार योजन अग्लो किन कल्पना गरे ?, अनि १ लाखयोजन पृथ्वीको व्यास छ भनी मान्नुमा कारण के छ ? इत्यादि कुराहरूको वारेमा सोपपत्तिक उत्तर दिने कोशिस गरेको छु। त्यस्तै जम्बूद्वीपदेखि वाहिर रहेका प्लक्षादि छ ओटा द्वीपहरूको र क्षारोदादि समुद्रहरूको वारेमा पनि मैले केही प्रकाश पार्ने जमर्को गरेको छु। त्यति मात्र होइन श्रीमद्भागवत र अरू केही पुराणहरूको आधारमा हाम्रो सम्पूर्ण ब्रह्माण्डको वारेमा नै मैले जाने वुझे सम्म चित्र र उपपत्ति सहिता चर्चा परिचर्चा गरेको छु। मैले शोचेका ती कुराहरू पछि कुनै पनि पत्रिकाको माध्यम द्वारा श्रद्धेय पाठक वर्ग समक्ष ल्याउने छु। अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ रामः

गुरुवर-विद्वद्वर-श्रीदधिरामस्मरणम्-

-प्रा०श्रीलोकनाथढकालः

चेतनानन्द धामानं चेतनानन्ददायकम् ।
चेतनाराधितं कृष्णं चेतनाप्त्यै नमाम्यहम् ।१।

स्वधर्मनिष्ठं विदुषां वरिष्ठं प्रेष्ठं जनानां सुहृदां समेषाम् ।
प्राध्यापकं व्याकरणस्य, भक्त्या वन्दे गुरुं श्रीदधिरामसंज्ञम् ।२।

यः पश्यति स्वात्मसमान् समाञ्जनान् संबोधयन् भ्रातृपदोक्तिपूर्वकम् ।
निवृत्तरागं परमात्म-चिन्तकं वन्दे गुरुं तं दधिरामनामकम् ।३।

गुरुवरस्यातिसंक्षिप्तः परिचयः-

गौरीशगौरीगुरुभिः विराजितो राजन्य भूपालसुपालितश्चिरात् ।
विश्वम्भराभालप्रदेश एष नो नेपाल देशो भुवि राजते भृशम् ।४।

तदस्य वर्णाश्रमधर्मपालभूपालभू-परिपालितस्य नेपाल-भूमण्डलस्य प्राच्ये जनकपुराख्याञ्चलेऽचलप्रान्ते निवासिनी ब्रह्मकर्मपरायणे सुशीलब्राह्मणकुले लब्धजन्मा पौड्यालयोपनामा दधिरामनामा विप्रवरः नेपाल-राजकीयप्रधान - संस्कृत - पाठशालायां वाराणस्याञ्च समधीत्य पाणिनीयव्याकरणेप्रकाण्ड पाण्डित्यं लभते स्म ।

ततोऽसौ नेपाल-राजकीय-संस्कृत-प्रधान- पाठशालायाम् पदशास्त्राध्यायकपदमध्यतिष्ठत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स चक्षुषं वेदमसौ विदित्वा मुखस्थितं वेदमुखञ्च कृत्वा ।
प्रज्ञातवेद्यान्तर इद्धबुद्धि रध्यापकोऽभूत् पदशासनस्य ।४।

पाठशालाया एतस्या व्याकरणे सम्पूर्ण – मध्यमपरीक्षाप्रदानाय छात्रा बाराणस्यां प्रेष्यन्ते स्म -तदानीन्तन पाठ्यक्रमानुसारं चतुर्षु भागेषु विभक्ता सिध्दान्तकौमुदी चतुर्षु वर्षेषु समधीत्य पूर्णा भवति स्म । गुरुवरो ऽसौ प्रतिदिवसं सिद्धान्तकौमुद्याश्चतसृषु कक्षासु निर्धारितान् चतुरः पाठान् पाठयति स्म ।

स छात्रवर्गान् समपाठयत्सदा व्याख्यायुतां दीक्षितकौमुदीं मुदा ।
समानशैलीमवलम्ब्य पाठितामक्लेशतऽछात्रगणा अवेदिषुः ।५।

वदनस्थसविवरणवेदवदनोऽसौ विद्वद्वरो यां शैलीं यादृश-शब्दसमुदायांश्चावलम्ब्य पूर्वानध्येतृवर्गान ध्यापयति स्म परानपि प्रायशस्तयैव शैल्या तादृशैरेव शब्दसमुदायैः पाठयति स्म । अत एवास्य शिष्यवर्गेषु पाठानुपाठप्रणाली नियमतः प्रचलति स्म । अनया मननापरसंज्ञकया पाठलग्नप्रणाल्या क्लिष्टाऽपि दीक्षितकौमुदीप्रक्रिया क्लेशं विनैव विद्यार्थि भिरवेद्यत ।

गुरुतः श्रुतिगोचरीकृतो मननात् तस्य सतीर्थ्यकैः सह ।
विषयो विषमोऽपि निःश्रमम् जननी भाषितवत् प्रबुध्यते ।६।

अध्यापकवरोऽसौ सिद्धान्तकौमुद्याः पञ्चसन्धिप्रकरणं सव्याख्यानं सम्पूर्णम् प्राध्याप्य तत्र प्रथम –खण्डीयच्छात्राणां वाक्परीक्षां विदधाति स्म । वाक् परीक्षायां प्रति व्यक्ति चत्वारः प्रश्ना पृच्छ्यन्ते स्म । चतुरो यश्छात्रश्चतुरः प्रश्नान् यथाधीतमुत्तरयति स्म स गुरुप्रसादलभ्य –शुभाशिवादानिव शुभायतिकान् शताङ्कान् लभते स्म ।

इत्थं पञ्चसन्धिपरीक्षायां लब्धशताङ्काऽछात्रवराः वाराणसेयव्याकरण -सम्पूर्णमध्यम परीक्षायां यथाबुद्धिपरिशीलनं समुत्तीर्णा उत्तीर्णाश्च शास्त्रसंरक्षण–सुसेवनादिभिर्न केवलं स्वगुरोरेव किन्तु समेषां विदुषाम् स्वराष्ट्रस्य च कृत्स्नस्यातिप्रियकरा अभूवन् ।

अहञ्च दौर्भाग्यवशात् परीक्षोपसमयादेव माहेश्वरज्वराभिभूतोऽपि कथञ्चित् परीक्षा –भवन उपस्थाय वितीर्णपरीक्षः गुरुगुरुकृपाप्रभावप्रभवाध्ययन–कालिक–परिशीलन–बलादेव व्याकरणसम्पूर्णमध्यमपरीक्षोत्तीर्णोऽभवम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकरणमहार्णव पारीणोऽसौ यदा च शास्त्र्याचार्यपरीक्षयोरपि वाराणस्यामितश्छात्राः प्रेष्यन्ते स्म तदाऽपि तत्परीक्षापाठ्यग्रन्थान् प्राध्याप्य प्रथमश्रेण्यां समुत्तार्य स्वकीयं व्याकरणशास्त्रवैचक्षण्यं प्रदर्शयामास ।

तदसौ विवश्चिदपश्चिमो विप्रवरः प्रातः सायम् वेदविहितनित्यकर्मभिर्दिवा च जीवनोपायेनाध्यापनादिकर्मणा समयं यापयामास । कदाचित् भद्रकाल्याः पश्चाच्चत्वरे राजसेवार्थमुपविष्टं गुरुवरं विलोक्य कश्चिज्जिज्ञासुः पथिकः पृच्छतिस्म – "गुरुवर ? भवताऽपि किमिति राजसेवा विधीयते ?" । गुरुवरैरुक्तम् – "भ्रातः ? विद्यालयदिवसेसु विद्यार्थीनामध्यापनकर्मणा अवकाशदिवसेसु च राजसेवनेन वेतनोपभोगस्य परिपाकः क्रियते । राजस्वं हि दुर्जरं भवति ।" इतिश्रुत्वा विस्मितः स पान्थो यथागतं गतवान् ।

स रात्रिशेषे शयनं विहाय स्मृत्वा हरिं शौचविधिं विधाय ।
स्नात्वा च नद्यादिषु मन्त्रपूर्वम् जजाप नित्यं श्रुतिमातृमन्त्रम् ।७।

यज्ञशिष्टामृतं प्राश्य ब्रह्मतेजसमुज्ज्वलः ।
विद्यालयम् उपस्थाय छात्रानध्यापयत् सदा ।८।

सदाचारपरो विप्र इतिहेतोरुपस्थितौ ।
घटीद्वयविलम्बोऽस्य क्षम्यतेस्माधिकारिभिः ।९।

गुरुवरोऽसौ फलाहारादिना स्मार्तैकादशीव्रतं विधाय उपवासेन वैष्णवैकादशीव्रतं विदधाति स्म । एवमन्यानि तिथिवारव्रतान्यपि यथाशास्त्रविधानं व्यदधात् ।

कार्यावसानेऽपि विदांवरोऽसौ चिक्षेप कालं परमात्मचिन्तया ।
परापरब्रह्मविचिन्तयेत्थम् महर्षिकल्पः क्षितिभूषणोऽभूत् ।१०।

निन्दा–प्रशंसादिविकारहेतवो विकारयन्ति स्म न तस्य मानसम् ।
धराऽमरोऽसावुरु धैर्यधारको धैर्यव्रतानां धुरि कीर्तितोऽभूत् ।११।

आत्मजस्याद्वितीयस्य वियोगो भृशदारुणः ।
येन कण्डुतिवत् सेहे को धैर्यं तस्य वर्णयेत् ।१२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स आर्जवाद्यात्मगुणै र्गरिष्ठैः शास्त्रीयपण्डित्यसमर्जनेन ।
यज्ञादिषड्ब्राह्मणकर्मभिश्च प्रख्यातिमायाद् विदुषां समाजे ।१३।

विद्वानसौ धैर्यार्जवादिसद्‌गुणानामाकर एवासीत् –

यदीयवैदुष्य-सुशीलतादि गुणै र्गरिष्ठैः प्रहितो गुणज्ञः ।
शिष्योऽभवत् प्राङ्‌नृपति र्महेन्द्रः को वर्णयेत्तस्य गुणाकरत्वम् ।१४।

दारिद्र्यदूरीकरणाय भूरि धनं न जग्राह महेन्द्रदत्तम् ।
निवेदयन् वेतनतः स्ववृत्ति निवृत्तरागाय नमोऽस्तु तस्मै ।१५।

ब्राह्मणोऽसौ द्वयं ब्रह्म विदित्वा ब्रह्मनालके ।
विहाय नश्वरं देहम् प्राप ब्रह्माद्वयं ध्रुवम् ।१६।

ब्रह्मीभूताय गुरवे दधिरामाय ज्ञानिने
वाक्यपुष्पाञ्जलि मिमम् श्रद्धयाऽहम् समर्पये ।१७।

वैशेषिको ऽहम् कविपूर्वसंभवः कदाऽपि नो लोचनगोचरा मम ।
सलज्जसाहित्यवधूकचा अपि कृतिः कथं स्यात् सकलाङ्गसुन्दरा ।१८।

गुरुपादकृपालेशलब्धविद्यालवोऽल्पधीः ।
लोकनाथढकालोऽसौ क्षम्यतां कृपया बुधाः ।१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म-चर्चा

—श्रीधर पन्त
उपप्राध्यापक

''यतोऽभ्युदय–निःश्रेयसःसिद्धिः स धर्मः''

'धर्म' व्यापक छ र गहन छ । धर्मको व्याख्या र विश्लेषण मनीषीहरूले नाना प्रकारले गरेका छन् । यतोऽभ्युदय निःश्रेयसः सिद्धिः स धर्मः, यसको विश्लेषण अपेक्षित छ ।

(१) महर्षि कणादको मतमा 'अभ्युदय' को अर्थ तत्त्वज्ञान र 'निः श्रेयस' को अर्थ दुःखहरूबाट आत्यन्तिक निवृत्ति हो । अतः 'तत्त्वज्ञान'-द्वारा दुःखहरूबाट नितान्त छुट्कारा पाउँनु नै धर्म हो ।

(२) महामुनि गौतमका मतानुसार 'अभ्युदय' अर्थात् स्वर्ग र 'निः श्रेयस' अर्थात् मोक्ष जसबाट उपलब्ध हुन्छ त्यो नै धर्म हो ।

(३) मीमांसा शिरोमणिहरूको 'चोदनालक्षणोऽर्थो धर्म' यस सिद्धान्तानुसार वेदप्रतिपादित कर्म (जैमिनीय मीमांसा सूत्र १।१।२) नै धर्म हो ।

'धर्म' को व्याकरण सम्मत व्युत्पत्ति यस प्रकार छः– धारणार्थक 'धृञ्' धातुबाट 'अर्तिस्तुहुसृधृत्योः' यस उणादि सूत्रले 'मन' प्रत्यय भएर धर्म शब्द निष्पन्न हुन्छ । अतः 'धरति विश्वमिति धर्मः' समस्त विराट् विश्वलाई नै धारणा गर्ने क्षमता भएको तत्त्व नै 'धर्म' हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महर्षि मनुको विचारमा धर्म दशलक्षणयुक्त छः-

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥

अर्थात् धृति (धारणा शक्ति) क्षमा, दम, अस्तेय (चोरी नगर्नु) शौच (आन्तरिक र बाह्यशुद्धि) इन्द्रियनिग्रह अर्थात् संयम, धीः (धारणायुक्त बुद्धि) विद्या (सा विद्या या विमुक्तये) सत्य (नास्ति सत्यात् परोधर्मः) अक्रोध (क्रोध नगर्नू) यी दश धर्मका लक्षण हुन् । महर्षिहरूले धर्म प्राप्तिका उपायहरू यस प्रकार बताएका छन् —

"आत्मवत् परत्र कुशलचिन्तनं शक्तितस्त्यागतपसी च धर्माधिगमोपायाः" । आफू जस्तै अर्काको पनि भलो चिताउनु शक्ति अनुसार त्याग र तपस्या गर्नु नै धर्म हो । यसै अर्थलाई पुष्टि गरेको छ निम्नवाक्यले—

'न खलु भूतद्रुहां कापि क्रिया प्रसूते श्रेयांसि'

प्राणीहरूसँग द्रोह गर्ने व्यक्तिहरूका कुनै पनि क्रियाहरू कल्याणकारी हुँदैनन् । अथवा त्यस्ता, प्राणीहरूसँग द्रोह गर्ने व्यक्तिहरूको क्रियाकलापबाट कल्याण प्राप्त हुन सक्तैन । अतः शास्त्रले भन्छ–

'आत्मनः प्रतिकूलानि परेषां न समाचरेच्'
'महाभारत'

अर्थात् आफूलाई प्रतिकूल हुने काम अरूलाई नगर्नु । माथि दुःखहरूबाट छुट्कारा पाउनु नै धर्म हो भन्ने उल्लेख भएको छ ती दुःखहरू चार प्रकारका छन्—

"दुःखं चतुर्विधं सहजं दोषजमागन्तुकमन्तरङ्गञ्चेति ।"
यी दुःखहरूको विश्लेषण यस प्रकार गरिएको छः-

(१) सहजं क्षुत्तर्षपीडा मनोभूभवं चेति ।

(२) दोषजं वातपित्तकफवैषम्यसंभूतम् ।

(३) आगन्तुक वर्षातपादिजनितम् ।

(४) न्यक्कारावज्ञेच्छाविघातादि-समुत्थमन्तरङ्गजम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्– भोक र तिर्खाद्वारा मानसिकपीडा हुने सहज दुःख हो। वात, पित्त, कफको विषमताले उत्पन्न दुःख दोषज हो। वर्षा गर्मी र शीत बाट हुने दुःख आगन्तुक हो। धिक्कार, तिरस्कार, इच्छा विपरीत कार्य आईपुग्नु, इष्टजनवियोग, अनिष्टसमागम आदि अन्तरङ्ग दुःख हुन्। यी समस्त दुःखहरूबाट आत्यन्तिक निवृत्तिका उपायहरू सांख्यशास्त्रमा यस प्रकार उल्लेख गरिएका छन् —

दुःखत्रयाभिघाताज्जिज्ञासा तदभिघातके हेतौ।
दृष्टे सापार्था चेन्नैकान्तात्यन्ततोऽभावात् ॥

सांख्यकारिका का.सं. १

मूलतः दुःख तीन प्रकारका छन् — १. आध्यात्मिक २. आधिभौतिक र ३. आधिदैविक । यी दुःखहरूमा आध्यात्मिक दुःख २ प्रकारको हुन्छ — शारीरिक र मानसिक। आधिभौतिक मनुष्य, पशु, पंक्षी आदि प्राणीहरूबाट हुने दुःख हो। ठण्डी, गर्मी, वर्षा आदिबाट हुने दुःख आधिदैविक हो। अतः यिनी दुःखहरूबाट मुक्ति पाउनका लागि तन्निरोधक उपायहरूप्रति जिज्ञासा हुनु स्वाभाविक हो। तदनुरूप तत्परिहारका दृष्ट (लौकिक) उपायहरू छन् जसबाट उक्त दुःखहरू केही क्षणका लागि दूर-हुन सक्तछन् तर ती दुःखहरूको निर्मूलन शास्त्रोक्त उपायहरूबाट नै हुन-सक्तछ। तस्मात्—

दृष्टवदानुश्रविकः, सह्यविशुद्धिक्षयातिशययुक्तः।
तद्विपरीतः श्रेयान् व्यक्ताव्यक्तज्ञविज्ञानात् ॥

सांख्यकारिका का. सं. २२

उक्त त्रिविधतापोपशमनका लागि लौकिक उपाय जस्तै वैदिक कर्म (अश्वमेधादियज्ञ) उपायहरू पनि हिंसायुक्त भएका हुनाले सांख्यशास्त्र अहिंसापरक भएको हुँदा उक्त वैदिक र लौकिक उपायहरू भन्दा पृथक् मार्गको अवलम्बन गर्न उपासकहरूलाई समुचित मार्ग निर्देश गरेको छ तदनुसार—व्यक्त— (महदादि, बुद्धि अहङ्कार, पञ्चतन्मात्रा, पञ्चमहाभूत एकादशेन्द्रियहरू, अव्यक्त प्रकृति), ज्ञः (पुरुष) यिनी सबै मिलेर २५ तत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् इनको विशेष ज्ञान बाट श्रेय (कल्याण) हुन्छ ।

पञ्चविंशतितत्त्वज्ञो यत्र–तत्राश्रमे वसन् ।
जटी, मुण्डी, शिखी वापि, मुच्यते नात्र संशयः ॥

सांख्य शास्त्रोक्त २५ तत्त्व जान्ने व्यक्ति जुन सुकै आश्रमसेवी होओस् (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ वा संन्यास) अवश्य मुक्त हुन्छ ।

अथवा योगशास्त्रले मार्गनिर्देश गरे अनुसार तत्–तत् मार्गावलम्बन-गर्नसके सद्यः मुक्ति हुन सक्दछ । 'मैत्री, करुणा, मुदिता, उपेक्षा' यी चार चित्तका वृत्तिहरू हुन् । पुण्यकर्म गर्नेहरूसँग मैत्री, दीन र दुःखीहरू प्रति करुणा, सुखीहरूलाई देखेर प्रसन्न चित्त हुनु, पापीहरूप्रति उपेक्षा-भाव राख्नु – यी उपायहरूले चित्त शुद्ध हुन्छ । साथै मानव ५ क्लेशहरूले नितान्त परिपक्क हुन्छ ती ५ क्लेशहरू यी हुन् – "अविद्या, अस्मिता, रागद्वेषाभिनिवेशाः पञ्चक्लेशाः" (१) अविद्या (अनित्य वस्तुलाई नित्य संझनु रूप अज्ञान) (२) अस्मिता (अहङ्कार) (३) राग (अभिमत विषयाभिलाषा) (४) द्वेष र (५) अभिनिवेश (कार्य र अकार्यप्रति आग्रह) यिनी पञ्चक्लेशहरूबाट व्यक्ति पीडित भएको हुन्छ । तस्मात् योगीहरू सबीज समाधिद्वारा आत्मसाक्षात्कार गरी मोक्ष प्राप्त गर्दछन् । यो नै परम-धर्म हो ।

इज्याचार–दयाऽहिंसा–दानस्वाध्यायकर्मणाम् ।
अयं तु परमो धर्मो यद्योगेनात्मदर्शनम् ॥
'याज्ञवल्क्यस्मृतिः ।

(१) यज्ञ (२) सदाचार (३) दया (४) अहिंसा (५) दान (६) स्वाध्याय हरूमध्ये योगद्वारा आत्मदर्शन गर्नु परम धर्म हो ।

मनीषीहरूले मोक्ष प्राप्तिका तीन मार्गहरू बताएका छन् —– १) ज्ञानयोग २) भक्तियोग र ३) कर्मयोग । यी तीनैको समन्वय झन् सिद्धिदायी हुन्छ । परस्पर भिन्न मार्ग भएता पनि उक्त तीनै मार्ग एक अर्काका पूरक हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्ण यजुर्वेदको तैत्तिरीयारण्यकमा धर्मको विस्तृत विवेचना गरिएको छ–

लोके धर्मिष्ठं प्रजा उपर्सपन्ति । धर्मेण पापमपनुदति । धर्मे सर्वं प्रतिष्ठितम् । तस्माद्धर्मं परमं वदन्ति ।

कृष्णयजुर्वेद तैत्तिरीयारण्यक १०।६३

महर्षिहरूले धर्मसाधनमा चरित्रलाई ठूलो बल दिएका छन् – "आचारःपरमो धर्मः" सम्यक् आचरण नै परम धर्म हो।

आचार हीनान्न पुनन्ति वेदाः, यद्यप्यधीताः सहषड्भिरङ्गैः ।

श्रीमद् देवी भागवत

जुन व्यक्ति आचार भ्रष्ट छ – त्यो भलेही षडङ्ग सहित वेदाध्यायी किन नहोस् ती वेदहरूले त्यस (आचारभ्रष्ट) व्यक्तिलाई पवित्र गर्न सक्तैनन् । तस्मात् सदाचार परमावश्यक छ । अतः स्मृतिको उद्घोष छः–

चतुर्णामपि वर्णानामाचारो धर्मपालनम् ।
आचारभ्रष्ट–देहानां भवेद्धर्मः पराङ्मुखः ।।
दुराचारो हि पुरुषो लोके भवति निन्दितः ।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेवच ।।

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चारै वर्णहरूले श्रेष्ठ आचरण गरेमा नै धर्म पालन गरेको मानिने छ । आचारभ्रष्ट व्यक्तिहरूबाट धर्म पराङ्मुख हुन्छ । दुराचारी व्यक्ति संसारमा निन्दित हुन्छ, त्यो दुराचारी सधैं दुःखी र व्याधिपीडित भै अल्पायु हुन्छ । त्यसको जीवनलीला शीघ्र नै समाप्त हुन्छ । अतः सदाचरणशील हुनुआवश्यक छ ।

स्मृति–प्रतिपादित दैनिक कृत्यहरू कहिल्यै छोड्नु हुँदैन । पराशर महर्षिले षड्कर्मनिरतहुन सचेत गरेका छन् –

सन्ध्या स्नानं जपो होमः स्वाध्यायो देवतार्चनम् ।
वैश्वदेवातिथेयञ्च षट्कर्माणि दिने– दिने ।।

१) स्नान–सन्ध्यावन्दन, २) जप–होम, ३) स्वाध्याय, ४) देव-पूजन, ५) बलिवैश्वदेव, ६) अतिथिसत्कार यी छ कर्म प्रतिदिन गर्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ। स्व कर्तव्य सदा सर्वदा सम्पन्न गर्नुपर्दछ । कर्तव्यच्युति महा-पाप हो। यसका साथै परोपकारलाई कहिल्यै विर्सनु हुन्न । अर्कालाई दुःखदिने काम कहिल्यै गर्नु हुन्न। महामुनी व्यासले यसैलाई ठूलो धर्म मानेका छन् –

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् ।

परोपकारः पुण्याय पापाय परपीडनम् ।।

सन्तशिरोमणि तुलसीले उक्त व्याससिद्धान्तलाई सुललित शब्दा-वलीमा यसरी अभिव्यक्त गरे–

'परहित सरिस धर्म नहि भाई ।

परपीडासम नहि अधमाई ।।'

उक्त सिद्धान्तमा आधारित 'सनातन धर्म' विश्वमा अद्वितीय छ' शाश्वत छ, अपरिमेय छ, अतुलनीय छ। त्यसैले महाभारतमा उल्लेखित वाक्यावली मननीय छः–

''सनातनोऽमृतो धर्मः'

महाभारत वनपर्व ३१३।६६

निष्कर्षमा, यसै सनातन (शाश्वत) धर्मद्वारानै अभ्युदय र निः–श्रेयस सिद्धि सुतरां प्राप्त हुन्छ। त्यसैले ''यतोऽभ्युदय निः श्रेयसः सिद्धिः स धर्मः'' यो महावाक्य धर्मको परिभाषा (Definition) को रूपमा पूर्ण रूपले अक्षरशः चरितार्थ भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य र ब्रम्ह; वैदिक छलफल

–डा० ऋषिराम पोखरेल

अनित्य र असत्यको निम्ति सत्यको पहिचान गर्न प्रायः सबै चाहन्छन् । असत्य र अनित्य कुराको सहारा लिएर यसो गर्दा सत्य झन् अलगिदिन्छ । टाढा टाढा भैदिन्छ । सत्य (ब्रह्म) को प्रकाशन बारे वेदमा भनिएको छ –

"तद्विप्रासो विपन्यवो जागृवांसः समिन्धते । विष्णोर्यत् परमंपदम् ।"

–यजुर्वेद ३४।४४

अर्थात् विश्व ब्रह्माण्डको सृष्टि, स्थिति र संहारकर्ता विश्व-व्यापकतत्त्व–(विष्णु अथवा विश्वव्यापी चैतन्य, अथवा परमेश्वर अथवा भनौं परब्रह्म) को त्यो परम पद (स्थान, गति वा महत्व) लाई विशिष्ट साधनाका धनी मेधावी (स्मृति विवेकको धारक बुद्धि भएका) विद्वान्, महात्मा, वा साधकले राम्ररी प्रकाश पार्दछन् । विद्वान् साधु सन्तका तपः साधना वा गुरु वचनका मद्दत र व्याख्या प्रवचनले सत्य चिनिन्छ । सत्य चिन्न सत्यकै आधार, सत्यकै व्यवहार, सत्यकै चिन्तन र अनुगमन आवश्यक हुन्छ । सत्यको आवरण असत्य (लोभ, लालस, रूप रङ्गको, आकर्षण अर्थात् छल–पद कामना) हो ।

"हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् –" (यजुर्वेद ४०।१७)

अर्थात् सत्यको मुख (मुहान) लाई असत्यको बिर्कोले छोपेको हुन्छ। जसले सत्यको शाश्वत प्रकाश चिनेको छ, उसलाई त्यस (सत्यलाई छोप्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिर्को बनेको असत्य (लोभ) ले अलमल्याउँदैन । यसरी प्रकाशित हुने त्यो ज्ञान पनि अनन्त छ । ज्ञान वा सत्यको अन्त्य पाइन्न । सत्य कहिले सम्म सत्य रहन्छ ? रूप, आकार प्रकारका दृष्टिले को के कति सत्य हो ? सत्यको सत्यता के हो ? सरल उत्तर यसको छैन । निश्चय नै जब सत्यको सीमा (अन्त्य, अवसान) देखिन्छ, तब त्यो तात्कालिक सत्त्व मात्र हुन्छ । वास्तविक सत्य हुन सक्तैन । सत्य त शाश्वत हुनै पर्छ । अनन्त, अविनाशी हुनै पर्छ । सधैं सर्वत्र उही हुनै पर्छ । नाम, रूप, गुणको आवरण हटे पछि सुनको डल्लोमा अनेकौं आभूषण पसे झैं सत्यमा सारा संसार अटाएको देखिन्छ । यो देखाई बाणाको ज्यासलमा नै सम्भव छ । अर्थात् ज्ञान प्रकासमति, शक्ति, संचार, गति जे जति भने पनि बुझ्न सकिने आगोको संयोगमा मात्रै सुनको आवरण (बिर्को, ढकनी, खोल) बनेको नाम, रूप, गुण र कर्म (फुली, औंठी, माला) आदिको नाश हुन्छ र अग्नि संयोग बाटै नयाँ आवरण पनि बन्दछ । यसको अर्थ हो अग्नि-संयोग ज्ञान-अज्ञान, उज्यालो-अंध्यारो, उत्पत्ति र नाश आदि विकल्प वा विरोधको र परिहारको कारण पनि हो । तर यो ज्ञान कसैले भन्दैमा, कतै कितावमा पढ्दैमा, कुनैको मुखबाट व्याख्या सुन्दैमा, अथवा आफ्नै मुखले मात्रै बक्दैमा उदाउँदैन । त्यसो भए त यहाँ सत्यको र असत्यको साधुको र चोरको पहिचान नै गर्न गाह्रो पर्ने थियो । कतिले साधु–सन्तको, धर्मात्मा धर्मवक्ताको नक्कली रूप बनाएर साधुबिरालोले मूसा सखाप पारे झैं धर्म, सत्य, सदाचार र साधुजनमा समेत आफ्नो अपयश दुर्नाम थोपरेर भ्रम पार्ने प्रयत्न गरेका छन् । तर पनि हातै पोल्न परे पनि आगोको तातो छाम्नै खोज्नेले अगेनोमा हात घुसार्छ नै । जोखिम वा खतरा मोल्न परे पनि सत्य र न्यायका निम्ति मानिस आफै होमिन खोज्छ । बन्धनबाट फुक्न पशु पनि खोज्छ । असत्य र बन्धन अप्रजातान्त्रिक एवं शोषण, अन्याय र अत्याचारका आश्रय हुन् । अन्धकार र अज्ञान एकै कोटिका हुन्। अंध्यारोमा हिंसा, अन्याय, अत्याचार, पापाचार व्यभिचार आदि हुन्छ भने अज्ञानमा अंध्यारो र उज्यालोको बोध हुँदैन । मौलिक हक, समानता र स्वतन्त्रताको बोध नभए प्रजातन्त्रको स्वाधीन सार्वभौम प्रकाशको चाहना हुँदैन । हिजोको साम्यवादीधारणा विरुद्ध आजको प्रजातान्त्रिक पद्धति प्रति देखिएको विश्वजनमतले पनि यो कुरा देखाइरहेको छ । यसकारण ब्रह्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् व्यापक तत्त्वको चिनारी आफैंले गर्नु पर्दछ । स्वयं आत्मसात् गर्नु पर्छ भनिएको हो ।

"तच्चज्ञान मयं व्यापी स्वसंवेद्यमनौपमम् ।"–विष्णु म. पुराण–१।२२।४२

अर्थात् त्यो ब्रह्म ज्ञानमय र व्यापक छ । त्यसलाई आफैंले आफैं भित्र आफ्नै मन वचन र कर्मद्वारा गरिएका अनुभवले जान्न सकिन्छ । स्वसंवेद्य छ । ब्रह्म ब्रह्म जस्तै छ । ब्रह्मको उपमान र उपमेय ब्रह्म बाहेक अर्को छैन । आकाश आकाशै जस्तो छ । राम र रावण, राम र रावण जस्तो हुन पर्छ उस्तै छन् ।

माथि चर्चा गरिएको ब्रह्मज्ञानलाई जीवनका हरेक पक्षसंग समन्वय स्थापित गर्दै जानु आवरण तथा विक्षेप शक्तिलाई चिन्न सक्नु र निर्लिप्त, निष्काम कर्म गर्दै जीवनलाई सार्थक बनाउन मन, वचन र कर्मद्वारा अग्रसर हुनु वेदान्त विद्याका उपासकहरूको चरित्र हुनुपर्दछ । ब्रह्म वैवर्त महापुराण अनुसार ब्रह्म वा ब्रह्म चैतन्य अवस्थामा कुनै प्रकारको आसक्ति र शक्ति सम्पन्नताको स्थिति बोध हुँदैन । निर्गुण निराकार, सत्, चित्, आनन्दको त्यो स्थिति ब्रह्मकै हुन्छ तर सृष्टिको इच्छा हुनासाथ (अर्थात् एकबाट धेरै हुने विषयको चाहना भएपछि) निर्गुण ब्रह्ममा स्वयं कै शक्तिको संचार (बोध) हुन गै (ऊ) सगुण रूपमा चिनिन्छ ।

"यो निर्गुणः स निर्लिप्तः शक्तिभिर्नहि संयुतः ।
सिसृक्षुराश्रितः शक्त्या निर्गुणः सगुणो भवेत् ।।"

–ब्र. वै. म. पु. ३।४२।३६

अर्थात् ब्रह्ममा कुनै पनि संस्कारको लेप रहदैन । कुनै पनि गुण रहदैन र शक्तिको संगत पनि हुँदैन । सृष्टिको इच्छा भएपछि शक्तिको आडलिएर सगुण र साकार बन्दछ । यसरी ब्रह्मले लिने ती दुई रूपलाई विष्णु–लक्ष्मी, शिवशक्ति, प्रकृति–पुरुष, ब्रह्म र माया अज र अजा आदि अनेकौं नाम दिइएको छ । वस्तुतः शक्ति र शक्तिमान् वा शिव–शक्ति दुई रूप हुनु पाडि एकै रूप र एकै आधारमा रहेको देखिन्छ ।–

"न शिवेन विना शक्ति र्नच शक्त्या विना शिवः ।:

–शिव महापुराण–(वा. सं.) ४।१।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् शिव विना शक्ति र शक्ति विना शि । रहदैनन् । लोक व्यवहारमा पनि सत्ताको आड शक्ति र शक्तिको आड सत्ता रहेकोले नै शक्तिहीन सत्ता र सत्ताहीन शक्तिको अस्तित्व रहेको देखिदैन । यसो भएतापनि शक्तिको इच्छामा शिव चल्दैनन् तर शिवको इच्छामा शक्तिमा क्रियाशीलता आउँदछ । शक्ति र शिवको विवादमा जगतै रहदैन ।

"शिवेच्छया पराशक्तिः शिवतत्त्वैकतां गता ।
ततः परिस्फुरत्यादौ सर्गे तैलं तिलादिव ।।"

शि.म.पु.(वा.)–४।१८

अर्थात् शिव (ब्रह्म) कै इच्छाले पराशक्ति शिवमा एकरूपमै बस्ने र सृष्टिका बेलामा तिलबाट तेल झैं ब्रह्मबाट अलगिएर ब्रह्म शिव) कै शक्तिका रूपले छुट्टै प्रकट हुने गर्दछ । यसरी ब्रह्मका दुई रूपलाई सुनभित्र गहनाका रूपमा देखिए झैं ऐक्य (एकाकार) अर्थात् नाम, रूप, गुण, कर्म, संस्कार आदि रहित अवस्थामा (आफूलाई ब्रह्मकै स्थितिमा पुऱ्याउँदा) आमाले नजन्माएको भ्रूण (गर्भ) अथवा वास्तविक मातृत्वका सामु सबै सन्तान् बराबर भए झै अनुभव हुन्छ । यस्तो सम स्थितिमा पुग्न राजा परीक्षितलाई शुकदेवले प्रेरणा दिएको चर्चा भागवतमहापुराणमा पाइन्छ ।–

"न द्रक्ष्यसि शरीरं च विश्वं च पृथगात्मनि" —१२।५।१७

अर्थात् अफूलाई पूर्वोक्त ज्ञानमार्गबाट परब्रह्मरूपमा स्थिर (निश्चल, दृढ) पारेपछि नाच, नाटक आदि हेर्दा हेर्दै आपनो स्थिति बिर्सेको दर्शक झैं आफू, आपनो शरीर, र विश्वमा कुनै फरक थाह हुँदैन । यसै कारण त ब्रह्मज्ञ ब्रह्मनै हुन्छ । यो सबै ब्रह्मै हो । यहाँ ब्रह्म बाहेक केही छैन भन्ने श्रुतिवाक्यलाई लोकाचारबाटै पनि प्रामाणिक मानिनु स्वाभाविक देखिन्छ ।

द्रष्टाले देखिने दृश्यमा चेतनाको आरोप गर्ने काम द्रष्टाले नै गर्ने हो । दृश्य पदार्थ त स्वयं दृष्टि सम्पन्न छैन । दृश्यले द्रष्टालाई हेर्न नसक्नुको अर्थ द्रष्टामा चैतन्य र दृश्यमा जडताको आरोप भएको मान्नु पर्दछ । अन्यथा चैतन्यहरूमा परस्पर द्रष्टा र दृश्यको स्थिति पनि आउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै भयो । यसै हुनाले योगवासिष्ठ (६।२।१९०।३९) मा भनिएको छ —

"बोधात्मनि न मोक्षोऽस्ति न बन्धोस्तीतिनिश्चयः ।"

अर्थात् ब्रह्म ज्ञान भएको समाधिसम्पन्न आत्मा (जीवचैतन्य) मा बन्धन र मोक्ष दुवै कुरा रहदैन । आत्मज्ञानीलाई बन्धन र मोक्षमा भेद रहदैन । म बन्धनमा छु । यो बन्धन हो । म मुक्त छु । यो मुक्ति हो भन्ने भेद र भेदानुभव (ज्ञान) भए सम्म बोध (समाधि) भएको मानिन्न। जब जड भरत वा अवधूत (दत्त) झैं आत्मज्ञान र त्यो व्यक्ति (लोक दृष्टि, माया, प्रपञ्चको बन्धन र मुक्ति वा हिलो र धुलाईको टण्टा) को व्यक्तित्व अनुभूतिमा आउँदैन तब बन्धन र मोक्षको प्रश्न उठ्ने कुरै भएन । बाँस र वासुरीमा पहिले बाँस अनि वासुरी चाहना हुनु स्वाभाविकै हो । कहिले त वासुरीकै चाहनाले पनि वासको संग्रह हुन्छ तर बांस र बाँसु-रीको अनित्यता बुझेर ती दुवैको परित्याग भएपछि मधुर ध्वनि श्रवणको आतुरताको स्वतः नै नआउने देखिन्छ । लोक व्यवहारमा नरह्यो बाँस नबज्यो बाँसुरी भने पनि बाँस, बाँसुरी र बजाईमा बाँसुरीको बजाई नै वास र बाँसुरीको संग्रहमा प्रयोजक वा प्रेरक कारण देखिन्छ । त्यस-कारण बाँस र बाँसुरीबाट भन्दा स्वर प्रेमबाट नै अलग्गिन पर्दछ भन्ने शास्त्रीय सिध्दान्त रहेको हो ।

जुन सुकै वस्तुको उत्पत्तिमा पनि कुनै न कुनै एउटा कारण हुनै पर्ने प्राकृतिक नियम (शाश्वत, सत्य, निर्णय) रहेको छ । यस प्रसंगमा वेदले विश्वको उत्पत्ति एउटै तत्त्वबाट भएको मान्दछन् । बुद्धिचातुर्यले गर्दा विद्वान् विचारक विप्रहरू एउटै तत्त्वलाई अनेक दृष्टिबाट हेरेर हजारौं नाम, रूप, गुण आदिका रूपमा व्यक्त गर्दछन् ।–

"एकं सद्विप्रा बहुधा वदन्ति ।" —ऋग्वेद-१।१६४।४६

यही तथ्यलाई यजुर्वेदले अझ स्पष्ट गर्दै 'द्युलोक, अन्तरिक्षलोक र पृथ्वीलोक (यस भित्रका चराचर पदार्थ सहित विश्व ब्राह्मण्ड र जीव जगत) एउटै तत्त्वबाट उत्पन्न भएको हो "द्यावा-भूमि जनयन् देव एकः" १७।१९।

माथि भनिएको त्यो एउटा तत्त्व के हो ? कस्तो हो ? कहाँ छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो विश्व निर्माणमा उपादान कारण के थियो ? ! बीऊ र क्षेत्र कुन थिए ? यी कुराहरूको सरल, सहज र स्पष्ट उत्तर शुक्ल यजुर्वेदका कतिपय मन्त्रहरूबाट प्राप्त हुन्छ । ती मध्ये केही यस प्रकार छन्–

"हिरण्य गर्भः समवर्ततांग्रे"

–यजुर्वेद–१३।४

अर्थात् विश्व ब्रह्माण्डको सृष्टि भन्दा पहिले हिरण्य गर्भ थिए । ती हिरण्य गर्भ को हुन् त ? भन्ने प्रश्नको उत्तरमा भनिएको छ–

"प्रजापतिर्ह वा इदमग्र एक एवास"

–शतपथब्रा० २।४।२।१।

अर्थात् 'यो विश्व ब्रह्माण्डको उत्पत्ति भन्दा पहिले एक्ला प्रजापति मात्रै थिए ।' यस ब्राह्मण भागको वचनले पनि सन्तुष्टि नभएको स्थितिमा मन्त्र भागले यसलाई अझ स्पष्ट गर्दै भनेको छ–

"दिवस्परि प्रथमं जज्ञे"

–शु. यजुर्वेद–(१२।१८),

अर्थात् 'त्यो हिरण्य गर्भ प्रजापति पहिले धुलोकमा सौर मण्डल माथि प्रकट भयो ।'

"तच्चक्षुर्देवहितं पुरस्तात्"– (शु. य वे.–३६।२०)

अर्थात् त्यो विश्व प्रकाशक, विश्वकल्याणकारी तत्त्व प्रत्येक सृष्टिको विहानी पख, हिरण्य गर्भ (पहेलपुरे अनन्त आकाश गर्भ) बाट निस्केर पूर्वतिर देखा पर्दछ । "सूर्य आत्मा जगतस्तस्थुषश्च"–(शु. य. वे.–१७)

अर्थात् (सूर्य प्रकाश संवाहक सप्त रंगी किरण) का रूपमा आकाशमा सर्दै हिंडदछ । आकाशमा उज्यालो भै सर्दै जाने भएर नै सूर्य भनिएको हो । सूर्य (सौरतत्त्व) स्थावर जङ्गम सहित विश्वब्रह्माण्डको आत्मा (प्राण, आश्रय, आधार, चैतन्य) हो ।" अग्नि पुराणमा भनिएको छ –

"अयस्कान्तं यथात्मयः"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् जसरी फलाम आफ्नो प्रिय चुम्बक (अयस्कान्त) तिर आकृष्ट हुन्छ, उसरी नै विश्व ब्रह्माण्ड परब्रह्म परमेश्वर तिर खिचिन्छ। अर्को तिर जाने ठाउँ नभएर हैन अर्कोतिर जाने तागत नभएर वा नसकेर नै फलाम चुम्बक तिर सर्कन्छ पनि भन्न सकिन्छ। तर चुम्बकमा फलाम तान्ने र फलाममा चुम्बकतिर तानिने स्वभावका सामुन्ने त्राहीं न्युटन जस्ता वैज्ञानिक वा आदर्श डार्विन जस्ता नवचिन्तकले पनि शिर झुकाउनै पर्छ। वस्तुतः परमेश्वर भनेको ब्रह्म, अदृश्य, शक्ति, आत्मा, पुरुष, प्रकृति अणु, बृहत् (महत्) आदि अनेकौं नामको एउटै प्रतीक हो।

मनुष्य जातिका पिता आदिराज मनुले यसबारे आपनो विचार यसरी व्यक्त गरेका छन्ः—

''प्रशासितारं सर्वेषां अणीयांसमणोरपि।
रुक्माभ स्वप्नधीगम्यं विद्यात्तं पुरुषं परम्॥
एतमेके वदन्त्यग्निं मनुमन्ये प्रजापतिम्।
इन्द्रमेके परे प्राणं अपरे ब्रह्म शाश्वतम्॥

—(मनुस्मृति—१२।१२२—३)

अर्थात् समस्त विश्व ब्रह्माण्डको (स्रष्टा एवं) प्रशासक महान् (महत् र बृहत्) भन्दा महान् र अणु भन्दा सानो छ। त्यो पुरुष सुनौला कान्तिवाला छ। त्यस परम पुरुषलाई समाधि (प्रत्येक प्रश्नको समाधान गर्दै अन्तमा पुगेपछि) बुझ्न वा जान्न सकिन्छ। यसलाई एकथरीले अग्नि (प्रकाश, ज्योति, ताप पाक प्रकाशन कर्ता) भनेर चिने। अर्का-थरीले मनुका रूपमा अरूले प्रजापतिका रूपमा, अर्का एकथरीले इन्द्र (शक्ति केन्द्र, चैतन्य केन्द्र) का रूपमा स्पष्ट्याए भने फेरी अर्का थरीले प्राण, (विद्युत शक्ति, जीवन शक्ति, संचार शक्ति) हो भने। कसैले चाहीं त्यो ब्रह्म (व्यापक चैतन्य, गतिशीलतत्त्व उद्यमनशीलतत्त्व) भनेर जाने भने अर्का थरीले शाश्वत वस्तु (निरन्तर रहने, सधैं प्रवाहित भैरहने, अविनाशी सत्य, सनातन तत्त्व भने हो।)

मनु (मनुष्य जातिका मूल पुरुष) का उपर्युक्त भनाईको आधार एवं स्रोत वेद (मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्) का अनेकौं वाक्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको देखिन्छ। जो द्युलोक भन्दा उचो यस पृथ्वी भन्दा उदार एवं विशाल छ, जो देव, मानव असुर आदि जनजाती भन्दा भिन्न छ त्यो नै यो विश्व ब्रह्माण्डको मूलतत्त्व (ब्रह्म, अणु, सत्य आदि) भनिन्छ । भन्ने आशय निम्न लिखित मन्त्रको छ–

"परो दिवा पर एना पृथिव्या परो देवेभिरसुरैर्यदस्ति ।"

–शु. य वेद १७।२९

यसरी नै अथर्व वेद (१०।८।२३) मा "सनातनमेनमाहुः" यसलाई सनातन, सत्य, (नित्य, प्रवाहित हुने शाश्वत तत्त्व) भनिएको छ भने कठोपनिषद् (२।३।१५), मुण्डकोपनिषद् (२।२।१०) र श्वेताश्वतरोपनिषद् (३।१४) अनुसार त्यही व्यापक चैतन्यका प्रकाशले यो सम्पूर्ण विश्व-ब्रह्माण्ड विविधरूपले देखा पर्दछ । केनोपनिषद (१।२) ले त्यो तत्त्वलाई प्राणको पनि प्राण र आँखाको पनि आँखा (प्रकाशको प्रकाश) भनिदिएको छ । यस तत्त्वलाई चिनाउँदै बृहदारण्यक (४।३ प्रकरण) ले "स्वयं विहृत्य स्वयं निर्माण" आफैं संहार र सृष्टि (र रक्षा) गर्ने सत्तामय, चैतन्यमय आनन्दमय ब्रह्म आदि भनेको देखिन्छ। बृहदारण्यक उपनिषद् (श.ब्रा. १४ २।५।१९) मा त्यो चैतन्य वा आत्मा वा संज्ञानरूप अणुतत्त्व प्रत्येक रूप रंगमा पसेर तद्रूप तदाकार भएको छ भनेर अझ स्पष्ट पारिएको छ। त्यो स्वयं पूर्ण छ, रूप, गुण, परिमाण आदि रहित (शून्य) छ। शून्यबाट शून्य झिकेर शून्य स्वयं शून्य रहेर अर्को शून्यमा पनि पूर्णता (शून्यगत समानता समेत) रहेको झैं पूर्णबाट पूर्ण झिकेर पूर्ण बाँकी रहन्छ। त्यसैले त्यसलाई स्वयंमा पूर्ण छ भनिएको समेत पाइन्छ —

"पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।"

अर्थात् ०=० हुनाले दुवै शून्यहरू आफूमा पूर्ण छन् । ०+०–०÷०×० जे जस्तं पनि, अर्थात् शून्यलाई जोडे, घटाए, भाग गरे वा गुने पनि शून्य नै आउँछ र ती प्रत्येक शून्य आफूमा पूर्ण शून्य नै छन् । यसरी नै अणु वा ब्रह्म चैतन्य भन्ने वस्तु पनि स्वय पूर्ण छ । उसबाट उद्भूत विश्व ब्रह्माण्डमा पनि उ पूर्ण नै छ । ईशोपनिषद् (य.वे.४०।१७) ले जो सबै चराचर जगत्मा आत्म (चैतन्य, प्राण, अणु) रूपमा पसेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ अर्थात् जुन तत्त्वमा सारा तत्त्वहरू समाहित छन्, त्यो शाश्वत, सनातन, सत्य ब्रह्मचैतन्य आदि भनिने कुरो हो भनेको छ । जसरी पूर्व आदि दिशा छुट्याउन सूर्यलाई आधार मानिन्छ वा सूर्यमा नै सबै दिग् विभाजन अडिएको छ उसरी नै त्यहीं आदित्व तत्त्वमा यो बिश्वब्रह्माण्ड अडिएको छ । सूर्य (प्रकाश चैतन्य, अणु) विना बिश्व ब्रह्माण्डको स्थिति गति वा कल्पना गर्न सकिन्न । "आदित्ये हीमेलोका दिग्भिरासक्ता" (शत पथब्राह्मण –६।७।१।१७) । त्यो तत्त्वलाई कतै मूर्त, कतै अमूर्त, कहीं निरुक्त त कहीं अनिरुक्त, कहिले प्रत्यक्ष कहिले परोक्ष रूपमा रहेको छ भनी विविधशास्त्र शास्त्रकार, दार्शनिक; चिन्तक, विवेचक आदिले स्पष्ट पारेका छन् ।

वेदका मन्त्रले ईश्वर, परब्रह्म, परमेश्वर, सत्य, अणु आदि भनिने त्यस तत्त्वको, जसको महत्ता, यश, नाम, रूप, गुण, परिमाण आदिको इयत्ता (यति नै भनेर अत्तोपत्तो) छैन त्यसको प्रतिमान (प्रतिरूप उस्तै अर्को छैन–"न तस्य प्रतिमा अस्ति यस्य नाम महद् यशः" ।– (यजुर्वेद ३२) भनी अर्थ्याएको छ ।

तीन लोक चौध भुवन सहितको विश्व ब्रह्माण्डमा मुख्य (जेठो, श्रेष्ठ, सारतत्त्व) पनि यही नै हो – "तदिदास भुवनेषु ज्येष्ठम् (यजुर्वेद ३०।८०) । त्यो तत्त्व अन्तर्यामी र अमर छ भन्ने आशय शतपथ ब्राह्मणको देखिन्छ ।–

"अन्तर्याम्यमृतः" –श. ब्रा. १४।३।७।३

"कामदुधा हि शब्दा" भन्ने शास्त्रीय वचन अनुसार माथिका वेद वाक्यको अनेकौं अर्थ लाउन सकिन्छ । जस्तै भनौं –

१) जो अन्तर्यामी छ त्यो अमर छ ।

२) अन्तर्यामी र अमर हुन्छ (जो त्यो तत्त्व बुझ्दछ ।)

३) त्यो अन्तर्यामी र अमर छ ।

४) अन्तर्यामी अर्थात् त्रिकालदर्शी भएकोले त्यो चैतन्य (सौरतत्त्व) शाश्वत छ ।

५) यो विश्व ब्रह्माण्ड भित्र भित्रैबाट अदृश्य (प्रकृति, शाश्वततत्त्व) ले नियन्त्रित छ र अनित्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी वेदका अनेकन वाक्य र वाक्यांशलाई स्वानुकूल आशय अथवा उद्देश्यको अभिव्यक्ति साधनका रूपमा प्रयोग गरी अनेकौं विद्वान्-हरूले कैयौं वाद र सम्प्रदायको प्रवर्तन गरेका छन् । तर पनि आजसम्म वेद विद्याको अन्त्य अर्थात् रहस्य यही हो । यस मन्त्रको अर्थ यही हो भन्ने निष्कर्षमा चाहीं कुनै पनि विद्वान् दार्शनिक वा विचारक पुगेका देखिदैनन् । अत एव वेदका दृष्टिमा ब्रह्म चिन्तन कस्तो छ भन्नु पर्दा ब्रह्म बस्तु अनिर्वचनीय छ । अनादि छ र अनन्त छ । अणु वा महान् दुवै रूपमा छ । सर्वत्र सर्वरूपमा छ । जे देखिएको छ जति छ त्यो सबै ब्रह्म नै हो । ब्रह्म बाहेक यहाँ अरू केही छैन भन्ने वैदिक उद्घोष नै ब्रह्म विषयक निष्कर्ष हो भन्नु नै उचित हुनेछ । अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक धर्म चिन्तनको स्वरूप; एक संक्षेप

—डा० माधव भट्टराई

अत्यन्त विशाल दायरा र दीर्घतम परम्परा भएको वैदिक सनातन हिन्दु धर्मको मूल आधार वेद हो। वेदहरू जम्मा चार छन् — ऋक्, यजुः, साम र अथर्ववेद । यिनका ब्राह्मण, आरण्यक उपनिषद् र अंग, उपांग एवं उप वेदहरू समेत मिलेर वौदिक साहित्य बनेको छ । बेदको व्याख्या वैदिक साहित्य, एवं ऋषि–महर्षि मनु, सन्त–महात्मा विचारक, विद्वान्‌हरूद्वारा निर्मित धर्म शास्त्रका साथै रामायण, महाभारत र पुराण जस्ता विविध ग्रन्थहरूका रूपमा भएको छ । वैदिक साहित्य वैदिक संस्कृत भाषामा र अन्य शास्त्रीय तथा पौराणिक साहित्य लौकिल संस्कृत भाषामा आवद्ध छ ।

हिन्दु धर्म-संस्कृति अनुसार संपूर्ण सृष्टिको रचना ईश्वरबाट भएको हो । यसको पालन र संहार पनि ईश्वरबाटै हुन्छ । जुनसुकै, जेसुकै, जस्तोसुकै कार्य गर्न पनि ईश्वर समर्थ छन् । परिस्थिति अनुसार ईश्वरका विभिन्न रूप र कार्य हुन्छन् । यस स्थितिमा ईश्वरलाई, सगुण साकार भनिन्छ । रूप, गुण र आकारको सीमामा नरहेका एकरस र अखण्ड स्थितिका ईश्वरलाई निर्गुण निराकार भनिन्छ । यिनैलाई आत्मा, परमात्मा वा ब्रह्म, परब्रम्ह आदि शब्दले व्यवहार गरिन्छ । सगुण रूपमा ब्रम्हा, विष्णु, शिव, दुर्गा आदि विविध नाम रूपमा र नृसिंह, वामन, राम, कृष्ण; बुद्ध आदि विविध अवतार चरित्रको रूपमा भगवान्‌को पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्चना, ध्यान– कीर्तन गरिन्छ। ईश्वर वा आत्माको साक्षात्कार गर्न सके संसारका दुःख, कष्टबाट मुक्ति मिल्दछ र मुक्ति नमिल्दासम्म अनेक जन्म जन्मान्तका पीडा र वेदनाको अनुभव गरिरहनुपर्छ भन्ने पक्का धारणा यस धर्मको छ।

सृष्टि कसरी र कसबाट भएको हो? आत्मा वा परमात्मा कसलाई भन्दछन्? मोक्ष कसरी प्राप्त हुन्छ? शान्ति कसरी पाइन्छ? इत्यादि रहस्यमय तत्त्वहरूको चिन्तन गर्ने सन्दर्भमा पूर्वीय हिन्दु–परम्परामा दर्शनशास्त्रको विकास भएको छ। दर्शनहरू आस्तिक र नास्तिक दुई किसिमका छन्। वेदको समर्थन नगर्ने नास्तिक र वेदलाई प्रमाण मान्ने आस्तिक दर्शन हुन्। नास्तिक दर्शनमा चार्वाक बौद्धका चारभेद र जैन दर्शन पर्दछन् भने आस्तिक दर्शनमा वैशेषिक, न्याय, सांख्य, योग, पूर्वमीमांसा र वेदान्त दर्शन पर्दछन्। सबै किसिमका दुःखहरूको निवारण गर्ने लक्ष्यले प्रेरित महान् दार्शनिक–चिन्तक– विचारकहरूद्वारा प्रतिपादित यी दर्शनहरू हिन्दु चिन्तन– परम्पराका उच्चतम उपलब्धि हुन्।

धर्मको परिभाषा गर्ने सन्दर्भमा हिन्दु दार्शनिक – विचारकहरूले अत्यन्त उदार परिवेश, सूक्ष्म दृष्टिकोण र कल्याणकारी भावनालाई अङ्गीकार गरेका छन्। जनताको पालन–पोषण–संरक्षण गर्ने तत्त्व नै धर्म हो भन्ने उदात्त दृष्टि यसको छः–

धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः।
यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः॥

लौकिक उन्नति र पारलौकिक मुक्तिको कामना यसले गर्दछ –

यतोऽभ्युदयनिःश्रेयसः सिद्धि स धर्मः

समस्त चराचर जगत्को प्रतिष्ठा धर्ममा नै अडिएको छ भनेर हिन्दु धर्मले शङ्खघोष गरेको छ–

धर्मो विश्वस्य जगतः प्रतिष्ठा

स्मृतिकार मनुले प्रतिपादन गरेको दशलक्षणात्मक धर्म हिन्दुत्वको आदर्श हो, जस अनुसार धैर्य लिनु, सहनशील बन्नु, मन र इन्द्रियलाई काबुमा राख्नु, पवित्र हुनु, शास्त्रको अध्ययन र आत्मज्ञान गर्न रुचि राख्नु, साँचो व्यवहार गर्नु, चोरी नगर्नु, नरिसाउनु जस्ता गुण यसमा आवश्यक मानिएका छन्; जुन सार्वभौम र शाश्वत छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू संस्कृतिभित्र अनेक शाखा, प्रशाखा, सम्प्रदाय, दर्शन, वाद, मत, विचार र ग्रन्थहरू छन् तापनि ती सबैको मुख्य लक्ष्य आध्यात्मिक मानसिक शान्ति र परम सुख प्राप्त गर्नु नै हो। साधनाको क्रममा चाहिं अनेकौं विचारक, दार्शनिक, साधु, सन्त, महात्मा र ग्रन्थहरूले निर्देश गरेका आचार, विचार र व्यवहारका सानातिना भिन्नता अवश्य देखा पर्दछन्। तर यसबाट हिन्दुत्व खण्डित होइन, मण्डित बनेको छ; सीमित र संकुचित होइन, व्यापक र विस्तृत बनेको छ। त्यसैले विभिन्न शाखा र संप्रदायको ऐक्य देखाउने यो श्लोक हिन्दु जगत्मा निकै लोकप्रिय भएको छ–

यं शैवाः समुपासते शिव इति ब्रह्मे ति वेदान्तिनो
बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः
सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः॥

(शैवहरू शिव भनेर, वेदान्तीहरू ब्रह्म भनेर, बौद्धहरू बुद्ध भनेर, नैयायिकहरू जगतस्रष्टा भनेर, जैनहरू अर्हत् भनेर, मीमांसकहरू कर्म भनेर जसको उपासना गर्छन्, तीनै लोकका स्वामी भगवान् श्री हरि हाम्रो अभीष्ट सिद्धि गरून्।) "एकं सद् विप्रा बहुधा वदन्ति" भन्ने ऋग्वेदका ऐकात्म्यवादका पृष्ठ भूमिबाट प्रवाहित यस्तै चिन्तनको क्रममा "नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव" भनेर विभिन्न नदी, नाला, झर्ना, खोला र खहरे आदि पानीका बाटाहरू जतिसुकै भए पनि आखिर पुग्ने अन्तिम टुङ्गो समुद्र नै भए जस्तै साधनाका मार्ग जतिसुकै र जस्तासुकै भएपनि साध्य त उही एकै परमेश्वर हुन् भनिएको छ। यस्ता अनगिन्ती उक्ति र उद्धरणहरूले हिन्दु संस्कृतिको अनेकतामा एकताको सिद्धान्तलाई प्रतिपादन गरिरहेका छन्।

हिन्दु परम्परामा जन्मेदेखि मरणसम्म मात्र नभएर गर्भावस्थादेखि मृत्यु पछिसम्म पनि विभिन्न शास्त्रीय संस्कार र व्यावहारिक कार्यहरू सम्पन्न हुन्छन्। ती मध्ये १६ संस्कार विशेष प्रसिद्ध छन्। खासगरी जात-कर्म, नामकरण, विद्यारम्भ, उपनयन र विवाह जस्ता संस्कारहरूको यहाँ विशेष महत्त्व छ। संस्कारद्वारा मानिसमा विशेष किसिमका गुणहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधान भई शक्ति र क्षमतामा अभिवृद्धि हुन्छ भन्ने विश्वास गरिन्छ । तर यी संस्कार र रीतिरिवाजको पालन गर्ने चलन विभिन्न शाखा-प्रशाखा तथा जात-जाति र वर्ग-व्यवसायका मानिसहरूमा आ-आफ्नो कुल, सम्प्रदाय, परम्परा, परिस्थिति र औकात अनुसार थेर-थोर फरक पनि पाइन्छ ।

उपकार, सेवा, व्रत, दान, यज्ञ, अतिथिसत्कार, मान्यजनको आदर, राजभक्ति, जन्मभूमिप्रति सम्मान हिन्दु संस्कृतिका गौरव हुन् । गाईको सेवा र तुलसी, वरपीपल, वेल जस्ता कल्याणकारी वनस्पतिको पूजा गर्ने प्रथाका साथै सूर्य, चन्द्र, अग्नि, नदी आदिमा आस्था व्यक्त गर्ने प्रचलन हिन्दु जगत्मा प्रचलित छ । दशैं, तिहार, फागु पूर्णिमा, रामनवमी, कृष्ण-जन्माष्टमी बुद्ध-जयन्ती विभिन्न चाड-पर्व र उत्सव-समारोह मनाई आफ्नो परम्पराप्रति आस्था राख्ने र आदर्श विभूतिहरूको श्रद्धा गर्ने परिपाटी यसमा विशेष किसिमले चलेको छ ।

अन्ततः हिन्दु धर्म मानवमात्रको नभई प्राणीमात्रको कल्याण गर्ने भावनाले ओतप्रोत छ । 'मा हिंस्यात् सर्वा भूतानि' 'शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः' 'तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद् धनम्' 'परोपकारः कर्तव्यः प्राणैरपि धनैरपि' 'परार्थे यः स जीवति' 'आत्मौपम्येन सर्वत्र दयां कुर्वन्ति साधवः' 'आत्मवत् सर्वभूतेषु यः पश्यति स पश्यति' जस्ता उदारताको शिक्षा यही धर्मले दिन्छ । समस्त विश्वको आधार आत्मा नै हो (आत्मा खलु विश्वमूलम्), संपूर्ण पृथिवी एउटै परिवार हो (वसुधैव कुटुम्बकम्, स्वदेशो भुवनत्रयम्, यत्र विश्वं भवत्येकनीडम्), सर्वत्र इश्वरको वास छ - (ईशावास्यमिदं सर्वम्) जस्ता विश्वबन्धुत्व र मानवतावादका सन्देश हामी यस, धर्मबाट पाउँछौं यसैगरी "सं गच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्," मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षे, कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः, सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै जस्ता मित्रता, कर्मठता र लोक हितका शाश्वत र प्रेरणादायी भावधाराको समागम हिन्दुधर्म संस्कृतिका पद-पदमा देख्न सकिन्छ, जसबाट यसको अति उच्च गरिमा र महिमाको प्रत्यक्ष अनुभव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर चर्चा–

सहा० प्रा० भवानीप्रसाद खतिवडा

अनादि कालदेखि निरन्तर रूपमा चलिआएको धर्मलाई सनातन धर्म भनिन्छ। यसका दर्शनले देखाएका लक्ष्य सम्म पुग्ने उदेश्यले वेद आदि शास्त्र विहित कर्मलाई धर्म र यो आश्चर्यमय प्राकृतिक दृश्य रचनाको अभिन्न निमित्तोपादन कारणलाई ईश्वर भनिन्छ । एउटै ईश्वर मणिमा सूत्र झैं सबै खगोल भूगोल पाताल र चर अचर आदि सम्पूर्ण प्राणीहरूमा ओतप्रोत छ। दुधमा घिऊ, तिलमा तेल र दाउरामा आगो झैं ईश्वर सूक्ष्मरूपले सर्वत्र व्यापक छ। कपडामा धागो र आभूषणमा सुन झैं जगतदेखि अभिन्न पनि छ । विश्व निर्माता विधाताको यो आश्चर्यमय प्राकृतिक दृश्य रचना अन्तर्गत हामी आफ्ना आँखाले जो जति देखदछौं कानले जो जति सुन्दछौं मनले जो जति कल्पना गर्दछौं र हाम्रा यी इन्द्रिय र मनले न भेटेको जो सगुण वस्तु होला त्यो पनि ईश्वरदेखि भिन्न छैन । त्यसैले शास्त्रमा भनिएको छ—

खं वायुमग्नि सलिलं महींद्र च ज्योतींषी सत्वानि दृशो द्रुमादीन् ।
सरित्समुदांश्च हरेः शरीरं यत्किञ्चभूतं प्रणमेदनन्यः ।।

श्री. भा. ११–२–४१

आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य–चन्द्रादि तत्त्व सहित सबै प्राणीहरू र दशैदिशा रूख, नदी, समुद्र आदि सबै हरिका शरीर हुन् । जुन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुकै भौतिक वस्तुहरूलाई पनि ईश्वर संझेर पूजा गरोस् । अतः एव हामीहरूलाई शास्त्र संझाई रहेको छ कि- ईश्वरको उपासना गर्न कहीं टाढा जानु पर्दैन, अपितु ढुंगो, माटो, बालुवा, काठ–पात जेमा पनि तत्काल ईश्वरलाई संझेर पूजा गर्न सकिन्छ । प्रह्लादले संझने बित्तिकै खम्बा फोरेर प्रकट हुनु, द्रौपदीको पुकारले सारीमा वृद्धि हुनु, संसारमा अत्याचारको सीमाना नाघ्नासाथ यसै धर्तीमा भगवान्को अवतार हुनु इत्यादि ऐतिहासिक उदाहरणहरू पनि ईश्वरको व्यापकतालाई नै संकेत गरिरहेका छन् ।

यदि ईश्वर यत्र–तत्र सर्वत्र एक रूपले नरहे देशविशेषमा मात्र रहेको भए जहाँ आवश्यक पऱ्यो त्यहीं तत्काल तदनुकूल रूपमा प्रकट हुन अवश्य पनि संभव थिएन; अतः संपूर्ण चराचर जगतमा ईश्वर अभिन्न रूपले रहेको छ । यद्यपि ईश्वर अप्रमेय छ तापनि सगुण ईश्वरको जगत्-रूपी कार्यलाई देखेर कारण या कर्ता रूपमा अनुमान गर्न सकिन्छ । जस्तै घटलाई देखेर कुलालको कृषिलाई देखेर कृषकको कलालाई देखेर कला-कारको र वास्तुकलालाई देखेर वास्तुकारको अनुमान हुन्छ । त्यस्तै जग-तरूपी कार्यलाई देखेर यस जगतको पनि अवश्यमेव कुनै न कुनै कारण वा कर्ता होला भन्ने अनुमान गर्न सकिन्छ किनकि सबै कार्य सकर्तृक नै हुन्छन् । त्यसकारण चैतन्य स्वरूप ईश्वर नै विशुद्ध सत्त्व प्रधान माया-लाई लिएर निमित्त (कर्ता) र तमोगुण प्रधान प्रकृतिलाई लिएर उपा-दान हुनाले यस जगतको अभिन्न निमित्तोपादान कारण ईश्वर नै हो ।

विश्वका कुनै पनि प्राचीन, अर्वाचीन, दार्शनिक, वैज्ञानिकहरूको शाश्वत जीवनको विषयमा विभिन्न मत अवश्य छ तापनि "विश्वको म पनि एक सदस्य हुँ" भन्ने विषयमा कसैको वैमत्य छैन । तर विडम्बना के छ भने -'विश्वको प्राण नै मेरो प्राण हो, विश्वात्मानै मेरो आत्मा हो र विश्वात्माबाट प्रकट भएको हुनाले म विश्वात्मरूप नै हुँ" भन्ने अद्वैत भावना दृढ हुनुको बदला तँ र म तेरो र मेरो भन्ने भावनाले प्रश्रय पाई-रहेको छ । यही नै बन्धन हो ।

उपर्युक्त बन्धनले बाँधिएपछि आफ्ना दृष्टिमा सदैव भेद–भ्रान्ति, कर्ता भोक्तापनको भ्रान्ति, संगको भ्रान्ति, विकारको भ्रान्ति, ईश्वरदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिन्न जगतको सत्यताको भ्रान्ति, यी पाँच प्रकारका भ्रान्ति मात्र भासने (रत्यारपर्न)थाल्दछन्। यी भ्रान्तिबाट मानव मात्रलाई मुक्त गराउनका लागि पौरस्त्य दार्शनिकहरूले निम्न प्रकार दृष्टान्त दिएको पाइन्छ ।

१) विम्ब प्रतिविम्बको दृष्टान्तबाट भेद–भ्रान्तिको निवृत्ति हुन्छ । जस्तै ऐनामा मुखको प्रतिविम्ब भास्दछ तापनि त्यो प्रतिबिम्ब ऐनामा छैन, किन्तु ऐना हेर्दा त्यो हेर्नका निमित्त आँखाबाट निस्केको जो नेत्रको ज्योतिरूप वृत्ति हो त्यो दर्पणमा पुगेर दर्पणलाई स्पर्श गर्ना साथ दर्पणस्थ तेजले अभिभूत भएर फर्कन्छ र ऐनामा आफूतिर फर्केको मुखलाई देख्दछ, त्यसकारण प्रतिविम्ब मिथ्या होइन किन्तु सत्य नै हो । परन्तु प्रतिविम्बको धर्म विम्बदेखि भिन्नपना दर्पणस्थत्व (ऐनामा रहने गुण) विम्ब विपरीतत्व (विम्बदेखि उल्टोपना) इत्यादि र यिनीहरूको प्रकृतिरूप ज्ञान भने भ्रान्ति (मिथ्या) हो । यस प्रकार प्रतिविम्बमा कल्पित धर्महरू मिथ्या हुन् भन्ने बोध दृढ भएपछि विम्ब र प्रतिविम्बको भेद छैन भन्ने निश्चय हुन्छ ।

त्यस्तै शुद्ध ब्रह्मरूप बिम्बको अन्तःकरणरूप ऐनामा जीवरूप प्रतिबिम्ब ब्रह्म रूप विम्बका साथ सदा अभिन्न छ । परन्तु जीवमा जो विम्ब रूप, ईश्वरदेखि भिन्नत्व, जीवत्व, अल्पज्ञत्व, अल्प शक्तिमत्त्व, परिच्छिन्नत्व नानात्व इत्यादि धर्महरूको प्रतीति हुन्छ, त्यो सबै भ्रान्ति हो ।

२) यस्तै स्फटिकमा लालरङ्गको प्रतीति भएको दृष्टान्तबाट आत्मामा कर्तृत्व भोक्तृत्व पनाको भ्रान्ति हुड्दछ ।

जस्तो स्फटिक मणिमा जपाकुसुमको लालिमा संयोग सम्बन्धले भास्दछ तापनि त्यो लालिमा स्फटिक मणिको नभएर जपा कुसुमकै हो । किनकि फूलको र स्फटिक मणिको वियोगावस्थामा स्फटिक मणिमा रातो रङ्ग रहँदैन, अतः लालिमा स्फटिकको धर्म होइन अपितु कुसुमकै हो । यदि स्फटिकको भए वियोगावस्थामा पनि देखिनु पर्ने हो तर देखिदैन, त्यसकारण स्फटिक रातो छ भन्नु भ्रान्ति हो ।

त्यस्तै सत्– चित्, आनन्द, अद्वितीय यी चार आत्माका धर्म हुन् भने असत् जड दुःख सद्वितीय यी अन्तः करणका धर्म हुन् । आत्मा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तः करणका उपर्युक्त धर्महरू भिन्न भिन्न भए तापनि आगाले तातेको फलाम एक ज्यान भएर रहे झैं तादात्म्य सम्बन्धले कर्तृत्व भोक्तृत्व सुखित्व दुःखित्व अल्पज्ञत्वादि धर्म आत्मामा भान भएका हुन् । जस्तो कि पोल्ने फलामको धर्म होइन तापनि फलामले पोल्यो भनेर आगाको धर्म फलाममा र निराकार दाहकता शक्तिमा वर्तुलाकारको आरोप गरे झैं कर्तृत्व भोक्तृत्वादि अन्तः करणका धर्म आत्मामा आरोपित हुन् । किनकि सुषुप्ति अवस्थामा अन्तः करण आफ्नो कारण रूप अज्ञानमा लय हुँदा मनको र आत्माको वियोग हुन्छ त्यस अवस्थामा उपर्युक्त कर्तृत्व भोक्तृत्वादि धर्मको भान हुँदैन। यसकारण उक्त धर्महरू मनका हुन् आत्माका होइनन्– "कामः, सङ्कल्प विचिकित्सा, श्रद्धा, अश्रद्धा, धृति र धृतिर्ह्रीर्धीर्भीरित्येतत्सर्वं मन एव"–बृ. १–५–३ । किन्तु आत्मामा यी धर्महरूको जो भान हुन्छ त्यो भ्रान्तिबाट भएको हो।

त्यस्तै घटाकाशको दृष्टान्तबाट संग भ्रम हट्दछ। जस्तै घट उपाधिवाला आकाशलाई घटाकाश भनिन्छ तापनि घटको धर्मले त्यसलाई स्पर्श पनि गर्दैन किनकि उत्पत्ति विनाश गमनागमन इत्यादि धर्म घटमा रहन्छन्, आकाशमा रहदैनन् सामान्य दृष्टिले हेर्दा उत्पत्ति विनाशादि धर्म घटाकाश पनि घटे जस्तो देखिन्छ तापनि त्यो भ्रम मात्र हो। किनकि —

यथैकस्मिन् घटाकाशे रजोधर्मादिभिर्वृते ।
घटो व्रीयेत नाकाशस्तद्वदात्मा नभोपमः ।।

यस प्रकार आकाश अरङ्ग छ तापनि जो आकाशको घटका साथ सम्बन्ध भए जस्तो देखिन्छ त्यो भ्रान्ति हो।

त्यस्तै देहादि संघातरूप उपाधिका साथ आत्मा भास्तछ तापनि जन्म, मरण, स्थूल, कृशत्वादि धर्मले आत्मालाई स्पर्श सम्म पनि गर्न सक्दैन किनकि देहादि संघात दृश्य हो आत्मा द्रष्टा हो । द्रष्टा र दृश्य कहिल्यै पनि एक हुँदैनन् । त्यसकारण देहादि संघातदेखि ईश्वर घट र आकाश जस्तै भिन्न र अरङ्ग (रङ्ग रहित) छ । एवं डोरीमा कल्पित सर्पको दृष्टान्तबाट विकार भ्रान्ति हट्दछ। जस्तै मन्द अन्धकारमा विद्यमान रज्जुलाई हेर्न नेत्ररूप द्वारबाट अन्तः करण निस्कन्छ तर त्यो अन्धकाररूप दापले गर्दा डोरीको आकारलाई ग्रहण गर्न सक्दैन (अर्थात् अन्तः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करणको रज्वाकार वृत्ति बन्दैन) यस अवस्थामा विषय चैतन्य र प्रमाण चैतन्यको अभेद संभव छैन। अतः रज्जूपहित चैतन्यमा आश्रित जो तूला विद्या छ त्यो सर्प सम्बन्धी संस्कारद्वारा क्षोभ भएर सर्परूपमा परिणत हुन्छ। त्यो सर्प दूधको परिणाम दही झैं तूला विद्याको परिणाम र रज्जू-पहित चैतन्यको विवर्त हो।

त्यस्तै ब्रह्म चैतन्यमा आश्रित भएर रहेको जो मूल विद्या छ त्यो प्रारब्धादि निमित्तबाट क्षोभ भएर चिदाभासादि प्रपञ्चरूप विकारलाई धारण गर्दछ। अर्थात् प्रपञ्चरूपले परिणत हुन्छ। यो प्रपञ्च अविद्याको परिणाम र अधिष्ठान ईश्वर चैतन्यको विवर्त हो।

सुनमा कल्पित कुण्डलादिको दृष्टान्तबाट ब्रह्म भिन्न जगत्को सत्यताको भ्रान्ति हट्तछ। जस्तो सुवर्ण र कुण्डलको कार्यकारण भावकृत जो भेद जस्तो देखिन्छ, त्यो कल्पित हो। सामान्य दृष्टिले हेर्दा सुनदेखि भिन्न कुण्डलको आकार देखिएता पनि वास्तवमा त्यो सुवर्ण रूपै हो, किनकि सुवर्णको सत्तातिरिक्त सत्ता कुण्डलको छैन। अतः सुवर्णको र कुण्डलको जो भेद प्रतीत हुन्छ त्यो कल्पित हो। त्यस्तै ईश्वर र जगत्को कार्य कारण भावकृत र विशेषण कृत जो भेद प्रतीति हुन्छ त्यो पनि कल्पित हो। जो वस्तु जसमा कल्पित हुन्छ त्यो वस्तु त्यसदेखि भिन्न हुँदैन। त्यसैले यो जगत् ईश्वरमा कल्पित भएको हुनाले ईश्वरदेखि अभिन्न छ। अर्थात् ईश्वरको सत्तादेखि भिन्न सत्ता जगत्को छैन। यस प्रकार सुवर्णमा कुण्डलादि प्रतीतिको दृष्टान्तबाट ईश्वरदेखि भिन्न जगत्को सत्यताको भ्रान्ति हट्दछ। अतः मनन शक्ति सम्पन्न मानवमात्रले कृत्रिमता अथवा विकार देखि माथि उठेर, "विश्वको प्राण नै मेरो प्राण हो" "विश्वात्मा नै मेरो आत्मा हो" र "म विश्वात्माबाटै प्रकट भएको हुनाले विश्वात्मा र म मा भेद छैन" भन्ने भावनालाई सर्वोपरि जीवन मूल्यको रूपमा लिन (सकार्न) सक्नुपर्दछ। याज्ञवल्क्य ऋषिले राजा जनकलाई अध्यात्म रसायन पान गराउँदै भनेका छन् कि "द्वितीयाद् वै भयं भवति" भन्ने भावना तिमीमा दृढ भएको हुनाले –"अभयंवै जनक? प्राप्तोऽसि" हे जनक! तिमी अभयावस्थामा प्राप्त भइसक्यौ। विश्वमा जबसम्म म-देखि भिन्न अरू केही छ भन्ने भेद भावना रहन्छ तबसम्म मानव निर्भय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन सक्दैन यही कुरो श्रीमद्भागवतमा पनि पाइःछ –"भयं द्वितीयाभिनिवेशतः स्यात्" ११–२–३७— संसारमा द्वैत छ भन्ने आग्रहद्वारा भय उत्पन्न हुन्छ। यस प्रकार संक्षेपमा दार्शनिक दृष्टिले हेर्ने हो भने एकैबाट अनन्त भएको र अन्तमा सबै एकै भएको पाइन्छ वेद पुराणहरूमा। त्यसकारण एक अद्वैत नै सत्य हो। द्वैत भन्ने वस्तु विचारका कसौटीमा ठहर्दैन। जब सत्य भन्ने वस्तु एउटै हुन्छ दुइटा हुँदैन भने त्यही सत्य नै अद्वैत हो, जो अद्वैत सत्य हो त्यही नै वैदिक सनातन धर्मको ईश्वर हो।

हरिः ॐ तत्सत्।

मातृवत् परदारेषु परद्रव्येषु लोष्ठवत्।
आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः॥

–हितोपदेश।

अर्थः–

परस्त्रीमा मातृभाव, परद्रव्य (धन) मा खोष्टो वा माटोको भावना र सबै प्राणीमा आफु जस्तै भावना (आत्मभाव) जो राख्दछ, त्यो पण्डित हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"श्राद्ध" के हो र किन गर्ने ?

डा० रामचन्द्र गौतम

दिवङ्गत आफ्ना बाबु-बाजे आदि पितृहरूको प्रसन्नता र तृप्तिको पवित्र उद्देश्य राखी आस्था एवं विश्वासका साथ अन्नजलादि पितृप्रिय वस्तुको श्रद्धा पूर्वक त्याग वा समर्पण गर्नु श्राद्ध हो ।

अगाध श्रद्धा एवं अटल विश्वासका साथ श्रद्धा व्यक्त गरिने भएकोले नै पितृ कार्य "श्राद्ध" नामले प्रसिद्ध हुन पुगेको देखिन्छ । पितृहरू प्रति गहीरो आस्था छ त्यस्तै भक्ति पनि छ तर अन्नद्रव्यादि श्राद्धीय वस्तुको अभावले गर्दा श्राद्ध गर्ने सामर्थ्य छैन भने त्यस्तो व्यक्तिले साग-पात फल फूल जलादि आफूसँग जे छ त्यही मात्र भने पनि उनीहरूको उद्देश्य गरी श्रद्धा पूर्वक अर्पण गर्दछ भने ती वस्तु पितृहरूकोलागि अक्षय्य हुन्छन्, प्रेम पूर्वक ग्रहण गर्दछन्, त्यसैबाट सन्तुष्ट पनि हुन्छन् र श्राद्ध-कर्तालाई वाञ्छितफल पनि दिन्छन् । यसरी शास्त्र प्रयोजकहरू श्राद्धको सम्बन्ध श्रद्धासंग मात्र रहेको देखाउँदछन् ।

यस्तो श्रद्धा नै मूल कारण मानिने श्राद्ध प्रथा कहिलेदेखि चलेको हो भन्ने तर्फ विचार गर्नु पनि प्रासङ्गिक नै हुन जाला "पित्र्यान्मानवाद-धिदूरं" ऋग्वेदको यस वचनबाट आदिराज मनुको पालादेखि श्राद्ध प्रथा चलेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ, तर विष्णु धर्मोत्तर पुराणमा भने श्राद्ध संस्थापन अर्थात् श्राद्ध गर्ने चलन वराहावतार भगवान्ले चलाएका हुन् भन्ने कुरा लेखिएको देखिन्छ । जहाँ जे सुकै लेखिएको भए तापनि मानवताका पिता मनु जति प्राचीन मानिएका छन् श्राद्ध गर्ने चलन पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यत्ति नै पुरानो हो भन्ने धेरै शास्त्रकारहरूको दृढ निश्चय रहेको पाइन्छ।

श्राद्ध पितृ पितामह र प्रपितामह तीन पुस्ताको मात्र गर्नु पर्ने, त्यस माथिका तीन पुस्ताका पितृलाई लेप भाग मात्र दिए हुने शास्त्रीय विधान छ। अब यहाँ श्राद्ध तीन पुस्ताको मात्र किन तल माथि गर्दा के हुने भन्ने प्रश्न पनि सर्वसाधारणमा उठ्न सक्ला, तर शास्त्रीय कुरा के हो भने छोरा नाती र पनातीमा मात्र शुक्रशोणितको सम्बन्ध अति घनिष्ठ र साक्षात्पनि हुन्छ, त्यसले गर्दा बाबु बाजे प्रतिको माया, ममता, प्रेम, स्नेह र सद्भाव उनीहरूमा जति अरूमा हुँदैन, त्यसो हुँदा निकटतम सम्बन्धमा रहेका तिनीहरुबाट मात्र पिण्ड पानी पाउने पितृहरूमा पूर्ण आशा रहेको हुन्छ, त्यही आशा र भरोशामा शय वर्ष भन्दा बढी नै पितृहरू आफ्ना छोरा नातीको घर वरि परि अथवा वायु मण्डलमा सन्तरण गरिनै रहन्छन् र उनीहरूले दिएको पिण्डादिको अमृत रूप रस वा सुगन्धादि सारतत्त्व वायरूपमा ग्रहण गर्दछन् । अर्को कुरा श्राद्धका अधिष्ठाता देवता वसु रुद्र र आदित्य यी तीन मात्र छन्, छोरा नाति र पनातीले नाम गोत्र र मन्त्र समेत उच्चारण गरी प्रदान गरेको पिण्डादिको सारतत्त्त उक्त देवताले क्रमैले बाबु बाजे र बूढा बाजेसम्म पुऱ्याइ दिन्छन्, अरू पितृहरूमा पुऱ्याइ दिने देवता नै छैनन्, यस कारणले पनि उक्त तीन पुस्ताको मात्र श्राद्ध गर्नु पर्ने घटी गर्न नहुने बढी गर्न नपर्ने देखिन्छ ।

प्रमीत बाबु बाजे सत्कर्मको कारणले देवत्व गतिमा प्राप्त भएका रहेछन् भने पुत्रादिले दिएको पिण्डादि भोजन आफ्ना प्रतिनिधि वसु रुद्रादि देवताबाट अमृतको रूपमा, असुर योनिमा पुगेका रहेछन् भने विभिन्न किसिमका आनन्ददायक खाद्य वस्तुका रूपमा, गोमहिष्यादि पशु योनिमा जन्मेका भए नानातरहका घाँसपात आदि पदार्थका रूपमा, सर्प आदि कीराका योनिमा जन्म लिन पुगेका भए वायु आदि तृप्तिकारक तत्त्वका रूपमा प्राप्त गर्दछन् । यसरी श्राद्धमा दिइएका वस्तु आफ्ना पितृहरू जहाँ जुन रूपमा रहेका भए तापनि वसु रुद्रादि श्राद्ध देवताले अमृतआदि उनीहरूको आवश्यक एवं प्रिय आहारको रूपमा परिणत गरी यथार्थ रूपमा पुऱ्याइदिन्छन् र सो प्राप्त गरी सन्तुष्ट हुनुको साथै प्रसन्न पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् । जसरी गर्भवती स्त्री गर्भपोषणको उद्देश्य राखी अरूले दिएको दोहदान्नादि पान गर्दछिन्, त्यसबाट आफू सन्तुष्ट हुनुको साथै गर्भाशयको वच्चा पनि पुष्ट गर्छिन्, अभिलषित वस्तु दिनेलाई पनि प्रत्युपकारक फलले संयोजित गर्छिन् । त्यसैगरी पुत्रादिले श्रद्धापूर्वक दिएको श्राद्धीय वस्तुको सारतत्त्व सर्व प्रथम वसु, रुद्र र आदित्यले ग्रहण गर्दछन् र उनी-हरूद्वारा पितृहरूले प्राप्त गर्दछन् । अत: श्राद्धमा उक्त तीन देवताको रूप-मानै क्रमश: पितृ, पितामह र प्रपितामहको उपासना वा स्मरण गर्नु पर्ने हुन गएको हो ।

भोक र तिर्खाले व्याकुल पितृहरू श्राद्धको दिन केही खान अवश्य दिनेछन् भन्ने आशा राखी गोरू, कुकुर आदि पशुको वा काग वाज आदि पंक्षिको रूप लिई छोरा नातीको घर नजीक आई घुम्दछन्, त्यसैले तिनीहरूलाई कुट्पिट् गर्न लगार्न हुँदैन भन्ने कुरा देवल, बौधायन र उसनाले स्पष्ट लेखेका छन् । वायु पुराणमा भनिएको छ—पितृहरू निम-न्त्रित ब्राह्मणमा वायुको रूपमा प्रवेश गरी आउँदछन्, त्यसो हुँदा सत्पात्र ब्राह्मण बोलाई दान दक्षिणादिई भोजन गराउनु अनिवार्य हुन्छ । हाम्रो लोक व्यवहारमा पनि ब्राह्मण तृप्त भए पितृ तृप्त हुन्छन् भन्ने विश्वासमा यो चलन चलिरहेको छ ।

शास्त्रले पितृहरूलाई विभिन्न श्रेणीमा विभाजित गरेको देखिन्छ– ऋग्वेदले सोमयाग गर्नेलाई सोमवन्त, अरू यज्ञयागादि गर्नेलाई र्बाहषद, कुनैपनि यज्ञयागादि नगर्नेलाई अग्निष्वात्ताको संज्ञा दिई तीन प्रकारमा विभाजित गरेको छ । स्कन्द पुराणले अग्निष्वात्ता, र्बाहषद, आज्यपा, सोमपा, रश्मिपा, उपहूत, आयान्तुन, श्राद्धभुज र नान्दिमुख समेत गरी नौ श्रेणीमा वाँडेको छ । हेमाद्रिले वर्णक्रमको आधारमा पितृहरूको विभा-जन गरेको छ — ब्राह्मणका अग्निष्वात्ता, क्षत्रियका र्बाहषद, वैश्यका काव्य, शूद्रका सुकालीन र म्लेच्छजातिका व्याम । मनुले सोमपा, हविर्भुज, आज्य-पा र सुकालीन नामका पितृलाई क्रमश: ब्राह्मणादि चार वर्णका पितृ मानेका छन् र यी क्रमैले भृगु, अङ्गिरा, पुलस्त्य र वसिष्ठ ऋषिका सन्तान हुन् भन्ने पनि स्पष्ट गरेका छन् । पुन: देवरूप मनुष्यका सोमसद, देवताका अग्निष्वात्ता, दैत्य दानव आदिको र्बाहषद नाम गरेका पितृ हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र यी क्रमशः विराट, मरीचि र अग्निका छोरा हुन् भन्ने पनि आफ्नो स्मृतिमा दर्शाएकाछन् ।

यसरी परम पूज्य ऋषिहरूका सन्तान मानिने पितृहरू, कर्म र वर्णका आधारमा विभिन्न संज्ञामा प्राप्त भएका देखिन्छन् । जुन वर्णका पितृहरू जे संज्ञामा प्राप्त छन् ती वर्णले तिनै संज्ञाका पितृको उपासना गर्नु पर्ने हुन्छ । आफ्ना वर्णद्वारा गरिएको उपासना वा प्रदान गरिएको जलमात्र भए पनि उनीहरूको लागि अक्षय्य सुख, शान्ति र तृप्तिको कारण बन्न पुग्ने कुरा निर्विवाद छ ।

मरेपछि मानिस भस्म हुन्छन्, भस्मीभूतहरू पुनः यसलोकमा आई श्राद्धमा दिएको पिण्ड पानी खान्छन् भन्ने कुरा सम्भव छैन भन्ने भनाई पनि कसैं कसैंको हुन सक्ला, तर त्यसो भन्नु भूल हो शास्त्रको मर्म नबुझ्नु हो । मर्ने शरीर मात्र हो, त्यसमा अन्तर्निहित आत्मा नित्य, शुद्ध र बुद्ध छ, त्यसो हुँदा कहिल्यै मर्दैन । कुरो यति मात्र हो यस्तो आद्यन्त रहित आत्मा जीर्ण, शीर्ण, निर्बल र अयोग्य भएको मानव देह छोडी अर्को नयाँ, सबल र योग्य शरीरमा प्रवेश गर्दछ । श्रीमद्भगवद्गीतामा यही कुरो स्पष्ट भनिएको छ –

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।।

मनुले यस कुराको पुष्टि यसरी गरेका छन्—जस्तो वृक्ष वनस्पति आदिको बीजमा उनीहरूको सर्वाकार सूक्ष्मरूपले अन्तर्निहित भएको हुन्छ, माटो पानी आदिको संयोग पाएपछि मात्र वृक्ष वनस्पति आदिको रूपमा प्रस्फुटित हुन्छ । त्यस्तै मानव आत्मा पनि पृथिव्यादि पञ्चमहाभूतका अति सूक्ष्म पञ्चतन्मात्राका साथ प्रकाशित हुन्छ, केही समयपछि पुनः उनीहरू संगै देहबाट निस्कन्छ र अन्यत्र जान्छ । यस्तो आत्मा दुई किसिमको छ–परमात्मा र जीवात्मा । जो, सुख, दुःखादि र हित, नित्य, सर्वज्ञ र सर्व व्यापक छ, जसमा अखिल ब्रह्माण्ड विराजित छ त्यो परमात्मा हो । जीवात्मा परमात्माकै अंश हो, विषयासक्त मनोयोगले गर्दा सुख दुःखको अनुभव गर्दछ तापनि सत्य, अविनाशी र परमाणु रूपले रहेको हुन्छ, जो प्रत्येक मानवमा भिन्न भिन्न प्रतीत हुन्छ । यस रूपमा रहेको जीवात्मा रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्य शरीरबाट बहिर्भूत हुन्छ त्यस बखत गतिहीन, अति निर्बल, दुःखित, चिन्तित, क्षुधित, तृषित र आश्रयहीन पनि हुन्छ। यस्तो ज्यादै दयनीय अवस्थामा रहेको मृतात्माको तृप्ति, सबलता र सद्गतिको लागि उसका छोरा नातिले श्रद्धा, भक्ति, पवित्रता र विश्वासका साथ अनिवार्य रूपले श्राद्धादि क्रिया गर्नै पर्छ।

मरेका आफ्ना बाबु बाजे आदिलाई सन्तुष्टि र सद्गति प्रदान गर्ने श्राद्ध नित्य, नैमित्तिक, काम्य, वृद्धि र पार्वण भेदले पाँच किसिमका छन्। प्रतिदिन गरिने श्राद्ध नित्य र विश्वेदेव विना एक मात्र पितृको उद्देश्य गरी गरिने श्राद्ध नैमित्तिक हो, जसमा मलिन मध्यम र उत्तम षोडशी श्राद्धहरू पनि पर्दछन्। मरण दिनमा मृत्यु स्थानमा गरिने श्राद्ध देखि लिएर दश दिनसम्म गरिने १६ वटा श्राद्धलाई मलीन षोडशी, एघारौं दिनमा गरिने १६ वटालाई मध्यम षोडशी र वर्ष दिनसम्म गरिने १६ वटा श्राद्धलाई उत्तम षोडशी संज्ञा दिएको देखिन्छ। यी श्राद्धले आफ्ना बाबु आमा आदि मृतकहरूलाई प्रेतत्वबाट निवृत्त गराई पितृत्वमा पुऱ्याइदिन्छन्। वाञ्छित फल प्राप्तिको लागि पार्वणविधिले गरिने श्राद्ध काम्य हुन्छ। विवाह तथा पुत्र जन्मादि वृद्धिको समयमा गरिने श्राद्ध वृद्धि श्राद्ध हो। "क्रियते पवणि यत् तत् पार्वणम्" भनिएको हुनाले जुन कुनै पर्वमा गरिने श्राद्ध पार्वण हुन्छ। पार्वण श्राद्ध गर्नु पर्ने अमावास्या पूर्णिमा संक्रान्ति आदि पर्वहरू धेरै छन्, तिनीहरूमा सूर्य कन्याराशिमा गएको आश्विन महिनाको कृष्ण पक्ष पितृहरूको लागि अति उत्तम पर्वको रूपमा मानिएको छ। पितृपक्ष एवं अपरपक्ष नामले प्रसिद्ध यो पक्षमा "आश्वयुक् कृष्णपक्षे तु श्राद्धं कार्यं दिने दिने" यस्तो स्पष्ट वचन भएकोले दिन दिनै अर्थात् १६ वटा महालय श्राद्ध गर्नु पर्ने देखिन्छ। महालय शब्दले सामान्य अर्थमा ठूलो घर भन्ने जनाउँदछ, जुन घरमा आफ्ना सबै पितृहरू अटाउँदछन्, अर्थात् यस श्राद्धमा सबै पितृलाई पिण्ड पानी दिनुपर्दछ, यसरी शास्त्र अनुसार पिण्ड पानी पाउनेमा परिगणित समस्त पितृहरूले पाउन सक्ने भएकोले नै यसलाई महालय भनिएको हो। यो श्राद्ध १६ दिन सम्म गर्नुपर्ने भएको हुँदा लोकमा यो पक्ष सोह्रश्राद्ध नामले प्रख्यात हुन पुगेको छ। कालादर्शमा यस पक्षमा गरिने श्राद्धका चार विकल्प मानिएका छन्। शास्त्र अनुसार सोह्रवटै श्राद्ध गर्ने भएमा तिथि वृद्धि भएको छ भने मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्र पुग्दछन्, वृद्धि नभएमा पन्ध्र र तिथि क्षय भएको छ भने चौध मात्र हुन्छन्। यस्तो स्थितिमा सोह्र वटा श्राद्ध गर्नेले पूर्णिमा देखि औंशीसम्म वा आश्विन कृष्ण प्रतिपदा देखि आश्विन शुक्ल प्रतिपदा सम्म गरी सोह्र पुऱ्याउनु पर्छ, पूर्णिमा देखि औंशी सम्म गरी सोह्र पुऱ्याउने मत भन्दा प्रतिपदा देखि प्रतिपदा सम्म गरी सोह्र पुऱ्याउने मत अधिक बलवान देखिन्छ। यसो गर्नेले चतुर्दशी छोड्नु पर्दैन। अरू विकल्प लिनेहरूले चतुर्दशी तिथिमा श्राद्ध गर्नु हुँदैन। शस्त्रास्त्र विष बन्धन अग्नि जल अनशन प्रसववेदना आदि रोगेतर कारणबाट मर्नेहरूको मोटर, जहाज, डुङ्गा, साइकल आदिबाट दुर्घटनामा परी मर्नेहरूको र सोह्र वर्ष देखि तीस वर्ष सम्मका जुनसुकै कारणबाट मर्ने युवा युवतीहरूको मात्र यो तिथिमा श्राद्ध गर्नु पर्ने शास्त्रीय निर्णय रहेको छ। दोस्रो बिकल्पमा पञ्चमी देखि औंशीसम्म, तेस्रोमा अष्टमी देखि औंशी सम्म र चौथो विकल्प लिनेहरूले दशमी देखि सुरुगरी औंशीसम्म गर्नु पर्छ। उक्त कुनै बिकल्पलाई पनि लिन नसकेमा वा नमिलेमा पितृपक्षभरमा एकदिन मात्र भने पनि महालय श्राद्ध नगरि हुँदैन। एकदिन मात्र गर्नेले बाबुको तिथिमा गर्नुपर्छ, त्यसमा गर्न नपाए बाजेको तिथिमा गरेपनि हुन्छ भन्ने मुनिवर कात्यायनको भनाई छ। बाबु बाजेको तिथि चतुर्दशी वा पूर्णिमा भएमा द्वादशी वा औंशीमा गर्दा पनि शास्त्र सम्मत नै हुन्छ। पितृको लागि पूज्यतम अर्थात् मुख्य कालका रूपमा मानिने पितृपक्ष भरका उक्त कुनै तिथिमा पनि गर्न नमिले गौणकालमा आश्विन शुक्ल पञ्चमीसम्म गर्नु भन्ने शास्त्रकारहरूको आशय देखिन्छ। त्यसमा पनि अड्काउ भएमा कार्तिक कृष्ण औंशीमा, त्यसमा पनि सम्भव नभएमा वृश्चिक राशिमा सूर्य जानु भन्दा अगाडि द्वादशी व्यतिपातयोग आदि परेको कुनैपनि पर्वमा भने पनि महालय श्राद्ध गर्नै पर्छ। माथि भनिएका कुनै दिनमा पनि श्राद्ध गरेन पितृहरूलाई संझेन भने आश्विन कृष्ण प्रतिपदादेखि पूर्ण आशागरी आफ्ना बन्धु बान्धवको घर वरिपरि आई निरन्तर रूपमा घुमेका पितृहरू निरास भई दीर्घश्वास फेरी छोरा नाती आदिलाई दारुण श्राप दिंदै आफ्ना स्थानतिर फर्कन्छन्।

वस्तुतः, महालय श्राद्ध नगरे अक्षम्य प्रत्यवाय लाग्ने र गरेमा अक्षुय्य फल पाइने भएको हुँदा नित्य काम्य दुवै मानिएको छ। अत एव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारगत्रस गर्न नपाउनेहरूले विधिपूर्वक ऋग्वेद १।४।१५ को "दूरोऽश्रश्व-स्य दुरऽइन्द्र गोरसि ... ...।" भन्ने मन्त्र जपी प्रायश्चित्त गर्नु पर्छ। जसले श्रद्धा एवं विश्वासका साथ महालय श्राद्ध गरी श्रापना पितृहरूलाई प्रसन्न गराउँदछ त्यसले श्रायु सन्तान यश कीर्ति पुष्टि बल श्रेय पशु धन धान्य श्रादि ऐहिक श्रनन्त सुख सन्तोष र शान्ति प्राप्त गरी मरेपछि पनि श्रक्षय्य स्वर्गादि फल प्राप्त गर्ने कुरा निर्विवाद छ। यमस्मृतिको वचनले यही कुरा पुष्टि गर्दछ —

श्रायुः पुत्रान् यशः स्वर्गं कीर्ति पुष्टि बलं श्रियः।
पशून् सौख्यं धनं धान्यं प्राप्नुयात् पितृपूजनात्॥

श्रस्तु॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक–पुस्तकालय–पञ्चसूत्री प्रयोग

खेमराज ज्ञवाली

सा०वे०आ०,वि०लीब्०एस्सी०

पुस्तक शब्दको संक्षिप्त सरल अर्थः -पाणिनीय व्याकरण शास्त्रको 'वैयाकरणसिद्धान्त कौमुदी' चुरादि प्रकरणमा पठित, पुस्त बन्धे आदरानादरयोः भन्ने पुस्तधातुबाट, पुस्तयति इति भन्ने विग्रहमा घञ् प्रत्यय वा अच्प्रत्यय गरेर पुस्तशब्द बन्दछ । पुस्तको अर्थः सबै विषयको ज्ञानराशिलाई एकै ठाउँमा बाँधेर राख्नु अथवा सबै प्रकारको ज्ञानभण्डारलाई जम्मागरी राख्नुको नाम पुस्त हो । पुस्तशब्दबाट स्वार्थमा पुस्तएव भन्ने अर्थमा कप्रत्यय गरेर पुस्तकशब्दबन्दछ । यसरी अनन्तज्ञान प्रदर्शन गर्ने सर्वश्रेष्ठ साधनलाई पुस्तक शब्दले व्यवहार गरिन्छ । पुस्तकालय शब्दः अमूल्य पुस्तकहरूलाई सुरक्षित राख्न बनाएको आलय=घरलाई ग्रन्थालय शास्त्रवेत्ताहरूले पुस्तकालयशब्दले व्यवहार गरेकाछन् । यसरी पाणिनिकालीन इतिहासमा पुस्तकालयको प्रचार प्रचुरमात्रमा भै, लाइब्रेरी साइन्सको उत्पत्ति र विकास भैररेको पाइन्छ ।

योगिनीतन्त्रशास्त्रमा पनि पार्वतीशिव–सम्वादमा पुस्तकालयशब्दको परिचय वा वर्णन, यस प्रकारले गरिएको पाइन्छः "मानं वक्ष्ये पुस्तकस्य शृणु 'देवि' समासतः । मानेनास्य फलं विन्द्यादमाने श्री र्हता भवेत् ।।१।।
अर्थः हे देवि ? म संक्षेपमा पुस्तकको मान (महत्व,वा प्रमाण) बताउँदछु, तिमी सुन, प्रत्येक प्राणीले पुस्तकको सम्मान गर्‍यो भने राम्रो फल पाउँछ, र पुस्तकको अपमान गर्‍यो भने, त्यसको श्री, (ऐश्वर्य, धनसंपत्ति, शोभा) नष्ट हुन जान्छ । पुनश्चः अमरटीकामा भरतको उल्लेख यस प्रकार छः "मृदा वा दारूणवाऽथ वस्त्रेणाप्यथ चर्मणा । लोहरत्नैः कृतंवापि पुस्तमित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिधीयते ।।१।।'' अर्थः मृत्तिका, काठ, वस्त्र, चर्म, लौहररत्तहरू मध्ये कुनै एक साधनले लेखिएको ग्रन्थलाई पुस्त, वा पुस्तक भनिन्छ । यसरी प्राचीन कालमा संस्कृत साहित्य भन्डारमा पुस्तकशब्द, र पुस्तकालयशबको मान, लेखनकला, आदि धेरै पुस्तकालय विज्ञान संबद्ध साहित्यको परिचय किंवा वर्णन पाइन्छ । यो विषय ''वाचस्पत्यम्'' ''शब्दकल्पद्रुमः'' भन्ने संस्कृत शब्दकोशहरूमा पाइन्छ । यस क्रमले प्राचीन समय देखिनै पुस्तकालय विज्ञानको साहित्यले भनौं वा पुस्तकालयहरूले भनौं सामाजिक सेवागर्दै आएको इतिहास सबैलाई विदितैछ ।

आधुनिक विद्वान्हरूको मतमा पुस्तक र, (पुस्तकालयशब्दको परिभाषाः) पुस्तकहरू ती निबन्धहुन्, जसमा कागत, लेखनाधारका टुकुडा, एकसाथ संपृक्त रहन्छन् । कुनै पदार्थमा, कुनै लिपिमा, कुनै उपकरणले अंकित गरिएको लेखकको भाव, या लेखकको विचारको मूर्तरूपलाई नै पुस्तकको संज्ञा दिन सकिन्छ । किंवा लिखित मुद्रित निबन्ध स्वरूप पदार्थलाई पुस्तक भनिन्छ ।

मानव शरीर जस्तै पुस्तकका पनि तीन शरीर हुन्छन् (१) स्थूलशरीर (२) सूक्ष्मशरीर, (३) आत्मा, (१) स्थूलशरीरः कागत, जिल्दबन्दी लिपि (टाइप) आकार (फेस) आदि मानिन्छन् । (२) सूक्ष्मशरीरः भाषा, शैली, चित्र तालिका (चार्ट) आदि हुन्छन् । (३) आत्माः (मानिसमा ज्ञानेन्द्रिय, जस्तै पुस्तकमा वर्णित विषय नै पुस्तकको आत्मा मानिएको छ । एवंक्रमले पुस्तकको छोटो परिभाषा, तीन प्रकारको स्वरूप वर्णन गरिएको छ । प्रत्येक पुस्तकालय कर्मचारी, पाठकवर्ग, वा छात्रवर्गले पुस्तकको संरक्षण गर्नु परम कर्तव्य हो । डा. आर. एल. मित्तलको शब्दमा. लवर् अफ् दिबुक्सः पुस्तकहरूको प्रेमी। लव् अफ् दि नालेज्ः (ज्ञानको प्रेम) पाठकहरूको बुद्धिमा दृढरहनुपर्छ । पुस्तकालयमा, पुस्तक, पाठक, कर्मचारी, तीनैतत्वको समान महत्त्व हुन्छ । साथै पाठक कर्मचारी, दुवैले आत्मीय भावनाले पुस्तकको संरक्षण गर्नु परमावश्यक हुन्छ, अनिमात्र पुस्तकालयको संरक्षण विकास हुनसक्छ ।

पुस्तकालयमा पञ्चसूत्रीः प्रयोग, निम्न प्रकारले दर्शाइएको छ । सर्व प्रथम, डा. एस. आर. रंगनाथका पञ्चसूत्रहरूः उनकै शब्दमा, (१) बुक्स आर फरयुज् (पुस्तकहरू उपयोग को लागि हुन्छन् ।) (२) बुक्स आर अफ अल (पुस्तकहरू सबैका निमित्त हुन्छन् ।) (३) एवरिबुक् इट्स रीडर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(प्रत्येक पुस्तकले आफ्नु पाठक पाउनुपर्छ । (४) सेव द टाइम अफ् द रीडर (पाठकहरूको समय बचाउनुपर्छ ।) (५) लाइब्रेरी इज ए ग्रोइङ्ग अर्गानिज्म (पुस्तकालय वर्द्धनशील संस्था हो ।) पुस्तकालय विज्ञानका सबै मान्यताहरू यी नै पञ्चसूत्र भित्र आबद्ध भएका मानिन्छन् ।

यो सरल सिद्धान्त हो । व्यावहारिक पक्षमा सिद्धान्त अनुसार कार्य सफल भएको कम देख्न पाइन्छ । प्राचीनकालमा पन्द्रौं र सोह्रौं शताब्दीमा पुस्तकहरू जंजीरले बाँधेर राखिन्थे । उस समयमा पुस्तकको सुरक्षामा मात्र ध्यान दिन्थ्यो । मुद्रणकला को विकास, र, प्रजातन्त्रको विकासले गर्दा सुरक्षा भन्दा पुस्तकको बढी उपयोग गर्ने विषयमा महत्त्व दिन थालियो । फलतः, सिद्धान्त स्थिर भयोकि, 'पुस्तकहरू उपयोगको लागि हुन्छन् ।' यस सिद्धान्तको पूर्तिको लागि निम्नलिखित तत्त्व अपेक्षित हुन्छन्ः—

(१)—पुस्तकालय–स्थान (लाइब्रेरी लोकेशन) । (२) पुस्तकालय –समय (लाइब्रेरी आवर्स) । (३) पुस्तकालय फर्नीचर (लाइब्रेरी फर्नीचर) । (४) पुस्तकालय–कर्मचारी (लाइब्रेरी स्टाफ) । यिनीहरूको विवरण निम्न प्रकार छः—

(१) पुस्तकालय स्थान यस्तो स्थानमा बनानु उचित हुन्छ, जहाँ धेरै पाठक आउन सुविध हुन्छ । धेरै पाठकले पुस्तकालयको सुविधा पाउन सक्ने व्यवस्था गर्नु पुस्तकालय अधिकारीको कर्तव्य हो । (२) पुस्तकालय–समयः पाठकको सुविधा हेरी, पुस्तकालय खोल्ने, र, बन्द गर्ने, समय निर्धाण गर्नु लाभकारी हुन्छ । समय राख्दा धेरै पाठकको कल्याण हुन्छ, र कर्मचारीले सेवा गर्ने धेरै समय पाउन सक्छन् । (३) फर्नीचरः पुस्तकालयका फर्नीचर धेरै आराम दायी र आकर्षक हुनुपर्छ । जसबाट पाठकमा आकर्षण प्राप्त होस । पुस्तकालय स्थान शान्तिमय होस र वाचनालय सुसज्जित हुनुपर्छ । वाचनालयमा प्रकाश, जल, शौचालय आदिको उचित व्यवस्था हुनुपर्दछ । पुस्तक उपयोगी राखिनुपर्छ । (४) पुस्तकालय-स्टाफः पुस्तकालय–कर्मचारीको ठूलो महत्त्व देखिन्छ, सेवा सर्व प्रकारले अनुकूल भए पनि, पुस्तकालय–स्टाफ प्रशिक्षित, संन्तुष्ट, प्राविधिक वेतन प्राप्त छैनन् भने- असन्तुष्ट कर्मचारीवाट सेवा राम्रो हुन सक्दैन । अतः कर्मचारी, सेवा परायण, कर्तव्यनिष्ट एवं उतरदायित्व पूर्ण हुनुपर्छ । उनिहरूले भूल्न हुंदैन कि, पुस्तकहरू उपयोगको लागि हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) आसंग प्रणाली (श्रोपेन् एक्सेज्) (२) फलक व्यवस्थापन (सेल्फ एरेन्जमेण्ट) (३) सूचीप्रविष्टि क्याट लग इन्ट्रीज्) (४) सन्दर्भ सेवा (रिफरेन्स सर्विस) (५) लोकप्रिय विभागहरूको स्थापना (श्रोपेनिंग अफ् सर्टेन पोपुलर डिपार्टमेण्टस) (६) प्रचार विधिहरू (पब्लिसिटीमेथड) (७) प्रसार सेवाहरू (एन्सटेन्सियन सर्विस) (८) पुस्तकचयन् (बूक सेलेक्शन) ।

(१) 'आसंग प्रणाली' को मुख्य अर्थ हुन्छ कि, खुलादराज सिष्टम लागू गर्नु, पाठकले पुस्तक आफैं देख्ने, खोज्ने अवसर पाएमा प्रत्येक पुस्तकले आफ्नु पाठक आउन अधिक सफलता मिल्दछ। यो लाभ बन्द दराज सिष्टममा पाइदैन। पुस्तकहवाउने सम्बन्धमा सबै पुस्तकाध्यक्ष, सबै पुस्तकालय शास्त्र-वेत्ता, एवं पुस्तकालय अधिकारी वर्गले निश्चयगरिसकेको विषय हो कि, प्रत्येक पाठकले इमा-दारी पूर्वक पुस्तक संरक्षण नगरिदिएमा, पुस्तकको सुरक्षा हुन असम्भव देखिन्छ, अन्य व्यवस्थापूर्ण भए पनि पाठकले इमान्दारी पूर्ण व्यवहार वर्तिएन भने पुस्तकको रक्षा नहुने सम्भावना रहिरहन्छ, अतः, ग्रन्थालय शास्त्रमा सर्वत्र भनिएको छ कि, पुस्तक किराले खाने क्षति भन्दा पाठकबाट पुस्तक गवन हुने क्षति अपूरणीय क्षति हो, यो रोकिनुपर्छ, यसको ठूलो प्रथम उपाए पाठकको इमान्दरी पूर्ण व्यवहार हुनु हो, साथै पुस्तका-लयको सुव्यवस्था एवं पूर्ण संरक्षण हुनु द्वितीय उपाय हो। सबैको ध्यान पुस्तकालयको संरक्षणमा एकताबद्ध भएम भने, पुस्तकालयको संरक्षण गर्ने अन्य उपाय सफल हुन सक्दैन।

(२) शेल्फ एरेन्जसेण्ट (फलक व्यवस्थापन) पुस्तकहरू दराजमा क्रमवद्ध राखिनु पर्छ, र, पाढकले छिटो पाउन सक्छन्, विषय अनुसार प्रामाणिक वर्गीकरणको आधारमा पुस्तक वर्गीकरण, सूचिकरण गरी मिलाई दराजमा राखिएमा व्यवस्था राम्रो हुन्छ, नयां पुस्तकको सूचि बनाई पाठकलाई सुविधा प्रदान गर्नु पर्छ।

(३) जो पुस्तक दराजमा छन्, ती सबै पुस्तकको सूचि हुनुपर्छ। यो सूचि वैज्ञानिक विधिबाट सुव्यवस्थित सूचिकार्डहरूमा कुनै प्रामाणिक एवं अनुभूत सूचिकरण संहिताको आधारमा बन्नुपर्छ। सूचि सबै किसिमका बनाउनु पर्छ। विषय सूचि, शीर्षक सूचि, लेखक सूचि प्रथमतः बनाउनु पर्छ। इनै सूचिबाट पुस्तक पाउन ठूलो मदत मिल्छ। अतः, यो नियमले यस विषयमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकालय–अधिकारीहरूलाई ध्यानाकर्षित गर्दछकि, उनीहरू वैज्ञानिक सूची निर्मान गर्ने पुस्तकालय कर्मचारी भर्ना गर्न, र, अरू आवश्यक खर्च गर्न कंजूसी नगरून्' उचित व्यवस्था भएन भने असल पाठक पुस्तकालयले पाउन सक्दैन, र, साथै प्राबिधिक सेवा भएको हुँनाले विना पूर्ण साधन पुस्तकालयको विकास हुनै सक्दैन। यो सत्य अनुभवको वस्तु हो।

(४) पुस्तकालयमा आसंग प्रणाली, फलक व्यवस्थापन विशिलष्ट सूचीकरण यि तीनै विधि वैज्ञानिक भएपनि यान्त्रिक हुन्। यो सुविधा भए पनि पुस्तकालय सेवामा सन्देह हराउन सक्दैन, अतः सन्दर्भ सेवा (रिफरेन्स सर्विस) को पुस्तकालयमा व्यवस्था गर्नुपर्छ। रिफरेन्सस्टाफले पाठकलाई पुस्तकको परिचय दिई पूर्ण सहयोग गर्दछन्, र, पाठक सन्तुष्ट भएभने पुस्तकालय सेवा सफल हुन्छ।

(५) लोकप्रिय विभागको स्थापनाः कुनै न कुनै लोकप्रिय विभाग खोल्नाले पुस्तकालय आर्कषित बन्दछ, जस्तैः समाचारपत्र र पत्रिका विभाग बाल विभाग आदि। यस्ता विभागमा आर्कषित भएर धेरै पाठक पुस्तकालयमा आउन थाल्दछन्, र, पाठकको वृद्धिबाट पुस्तकहरूलाई उचित पाठक मिल्ने सम्भावना बढ्दै जान्छ।

(६) प्रचार विधिहरूः प्रचार प्रसार विधिबाट, प्रत्येक पुस्तकले आफ्नु पाठक पाउन सक्छन्, जस्तैः प्रेसनोटिस, रेडियो वार्ता, सार्वजनिक भाषण, आकर्षक साइन बोर्ड, सामयिक प्रदर्शनी, बुलेटिन आदिको मुफ्त वितरण आदि प्रकारका मुख्य साधन हुन्। यी साधनबाट आकृष्ट भएर नयाँ पाठकहरू पुस्तकालयमा आउछन्, र, प्रत्येक पुस्तकले उपयुक्त पाठक पाएमा पुस्तकालयको विकास हुन सक्छ।

(७) प्रसार सेवाः प्रसार सेवाको विस्तारले पाठकहरूमा रूचि बढ्छ, निरक्षरलाई पुस्तक पढेर सुनाउनु, पुस्तकालयमा विविध भाषणको प्रबन्ध, प्रतिपाद्य विषयको सूची, प्रदर्शनीको आयोजना नाटक, प्रतियोगिता, पुस्तकालय दिवस, महापुरूषको जन्मजयन्ती, पर्वहरू मनाउनु इत्यादि प्रसार सेवाबाट पुस्तकालयको विकास हुनजान्छ।

(८) पुस्तक चयनः पुस्तक चयन कार्य सुन्दर ढंगले गर्नुपर्छ। पाठकको मांग को आधार, कर्मचारीको नोट, बजटको हिसाब, सबै मिलाएर मात्र पुस्तक चयन कार्य गर्नुपर्छ, अनिमात्र पुस्तकालयको विकास सफल बन्न सक्छ। यी साधन द्वारा नै तृतीय सूत्रको सफलता हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) पाठकहरूको समय बचाउनु पर्छ ।

यो पुस्तकालय विज्ञानको चतुर्थ सिद्धान्त हो । यो भन्दा पहिलो तीन सिद्धान्तहरूमा यो कुरा भनियो कि पुस्तकालयका पुस्तकहरूको उपयोग सबै पाठक वर्गले गर्न पाउनपर्छ र उपयोग गर्न रूचि राख्नु पर्छ । अतः, चौथो सिद्धान्त द्वारा पाठकको समय बचाउने पक्षलाई बलदिनु मुख्य ध्येय हुन्छ । यस प्रकारले यस चौथो सिद्धान्तले 'पुस्तकालय प्रशाशन'मा धेरै अंशमा क्रान्तिकारी सुधार गरेको छ । यस सूत्रको तात्पर्य हुन्छ कि जुन समयमा पाठक पुस्तकालयमा पढ्न आउछन्, र, पढी रहन्चन् त्यसपछि पाठक सन्तुष्ट भै फिर्ता जाने बखत सम्मको पाठकको सबै समय बचनु पर्छ, साथै बचाउनु पर्छ । पाठकको समय बचत गर्न निम्न विधिहरू सहायक हुन जान्छन् । (१) आसंग प्रणाली: पुस्तकालयमा आसंग प्रणाली .(खुलादराजपद्धति) अपनाउन, वा, लागूगर्न सकेमा अभिष्ट पुस्तक स्वयं खोजी पुस्तकालय सेवा पाउन सकेपछि पाठकको सन्तुष्टि देखिन सकेमा पाठकको समय बचत हुन जान्छ । (२) फलक व्यवस्था पनः पुस्तकहरूको व्यवस्थापन विषयानुसार प्रामाणिक वर्गीकरण पद्धति अनुसार गर्नुपर्छ । यस पद्धतिमा प्रत्येक वर्गको परस्परमा सम्बन्ध हुनु पर्छ । जुन विषयका पुस्तकहरू धेरै प्रयोगमा आउछन्, ती पुस्तकहरू सबभन्दा प्रथम क्रममा राखिनु पर्छ । सन्दर्भ ग्रन्थहरूलाई काउण्टरको निकटतम स्थानमा राख्नु पर्छ । जसबाट पाठकको समय नाश हुदैन । (३) भण्डार कक्ष: पाठक जब भण्डार कक्षमा जान्छ. तब उसको समय बचाउन दर्शकपत्रक (गाइड कार्ड) पुस्तकालयमा राख्नु पर्छ । साथै सबै अपेक्षित पुस्तक सूचिहरू सम्बन्धित स्थानमा क्रमबद्ध सुव्यवस्थित तरिकाले राख्नु पर्छ । जसबाट पाठकको समय बचोस । (४) सूची प्रविष्टिः वैज्ञानिक पद्धति अपनाएर पुस्तकको 'विषय सूची' बनाउनु पर्छ, र पाठकको समय बचत हुन सक्छ । (५) वाङ्मय सूची: वाङ्मय सूची (पुस्तकालयमा रहेका सबै पुस्तकको सूची) बनाउन सकेमा, अनुसन्धान कार्यमा ठूलो सहायता पाठकले पाउन सक्छन् र, सबै पाठकलाई पुस्तकालय सेवा पुग्न सक्छ । (६) सन्दर्भ सेवाः 'रिफरेन्स सर्विस, (सन्दर्भ सेवा) द्वारा पनि पाठकलाई सुविधा मिल्न जान्छ । 'सन्दर्भ सेवा' गर्ने पुस्तकालय कर्मचारीलाई ठूलो अनुभव हुन्छ र ती कर्मचारीहरूले पाठकलाई पूर्ण सेवा दिन सक्छन् । (७) पुस्तक लिन दिन विधि: पुरानो पुस्तक लिन दिन विधिलाई समाप्त पारी, वैज्ञानिक कार्ड प्रणाली विधिले पुस्तक लिन दिन कार्य लागू गरेमा, पाठक र स्टाफको समय बचत हुन्छ । यसरी पुस्तकालय पञ्चसूत्र पूर्ण हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

अधिकार-विवेकः

प्रा० बुद्धिसागरः पराजुलिः

पत्न्या रजस्वलात्वेऽपि पत्युः स्वपित्रादिश्राद्धे नाधिकारविघातः। अतः पत्न्याः पत्या सह क्वाचित्कः कर्माधिकारः।

यद्यप्यत्र "पाणिग्रहणाद्धि सहत्वं सर्वकर्मसु तथा पुण्यफलेषु" इति स्मरणात् "धर्मे चार्थे कामे च नातिचरितव्या" इति स्मरणाच्च पत्यार्जितस्यापि धर्मधनादिकस्योभयसाधारणत्वात् "सं पत्नी पत्या सुकृतेन गच्छतात्" इत्यादिमन्त्रवर्णात्, "भसदा वा एता परगृहाणामैश्वर्यमवरुन्धते" इति "पत्युर्नो यज्ञसंयोगे" इति स्मृतेश्च पत्नी शब्दस्य स्वामित्वाभावेऽनुरपत्तेः। कर्तनादिभिः पित्रादियौतकदायादिभिश्च स्त्रीणामपि द्रव्यवत्वात् कर्ममात्रे स्त्रीणामधिकारोऽविशेषेण प्रतीयते। अत एव हेमाद्रिणा गृहस्थस्य श्राद्धेऽपिभार्यया सहैवाधिकारात् तस्यां च रजस्वलायाम् अशुचित्वेनाऽनधिकारे अत्राधिकारस्य व्यासज्य वृत्तितया भर्तृगतस्याप्यधिकारस्य विघातात् तस्यास्तद्दशापगम एव श्राद्धमिति न्यायोपन्यसनं कृतं, तथाप्युभयसंयोगेन उत्पन्नानामग्नीनामधिकार-विशेषणीभूतानां यत्र संभवः, उभयसाध्यकर्मघटित - प्रयोगकत्वं वा तत्रैवाग्निसाध्येष्वेव श्रौतस्मार्तकर्मस्वधिकारो न्याय्यो न तु सर्वत्र। अत एवेष्टापूर्तेष्विव श्राद्धेऽपि मिताक्षराकारोक्तरीत्या निरग्निकानामप्यधिकारात् पत्नीसाध्यकर्माऽघटितत्वाच्च पृथगधिकार एव युक्तो न तु पत्न्या, सहाधिकारः प्रमाणाऽभावात्। अग्निसाध्येष्वपि स्वतन्त्र विद्याक्षेपशक्तिकल्पनागौरवाऽऽपत्या न स्वातन्त्र्येण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

सर्वोत्तम रसायन शिलाजीतको महत्त्व

अग्निहोत्री तीर्थराज आचार्य

धर्मशास्त्रायुर्वेदाचार्य

"धर्मार्थकाममोक्षणामारोग्यं मूलमुत्तमम्"

अर्थात्- —चरकसंहिता

धर्म–अर्थ–काम–मोक्ष यी ४ पुरुषार्थहरूको मूल कारण हो आरोग्य।

शरीर वा मन अस्वस्थ भएमा यी चारवटै पुरुषार्थ सफल हुन सक्दैनन्। अतः स्वभावतः मौका–मौकामा विघ्नको रूपमा आइरहने स्वास्थ्यका बाधक, रोगहरूलाई हटाउनु र लाग्नै नदिनु नितान्त आवश्यक कुरा हो र प्रकृतिवेत्ता आयुर्वेदका महारथीहरूले दिनचर्या, रात्रिचर्या, ऋतुचर्या आदि सदुपदेशका साथ कुटिप्रवेश तथा रसायन–औषध–सेवन आदि प्रयोगहरू शतशः सहस्रशः प्रत्यक्षतः स्वयं अनुभव गरी भावी–सन्ततिकालागि शिष्यानुशिष्य क्रमले पढाए, ग्रन्थ लेखाएर छोडे। पछि ती ग्रन्थराशि "बुढो मर्‍यो कुरो सर्‍यो" यो उखान अनुसार अनुभवसिद्ध कुराहरू पनि क्रमशः परम्परावद्ध रूपमा चलेर नै आए। परन्तु प्रतिक्षण बदलिई रहनु प्रकृतिको स्वभाव भए होले र काल (समय) को दूरीले गर्दा धेरै ग्रन्थ नष्ट भ्रष्ट भए तापनि अमरशास्त्र भएको हुनाले पछिका तद्विज्ञ विद्वान्हरूले पुनः संस्कार गरे। प्रचार प्रसार पनि हुन लाग्यो र अहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइने चरक, सुश्रुत, वाग्भट, शार्ङ्गधर, भाव-प्रकाश, माधव-निदान, रत्नसमुच्चय, योगरत्नाकर आदि विशुद्ध आयुर्वेदका ग्रन्थहरू अनेकानेक टीका-टिप्पणी आदिबाट विभूषित हुँदैछन्, उत्तरोत्तर लोकोपकार हुँदैछ र यिनैका आधारमा विभिन्न भाषामा नवीन ग्रन्थहरू पनि तँछाड् मछाड् गरी निस्कदैछन्। वस्तुत अकिञ्चन सहारा यस आयुर्वेदले अकिञ्चन र आयुर्वेदको रहस्य वेत्ता जन-समुदायको प्रतिशत बहुसंख्यामा जीवनदानद्वारा ठूलो उपकार गरीरहेको कुरा स्वावलम्बी विवेकी पुरुषहरूका हृदयका प्रत्येक धड्कनले र प्रति-निःश्वास-प्रश्वासले इशारा गरीरहेको छ।

हाम्रा आयुर्वेदका सबै ग्रन्थले रसायनको ठूलो महत्त्व गाईरहेका-छन् र रसायन औषध मध्ये शिलाजीत पनि उच्चस्तरीय रसायन महौषध हो। रसायनको अर्थ हो-

"यज्जरा-व्याधिविध्वंसि भेषजं तद् रसायनम्"

अर्थात् जसले बुढचाईं र रोग हटाउँछ त्यो औषध हो रसायन।

रस-रक्त-मांस-मेद-अस्थि मज्जा-शुक्र यी सात धातुले बनेको मानव शरीरमा सुवर्ण, लौह आदि सात धातुको प्रयोग अत्यन्त उपयुक्त हुन्छ। विशेष गरेर शरीर शिथिल भएमा सुवर्ण, लौह आदिको प्रयोग आवश्यक हुन आउँछ। अतएव शिलाजीत पनि सुन, चाँदी, तामो, फलामको सार तत्त्व हो र त्यसको प्रयोग पनि उपयुक्त हुन्छ।

शिलाजीतको उत्पत्ति-

सुन, चाँदी, तामो, फलाम खानी भएको पहाडको दुर्गम पहरामा ग्रीष्म ऋतु (जेठ, असार) को सूर्यको कडा प्रकाश पसेपछि पहराको जोर (सन्धि) बाट रसाएर सुनको लाहाजस्तो रंगको चाँदीको सेतो, तामाको मयूरको घाँटीको जस्तो रंगको, फलामको गोकुल धूप जस्तो रंगको खोटो निस्कन्छ; त्यही हो शिलाजीत। यसको संस्कृत नाम 'शिलाजतु' हो। अर्थात्, शिला ढुङ्गाबाट निस्केको जतु खोटो।

स्वभावतः उक्त सबै शिलाजीत गमुतको (गोमूत्रको) गन्ध आउने हुन्छन्। उक्त शिलाजीत मध्ये लौह शिलाजीत उत्तम मानिएको छ। चरक संहिता चिकित्सा स्थानको रसायन पादमा महामुनि पुनर्वसु आत्रेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नु हुन्छ–''सर्वश्रेष्ठः सचायसः।'' अर्थात् सबै शिलाजीतमा लौह शिलाजीत उत्तम छ।

''रसायन प्रयोगेषु पश्चिमस्तु विशिष्यते''

अर्थात् रसायन प्रयोगमा अन्तिम लौह शिलाजीत नै विशिष्ट छ।

इन्जिनका मेशिनहरूको कलपूर्जा कमजोर भएपछि मर्मत गरे झैं रोगले वा बुढ्याईले जर्जरित भएपछि शरीरको पनि आवश्यक मर्मत गर्नुपर्दछ। त्यसबेला लौह आदिको सेवन गरेमा मुटु, कलेजो, फियो, फोक्सो, मिर्गौला आदि सबै अन्तरग बलिया र मजबूत हुन्छन् र हस्तपादादि बहिरंग पनि बलिया र सुन्दर हुन्छन् साथै रक्त संचार पनि सन्तुलित रूपमा हुन्छ। तर लौह आदिको सेवनमा धेरै पथ परहेज चाहिन्छ, लौहको सारतत्त्व शिलाजीतको सेवनमा भने त्यति पथपरहेज आवश्यक पर्दैन, गुण भने लौहको भन्दा विशिष्ट नै हुन्छ।

शिलाजीतको गुणः–

शिलाजतुरसायनं कटुकतिक्तमुष्णं क्रिमि
क्षयोदरभिदश्मरी श्वयथु पाण्डुकण्डूहरम्।
प्रमेहवमिकुष्टजित् कफसमीरदुर्नामहृद्
वलीपलितनानसानपि सकासकृच्छ्रप्रणुत्॥

अर्थात्, शिलाजीत रसायन महौषध हो, पीरो, तीतो र उष्णवीर्य छ। यसले क्रिमि (जुका, चुर्ना आदि, क्षयरोग (टि. बि.), उदररोग (जलोदर आदि), पत्थरी, शोथ, पाण्डु (रगत कम भई सबै शरीर फुस्रो हुने रोग तर छालामा आउने सेतो रोग होइन), लुतो आदि चिलाउने रोग, मधुमेह समेतको २० प्रकारको प्रमेह रोग, बमन कुष्ठरोग. कफरोग वातरोग, अर्श (अल्काई) मूत्रकृच्छ्र, मानसिक रोग, कपाल फुल्ने र शरीरमा चाउरी पर्ने आदि रोगलाई नाश गर्दछ। यस विषयमा चरक संहितामा पुनर्वसु आत्रेयको भनाइ छ—

''नसोऽस्तिरोगो भुविसाध्यरूपः
शिलाह्वयं यन्न जयेत्प्रसह्य''

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्, अन्तिम अवस्थाको कालरूप रोग भए मात्र नत्र पृथ्वीमा शिलाजीतले हटाउन नसक्ने रोगै छैन। भनाइको तात्पर्य हो– फोक्सो, मुटु, कलेजो, मृगौला नै प्रमुख अन्तरंग हुन् यी अङ्ग बलिया हुन्छन् भने वास्तविक कुनै रोग पनि रहन र लाग्न सक्दैनन् । शिलाजीत रसायन हुनाले यसको सेवनबाट सबै अन्तरंग सुदृढ र कार्यक्षम हुने हुँदा अरू रोगले कसरी प्रश्रय पाउन सक्दछन् र ? अत एवं आत्रेयको अन्तरात्मा बोल्दछ र– 'नजयेत् प्रसह्य' भनेर प्रसह्य शब्द प्रयोग गर्नुहुन्छ ।

शिलाजीतको मात्रा

द्विगुञ्जतः समारम्य वसुगुञ्जमितं परम् ।
शिलामयं प्रयुञ्जीत बलकालाद्यपेक्षया ।।

–रसतरङ्गिणी

रोगीको उमेर, अवस्था, शक्ति हेरेर २ रत्तिदेखि ८ रत्तिसम्म रोग अनुसारको अनुपानसंग र रसायनका निमित्त गाईको दूधसंग सेवन गर्नु असल हुन्छ ।

शिलाजीतको सेवन गर्दा गहत खान हुँदैन । ... ... कुलत्थान्-परिवर्जयेत् ।

तेह्यत्यन्तविरूद्धत्वादश्मनो भेदनाः परम् ।।

(गहत र ढुङ्गाको अत्यन्त विरोध भएको हुनाले शिलाजीतको सेवन गर्दा गहन खान हुँदैन) भनेको छ ।

हुन पनि बारूतको आविस्कार नभएसम्म पहरो फोर्नु पर्दा पहरो चर्काएर भकभक पाकेको गहतको पानी खन्याएर फोर्ने प्रचलन थियो। हाम्रो नेपालमा पनि फौज सिङ्ह कर्नेलले धादिङको गल्छीको पहरो फोर्दा गहतबाट काम सिद्ध गरेको इतिहास पनि छ । यसबाट शिलाजीत र गहत-को अत्यन्त विरोध भएको कुरा स्पष्ट हुन आउँछ ।

शुद्ध शिलाजीतको परीक्षा

आगोको भुङग्रोमा हाल्दा धुवाँ न आउने र ठाडो फोका निस्कने भएमा शिलाजीत शुद्ध भएको संझनुपर्दछ । कसै कसैले सिन्काले पानीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाल्दा धागो जस्तो भएर तल गएमा पनि शुद्ध शिलाजीत संझनु पर्दछ भनी बताएका छन् ।

शिलाजीत योगवाह छ र रोग अनुसार यसको यौगिक प्रयोगहरू पनि प्रशस्त पाइन्छन् । अतः हिमशैल माला परिवेष्टित हाम्रो नेपाल अधिराज्यका हिमाली पहराहरूले कठोर तपस्या गरेर पाएको शिलाजीतको बरदान मानवमात्रका लागि उपहारको रूपमा समर्पण गरीरहेका छन् । यो सारा रहस्य बुझेर हामी सबैले स्वतः सिद्ध केवल सामान्य संशोधनबाट मात्र प्रयोग गर्न हुने शिलाजीतको महत्त्व संझेर देशव्यापी प्रयोगात्मक कदम चालेर रोगाक्रान्त वा रसायन गुणार्थी सबैको उपकार गर्न गराउन अनुकूल जिल्लाहरूमा शिलाजीतको निर्माणशाला खोलेर विश्वमा प्राकृत गौरवमय आफ्नो परिचय दिंदै लोकोपकार गर्न भगीरथ प्रयास गर्नुपर्दछ ।

शिलाजीतको शोधन प्रक्रिया

ढुंगा सहित शिलाजीतलाई पानीमा भिजाएर १/२ रात राख्ने अथवा ढुंगो र शिलाजीत छुट्टिएमा त्यसभन्दा चाँडै पनि ढुंगा सहित भिजाएको पानी झोलुङ्गो जस्तो सफा ठूलो कपडामा राखेर झुण्ड्याउने र तर्केर आएको शिलाजीत पानी थाप्न फलामको कराही वा माटाको भिगुट राख्ने । सबै चुहिन धेरै समय लाग्छ । त्यसैले बेला बेलामा चलाउने गरेमा छिटो छानिन्छ । यसरी २/३ पटक छानेर जम्मा भएको पानीमा मिलेको शिलाजीत फलामको भाँडामा राखेर आगोमा पकाउने। पानी सुकेपछि त्रिफला (हर्रो, वर्रो र अमला) को रस वा काढा शिलाजीत डुब्ने गरी राखेर सूर्यको तापमा सुकाउने त्यसपछि फेरि २/३ पटक त्यसैगरी सुकाउने । अनि भृङ्गराजको रसले त्यसैगरी सूर्यको तापमा सुकाउने । यसपछि त्यो प्रक्रिया २/३ पटक पुनः दोहोऱ्याउने ।

त्यसपछि गाईको दुधले पनि भावना गर्ने भनेको छ तर दूधले भावना गर्दा उग्र गन्ध आउने भएको हुनाले भावना नगरी दूधको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुपात गरी खाने गर्नु राम्रो हुन्छ । यसरी बनेको शिलाजीतलाई सूर्य-तापी भन्दछन् ।

सूर्यतापी बनाउन नसकिने पक्षमा त्रिफला (हर्रो, बर्रो र अमला) को रस र भृङ्गराजको रसमा मिलाएर सूर्यको तापमा तताउनुको सट्टा आगोमा तताएर सुकाइन्छ । तर यसरी बनाएको शिलाजीत भन्दा सूर्यतापी शिलाजीत उत्तम हुन्छ र बढी प्रभावकारी पनि हुन्छ । शिवमस्तु ।

आयुर्वेदको दिव्योपदेश:-

नित्यं हिताहारविहारसेवी
समीक्ष्यकारी विषयेष्वशक्तः ।
दातासमः सत्यपरः क्षमावान्,
आप्तोपसेवी च भवत्यरोगः ॥

—आचार्य वाग्भट

अर्थः—

सधैं पथ्य आहार विहार गर्ने, विचार पुऱ्याई कामगर्ने, विषय प्रपञ्चमा नफस्ने, दानी, समदर्शी, शान्त, सत्यको पक्षलिने, क्षमावान् एवं गुरुजनको सेवा गर्ने व्यक्ति निरोगी रहन्छ । अर्थात् जो पथ्य आहार विहारले शारिरीक स्वास्थ्य र सदाचारले मानसिक स्वास्थ्य सन्तुलित राख्दछ, उसलाई रोग लाग्दैन) ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र-संस्कृत-विश्वविद्यालय
र
वाल्मीकि-विद्यापीठ-गतिविधि

पदाधिकारीहरूको परिवर्तन:-

देशमा गतवर्ष २०४६ मा निरङ्कुश पंचायत व्यवस्थाको विरोधमा भएको सफल जन आन्दोलनपछि प्राज्ञिक-प्रशासनिक क्षेत्रमा भएको परिवर्तनको क्रममा २०४७ ज्येष्ठको दोस्रो हप्तामा संस्कृत विश्वविद्यालयका पदाधिकारीहरूमा पनि निम्न अनुसार परिवर्तन भयो:-

उपकुलपति - श्रीकृष्ण आचार्य
शिक्षाध्यक्ष - पुरुषोत्तम भट्टराई
कुलसचिव - माधवराज गौतम

यस अगाडी उपकुलपति श्रीकृष्ण आचार्य र कुल सचिव माधवराज गौतम वाल्मीकि विद्यापीठमा र शिक्षाध्यक्ष पुरुषोत्तम भट्टराई पिण्डेश्वर विद्यापीठ धरानमा अध्यापनरत हुनुहुन्थ्यो ।

संस्कृत छात्रावासमा प्रधानमन्त्रीद्वारा स्मृतिस्तम्भको अनावरण

गत २०४७ साल असार २६ गते प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईले संस्कृत छात्रावास तीनधारामा आयोजित एक भव्य समारोहका बीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत छात्रावासको शतवार्षिकीको उपलक्ष्यमा सोही छात्रावासको हाताभित्र निर्मित स्मृतिस्तम्भको अनावरण गर्नुभयो । सो अवसरमा उहाँले जनतालाई संस्कृततर्फ उन्मुख गराउनु पर्ने राय व्यक्त गर्दै आजको अत्याधुनिक युगमा पनि संस्कृत भाषा उत्तिकै महत्त्वपूर्ण भएकोले संस्कृत पढ्नेहरुलाई परिश्रम र आत्मविश्वासका साथ अध्ययन अनुसन्धानमा लाग्न आह्वान गर्नुभयो ।

आवास तथा भौतिक योजनामन्त्री एवं शतवार्षिकी समारोह समितिका उपाध्यक्ष अच्युतराज रेग्मीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा संस्कृत छात्रवासले बीजको काम गरेको कुरा उल्लेख गर्दै संस्कृत भाषालाई प्रोत्साहित गर्नुपर्ने राय व्यक्त गर्नुभयो । समारोहका सभापति एवं महेन्द्र संस्कृत विश्व विद्यालयका उपकुलपति प्रा० श्रीकृष्ण आचार्यले मुलुकको सामाजिक र राजनैतिक जागरणमा संस्कृत छात्रावासले ठूलो योगदान पुऱ्याएको चर्चा गर्नुभयो ।

शतवार्षिको समारोह समितिका सदस्यसचिव एव वाल्मीकि विद्यापीठका प्राचार्य डा० माधव भट्टराईले सय वर्षभन्दा बढी समयदेखि नेपालको शैक्षिक साहित्यिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा समेत गौरवमय भूमिका निर्वाह गर्दै आएको तीनधारा सस्कृत छात्रावासले भविष्यमा पनि प्रजातन्त्रको संरक्षण र सुदृढीकरणमा महत्त्वपूर्ण योगदान दिने आशा व्यक्त गर्नुभयो ।

समारोहमा शतवार्षिकी समितिका उपाध्यक्ष प्रा० सिद्धिनाथ गौतम, नेपाल प्राध्यापक संघ केन्द्रीय समन्वय समितिका सचिव नरहरि आचार्य, नेपाल प्राध्यापक संघ वाल्मीकि विद्यापीठ एकाइ समितिका सभापति विनोद पन्त, संस्कृत छात्रवासका सुपरीक्षक यज्ञप्रसाद दाहाल, शिक्षक नवराज कट्टेल र वाल्मीकि विद्यापीठ विद्यार्थी युनियनका सभाभति सुमन कट्टेलले संस्कृत शिक्षा र संस्कृत छात्रावासका विविध पक्षबारे आ–आपना विचार प्रकट गर्नुभयो ।

प्रधानमन्त्रीले छात्रकार्य समितिद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा पुरस्कृत हुने क्याम्पस र माध्यमिक विद्यालयतर्फका छात्रहरू क्रमशः मुकुन्द प्रसाद लामिछाने, धनेश्वर नेपाल, श्याम प्रसाद पण्डित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा बद्री अर्याल, घनश्याम खतिवडा र माधव प्रसाद लामिछानेलाई पुरस्कार वितरण गर्नुभयो ।

समारोहमा गृह तथा संचारमन्त्री योगप्रसाद उपाध्याय र शिक्षा तथा संस्कृतिमन्त्री डा०केशरजङ्ग रायमाझी लगायत ठूलो संख्यामा बुद्धिजीवी र समाजसेवीहरू उपस्थित हुनुहुन्थ्यो ।

म. सं. वि. सभाका बैठक:–

२०४७ सालमा मिति २०४७/३/४,२०४७/३/२८ र २०४७/११/३० मा वाल्मीकि विद्यापीठमा बसेको म० सं० वि० सभाको बैठकले प्राज्ञिक उन्नतिका लागि विभिन्न निर्णय गऱ्यो । उक्त तीनै बैठक विश्व विद्यालयका सहकुलपति एवं शिक्षा तथा संस्कृतिमन्त्री डा० केशरजङ्ग रायमाझीको अध्यक्षतामा सम्पन्न भएका थिए ।

हालै विश्वविद्यालयमा बौद्ध दर्शन, पाली– प्राकृत एवं तन्त्र विषयको पठन पाठन संचालित गर्ने निर्णय भएबाट यस क्षेत्रका शिक्षार्थीहरूमा हौसला बढेको अनुभव गरिएको छ । ऐच्छिक विषयमा गणित विषय पनि थप गरिएको छ ।

आचार्य कक्षा विहान संचालन:–

वाल्मीकि विद्यापिठमा यस शैक्षिक वर्षदेखि आचार्य कक्षा विहान चलाउने निर्णय भए अनुसार मिति २०४७।१०।२२ देखि आचार्य प्रथम खण्डका कक्षा बिहानको समयमा संचालन गरिएको छ । दिउँसो अन्य व्यवसायमा संलग्न हुनेहरूलाई समेत संस्कृत उच्च शिक्षा लिने अवसर प्राप्त भएकोमा संस्कृत क्षेत्रमा काम गर्नेहरूले यसलाई सकारात्मक कदम ठहराएका छन्

नयाँ विद्यापीठको स्थापना:–

जनकपुरधामस्थित ज्ञानकूपमा यस वर्ष संस्कृत विश्वविद्यालय अन्तर्गत जनक विद्यापीठको स्थापना गरियो । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले २०४७ पौष १९ गते सो विद्यापीठको उद्घाटन गर्दै संस्कृत भाषा र साहित्यको विकासका लागि प्रचुर मात्रामा प्रोत्साहन दिनु पर्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसलाई अर्थकरी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । स्थानीय हजारी साहुले विद्यापीठ भवन निर्माणार्थ दिनुहुने रू. ५ लाख मध्ये तत्काल उहाँले प्रधानमन्त्रीलाई दिनु भएको रू. २ लाख १,१११।=को चेक प्रधानमन्त्रीले संचालक समितिका अध्यक्ष रामचन्द्र ठाकुरलाई हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा स्थानीय विकासमन्त्री महेन्द्र नारायण निधिले जनकपुरमा संस्कृत कलेजको पुनः स्थापनाबाट यहाँका जनताको अभिलाषापूर्ति भएको विचार व्यक्त गर्नुभयो ।

सो समारोहमा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीकृष्ण आचार्य, समाजसेवीहरू मकेश्वर प्रसाद सिंह र मेघ प्रसाद उपाध्यायका साथै समारोहका सभापति श्री रामचन्द्र ठाकुरले संस्कृत शिक्षाको उपयोगिता र महत्त्वबारे चर्चा गर्नुभयो ।

सो ठाउँमा संचालित याज्ञवल्क्य संस्कृत महाविद्यालय २०३० सालमा उच्च शिक्षातर्फ नयाँ शिक्षा योजना लागु भएपछि मटिहानीस्थित लक्ष्मीनारायण संस्कृत महाविद्यालयमा गाभिएको थियो ।

वाद–विवाद प्रतियोगिताः–

गत भाद्र २३ गते स्व० वी० पी० कोइरालाको ७६ औं जन्मजयन्तीको उपलक्ष्यमा वाल्मीकि विद्यापीठ विद्यार्थी "यूनियनद्वारा छैठौं" वाल्मीकि रनिङ शील्ड उपत्यकाव्यापी अन्तर क्याम्पस वाद–विवाद प्रतियोगिताको आयोजना गरियो ।

"के नेपालको प्रजातान्त्रिक भविष्य सुनिश्चित हुन सक्छ ?" शीर्षकको सो वाद–विवादमा भेष बहादुर गिरी (रत्नराज्यलक्ष्मी क्याम्पस) प्रथम, श्यामप्रसाद पण्डित (वाल्मीकि क्याम्पस) द्वितीय र शम्भु सुवेदी (विश्वभाषा क्याम्पस) तृतीय र अच्युतराज वाग्ले (पाटन संयुक्त क्याम्पस) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो । महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा० श्रीकृष्ण आचार्यले समुद्घाटन र प्राचार्य डा० माधव भट्टराईले सभापतित्व गर्नुभएको सो कार्यक्रममा विद्यार्थी युनियनका सभापति सुमन कट्टेल, नेपाल विद्यार्थी संघका महामन्त्री नवीन्द्रराज जोशी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षक नवराज कट्टेल, विद्यार्थी नवराज लंसाल समेतका वक्ताहरूले प्रतियोगिताका सम्बन्धमा मन्तव्य प्रकट गर्नुभएको थियो ।

कवि-गोष्ठी:-

जननायक स्व०वी०पी० कोइरालाको ७६ औं जन्म-जयन्तीका अवसरमा गत भाद्र महिनामा वाल्मीकि विद्यापीठमा विद्यार्थी युनियनद्वारा उपत्यकाव्यापी अन्तर क्याम्पस कविगोष्ठीको आयोजना गरियो । विद्यार्थी युनियनका सभापति सुमन कट्टेलको स्वागत वक्तव्यबाट आरम्भ गरिएको सो प्रतियोगितात्मक कविगोष्ठीमा कीर्तिपुर क्याम्पसका ध्रुव भट्टराई प्रथम, वाल्मीकि क्याम्पसका धनेश्वर नेपाल द्वितीय र पशुपति क्याम्पसका मिलन गडतौला तृतीय हुनुभयो भने पशुपति क्याम्पसका चिरञ्जीवी पोखरेलले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । म०सं०वि० का उपकुलपति तथा प्राध्यापक डा० कुमारबहादुर जोशीको अतिथित्वमा भएको सो समारोहको सभापतित्व प्राचार्य डा० माधव भट्टराईले गर्नुभएको थियो । कार्यक्रम संचालन नवराज लंसालले गर्नुभएको थियो ।

स्वागत-समारोह:-

गत २०४७ कार्तिक १९ गते वाल्मीकि विद्यापीठमा वाराणसीस्थित संपूर्णानन्द संस्कृत विश्वविद्यालयका उपकुलपति डा० विद्यानिवास मिश्रको संमानमा स्वागत समारोहको आयोजना गरियो । त्यस अवसरमा काठमाडौंका संस्कृत विद्वान्हरू र प्राध्यापकहरूलाई संवोधन गर्दै उपकुलपति डा० मिश्रले भन्नुभयो—"वर्तमान समयमा संस्कृतको ह्रास भएको होइन, यसको पठन-पाठन प्रणालीमा केही शिथिलता देखिएको मात्र हो । विदेशमा संस्कृतप्रति झनै आकर्षण वढेको छ ।"

यसैबीच उपकुलपति डा० विद्यानिवास मिश्र र महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा० श्रीकृष्ण आचार्यले दुई विश्वविद्यालयमा परस्पर सहयोगको आदान प्रदान गर्ने विषयमा सौहार्दपूर्ण छलफल गर्नु भएको थियो । छलफलमा उपकुलपति डा० मिश्रले महेन्द्र संस्कृत विश्वविद्यालयलाई आफ्नो विश्वविद्यालयतर्फबाट संभव भएसम्म प्राज्ञिक सहयोग गर्ने विश्वास दिलाउनु भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमनाथ प्रतिमाको अनावरण:–

गत फाल्गुन १७ गते प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले बाल्मीकि विद्यापीठको प्राङ्गणमा स्थापित वाल्मीकि विद्यापीठ – (तत्कालीन नेपाल राजकीय संस्कृत महाविद्यालय) का प्रथम प्राचार्य पण्डितराज सोमनाथ सिग्द्यालको अर्धकदको ढलौट प्रतिमाको एक समारोहका बीच अनावरण गर्नुभयो। अनावरणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सबै भाषाकी जननी संस्कृत भाषाको विकासमा नै समाजको समुन्नति निर्भर गर्ने भएकोले यसलाई कसरी दिगो पार्ने र जनसाधारणसम्म पुऱ्याउने भन्ने तर्फ ध्यान दिन संस्कृतका विद्वान्हरूसंग आग्रह गर्नुभयो।

सो अवसरमा उद्योग तथा वाणिज्यमन्त्री श्रीमती साहना प्रधान, बडागुरुज्यू प्रा० अम्बिकाप्रसाद अधिकारी, महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीकृष्ण आचार्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा० ईश्वरबराल, वाल्मीकि विद्यापीठका प्राचार्य डा० माधव भट्टराई, सोमनाथ शत बार्षिक समारोह समितिका सदस्यसचिव शिवहरि मरहट्टा, एवं सोही समितिका कोषाध्यक्ष प्रा० विद्यानाथ उपाध्यायले स्व० सोमनाथ सिग्द्यालको योगदान र विशेषताका साथै संस्कृत भाषा र साहित्यका विविध पक्षमाथि प्रकाश पार्नुभएको थियो। शतवार्षिक समारोहसमितिका अध्यक्ष प्रा०चूडानाथ भट्टराईले समारोहको सभापतित्व गर्नुभएको थियो।

शोकसभा:–

संस्कृतका बरिष्ठ विद्वान्हरूको निधनले संस्कृत जगतलाई यसवर्ष ठूलो क्षति पुऱ्यायो। वाल्मीकि विद्यापीठका भूतपूर्व प्राध्यापक विश्वनाथ पोखरेलको २०४७ साल असार २१ गते र विद्यापीठका भू०पू० प्राध्यापक एवं भू०पू० बडागुरुज्यू जुननाथ पण्डितको २०४७ कार्तिक १२ गते निधन भएको थियो।

उक्त दुवै विद्वान्हरूको शोक मनाउन वाल्मीकि विधापीठमा अलग अलग शोकसभाको आयोजना गरियो। सो अवसरमा विभिन्न विद्वान्हरूले उहाँहरूको व्यक्तित्व र योगदानमा पनि प्रकाश पार्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राध्यापक गतिविधिः–

नेपालमा प्रजातन्त्र स्थापनाको लागि बुद्धिजीवीहरूको निर्णायक भूमिका रह्यो। यस सन्दर्भमा प्राध्यापकहरूले जनआन्दोलनताका प्रस्तुत गरेको क्रान्तिकारी चरित्र प्रशंसनीय छ। केन्द्रीय नेपाल प्राध्यापक संघको २०४५ सालको निर्वाचनमा पंचायत पक्षको विजय भएको र जन आन्दोलनमा सहयोग गर्न ती पदाधिकारीहरू पछि हटेको र प्राध्यापकहरूको वर्गीय हितकार्यमा समेत ध्यान नदिएकाले एकाइ समितिका पदाधिकारीहरू र प्रजातन्त्रवादी तथा वामपन्थी केही प्राध्यापकहरू समेत मिली ने० प्रा० सं० लाई आफ्नो कर्तव्यप्रति सचेत गराउने काम सुरू गरियो।

उक्त क्रममा वाल्मीकि विद्यापीठको सभाकक्षमा मिति २०४६।१०।२९ मा उपत्यकाका एकाइ सभापति र सचिवहरू भू०पू० केन्द्रीय अध्यक्ष र महासचिवहरू समेतको एक भेला भयो। यसले देहाय अनुसार नेपाल प्राध्यापक संघ, एकाइ समन्वय समितिको गठन गऱ्यो।

१) संयोजक डा० कमल कृष्ण जोशी (कीर्तिपुर क्याम्पस)
२) सचिव नरहरि आचार्य (,, ,,)
३) सदस्य विदुर पौडेल (वाल्मीकि क्याम्पस)
४) ,, हरिप्रसाद नेपाल (पद्मकन्या क्याम्पस)
५) ,, शम्भु आचार्य (पाटन क्याम्पस)
६) ,, ऋतुप्रसाद गडतौला (महाराजगंज क्याम्पस)

उक्त भेलाले नेपालमा बहुदलीय व्यवस्थाको आवश्यकता दर्शाउँदै प्रस्तावित जनआन्दोलनलाई समर्थन गर्ने निर्णय लियो। स्मरणीय के छ भने वाल्मीकि क्याम्पसमा यस्तो भेला भएकोमा स्थानीय प्रशासनलाई अन्धकारमा राखेको भनी क्याम्पस प्रशासनमाथि आक्षेप लागेको थियो र क्याम्पस प्रमुखले अधिकारीहरू समक्ष मौखिक स्पष्टीकरण समेत दिनु परेको थियो।

उक्त समन्वय समितिको निर्णयानुसार सरस्वती सदनमा भेलासँ कालो पट्टी बाँध्ने र २०४६ फाल्गुण १६ गते कलम बन्द गर्ने कार्यक्रम सफल रह्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०४७।१।१० मा राष्ट्रिय सभागृहमा सम्पन्न प्राध्यापकहरूको वृहत् भेलाले तत्कालीन प्राध्यापकसंघका गोर्खाली समूहका निर्वाचित पदाधिकारीहरूलाई खारेज गर्नुका साथै सबै विश्वविद्यालयमा पदाधिकारीहरूको राजीनामा माग गर्ने लगायत विभिन्न ठोस प्रस्ताव पारित गऱ्यो ।

सोही भेलाको निर्णय बमोजिम २०४७ साल मंसीरमा राष्ट्रिय संमेलन सम्पन्न भयो र २०४७ साल फागुन १० गते ने०प्रा०सं० केन्द्रीय समितिको निर्वाचन भयो । निर्वाचनको नतीजा यस प्रकार रह्यो।—

१) श्रीमती सुप्रभा घिमिरे – अध्यक्ष
२) डा० अरुणकुमार दास – उपाध्यक्ष
३) भीमसेनदास प्रधान – महासचिव
४) भूपति ढकाल 'कमल' – सचिव
५) कान्ता पौडयाल (रिजाल) – कोषाध्यक्ष

केन्द्रीय सदस्यहरू:–

१) अम्वीर पाण्डे
२) चिरञ्जीवी नेपाल
३) रामकुमार यादव
४) रामहरि शर्मा
५) डा० शशी शर्मा
६) सीताराम शरण

क्षेत्रीय प्रतिनिधिहरू:–

१) उमाकान्त झा — पूर्वाञ्चल
२) ऋषिराज उपाध्याय — ,,
३) अमृत लाल रञ्जितकार — मध्यमाञ्चल
४) महेन्द्र संजु — ,,
५) भृगुनाथ सिंह — पश्चिमाञ्चल
६) रत्नजंग कार्की — ,,
७) मोहनजंग शाह — मध्यपश्चिमाञ्चल
८) हरिराज अधिकारी — ,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९) योगेन्द्र नारायण सुदूरपश्चिमाञ्चल
१०) भीमराज जोशी ,,

वाल्मीकि क्याम्पस इकाइ समितिः–

नेपाल प्राध्यापक संघ, वाल्मीकि विद्यापीठ एकाइ समितिको वर्तमान पदाधिकारी र सदस्यहरू यस प्रकार हुनुहुन्छ—

१) विनोद पन्त	सभापति
२) रामचन्द्र गौतम	उपसभापति
३) नीलमणि ढुङ्गाना	सचिव
४) लीलानाथ पौडेल	कोषाध्यक्ष
५) डा० ऋषिराम पोखरेल	सदस्य
६) डा० दुर्गाप्रसाद दवाडी	,,
७) विदुर पौडेल	,,
८) तोयराज नेपाल	,,
९) दुर्गाप्रसाद दाहाल	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्र०का०वा० श्रं०प०द०नं०५।०२५-२६

पूर्णाङ्क-१६

मुद्रकः- बागबजार छापाखाना, ख. २-४८५, इच्छुमती टोल
बागबजार, काठमाडौं-२ फोन नं २-२२१७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu